# विषय सूची


| क्र.सं. | विवरण | पृष्ठ संख्या |
|---|---|---|
| १. | विदुर नगरपालिकाको संक्षिप्त वस्तुगत विवरण | १-२ |
| २. | नगरसभाको १७ औं अधिबेशनको उपस्थिति | ३-१४ |
| ३. | नगर प्रमुख श्री राजन श्रेष्ठज्यूद्वारा १७ औँ नगर सभामा आ.व.२०८२/८३ को लागि पेश गरिएको वार्षिक नीति तथा कार्यक्रम | १५-३३ |
| ४ | विदुर नगरपालिका उपप्रमुख श्री प्रभा बोगटीज्यूद्वार १७ औँ नगरसभामा पेश गरिएको बजेट वक्तव्य | ३४-३६ |
| ५. | विदुर नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८२ | ३७-७३ |
| ६. | विदुर नगरपालिकाको आर्थिक बर्ष २०८२ / ८३ को लागि संचित कोषबाट रकम खर्च गर्ने र बिनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको बिनियोजन ऐन, २०८२ | ७४-७५ |
| ७. | विदुर नगरपालिकाको १७ औँ नगरसभाबाट पारित निर्णयहरु | ७६-८५ |
| ८. | आय व्यय विवरण | ८६-९० |
| ९. | अ.व. २०८२/८३ को लागि नगरसभाबाट पारित भएको योजना तथा कार्यक्रम | ९१- १८५ |
| १०. | दिगो विकास लक्ष्य संकेतको आधारमा विनियोजित रकम | १८६-१८८ |
| ११. | नगर प्रमुखबाट प्रमुख प्रशासकीय अधिकृतलाई दिएको बजेट खर्च गर्ने अख्तियारी | १८९ |
| १२. | योजना तथा कार्यक्रम तर्जुमाको आधार र प्राथमिकता | १९० |
| १३. | विदुर नगरपालिकाको आ व २०८२।८३ को वार्षिक योजना तथा कार्यक्रम कार्यान्वयन कार्यतालिका | १९१ |
| १४. | विदुर नगरपालिकाका निर्वाचित पदाधिकारी (स्थानिय निर्वाचन, २०७९ को नामावली) | १९२-१९४ |
| १५. | विदुर नगरपालिकामा कार्यरत कर्मचारीको नाम र सम्पर्क नम्बर | १९५-१९७ |
| १५.१ | विदुर नगरपालिका अन्तरगत वडाकार्यालयमा कार्यरत कर्मचारीहरुको नाम र सम्पर्क नम्बर | १९८-१९९ |
| १५.२ | विदुर नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारीहरुको विवरण | २००-२०१ |

# १.विदुर नगरपालिकाको संक्षिप्त वस्तुगत विवरण

काठमाडौंबाट टोखा–छहरे- त्रिशुली ५० कि.मी., ककनी - त्रिशुली ६९ कि.मी. र काठमाडौं- गल्छी-त्रिशुली ८० कि.मी सडक सञ्जालको दुरीमा जोडिएको विदुर न.पा. नुवाकोट जिल्लाको सदरमुकाममा रहेको पालिका हो। नुवाकोट जिल्लाको सदरमुकाम विदुरको नामबाट परिचित यस नगरपालिका नेपालको संविधान, २०७२ भाग ५ मा व्यवस्था भए अनूसार राज्यको पुनसंरचना गर्ने क्रममा नयाँ स्थानीय तहको रुपमा घोषणा भई नेपाल राजपत्रमा मिति २०७३।११।२७ मा प्रकाशित सूचनाबाट सञ्चालनमा आएको हो । १३०.०१ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको यस नगरपालिका समथर मैदान तथा पहाडी डाँडाकाँडा मिलेर बनेको छ । यस नगरपालिकाको प्रमुख बजार केन्द्रहरुमा विदुर, बट्टार, त्रिशुली, गंगटे, हात्तिगौडा, ढुंगे, वेत्रावती, अक्करे, राईसिङ्ग, नुवाकोट दरबार क्षेत्र, देवीघाट, वगुवा र कोलोनी आदि रहेका छन् । ठोरी - गल्छी- विदुर हुँदै त्रिशुली - मैलुङ-स्याफ्रुबेशी - रसुवागढी त्रिदेशीय सडक मार्गले भारत, नेपाल र चिनको केरुङसम्मको पहुँचलाई स्थापित गराएको छ भने सिन्धुपाल्चोक - चिसापानी - छहरे ढिकुरे हुँदै विदुर नगरपालिकादेखि धादिङसम्मको पुष्पलाल मध्यपहाडी लोकमार्गले छिमेकी जिल्लासँग स्थलमार्गको पहुँचलाई सुविधाजनक बनाएको छ । अधिकांश टार र खोलाको किनारमा बस्तीहरु रहेको यस नगरपालिका ऊर्जा क्षेत्रमा समेत धनी छ । कुल २४ मेगावाटको त्रिशुली जलविद्युत आयोजना र १४ मेघावाटको देवीघाट जलबिद्युत आयोजनाले पनि यस नगरपालिकालाई विद्युत ऊर्जाको सुविधा प्रदान गरेको छ । त्यस्तै कुल २५ मेघावाट क्षमताको बैकल्पिक सोलार प्लान्टबाट उत्पादित ऊर्जा पनि राष्ट्रिय ग्रिडमा जोडिई सेवा प्रदान भई रहेको छ । १३ वटा वडामा विभाजित यस नगरपालिकाको २०४२ सालमा कायम रहेको क्षेत्रफलमा साबिक गेर्खु, चारघरे, तुप्चे, कल्याणपुर र खड्गभञ्याङ गा.वि.स.का वडा नं. ४ देखि ९ सम्मको भू-भाग गाभिएर पुनर्संरचना भएको हो । पूर्वमा सूर्यगढी र लिखु, पश्चिममा म्यागङ्ग र तारकेश्वर गाउँपालिका, उत्तरमा किस्पाङ गाउँपालिका र रसुवा जिल्ला र दक्षिणमा बेलकोटगढी नगरपालिकाको बिचमा अवस्थित यस विदुर नगरपालिका सम्बन्धी अन्य तथ्यांकिय झलक निम्नानुसार रहेको छ।

## १.१. भौगोलिक तथा प्रशासनिक परिचय

| | |
|---|---|
| स्थापनाः | वि.सं. २०४२ |
| क्षेत्रफलः | १३०.०१ बर्ग कि.मी. |
| उचाइः | ४७०-११५४ मि. |
| मौसमः | समशीतोष्ण |
| कुल जनसंख्याः | ५९,२२७ |
| घरधुरी संख्याः | १५,२३४ |
| जनघनत्वः | ४०८ प्रति वर्ग कि.मी. |
| जिल्ला सदरमुकामः | विदुर |
| कुल वडा संख्याः | १३ |



## वडागत क्षेत्रफल

| वडा नं. | समाबेश भएका साविक गा.वि.स./ न.पा. | जनसंख्या | क्षेत्रफल (बर्ग कि.मी.) |
|---|---|---|---|
| १. | विदुर १,१०,११ | २,८८५ | ४.६९ |
| २. | विदुर २,३ | ५,१५६ | ८.४४ |
| ३. | खड्गभङ्ग्याङ् ४ -९ | ४,८१५ | १२.५६ |
| ४. | विदुर ४ | ६,८६९ | १.९२ |
| ५. | विदुर ५,७ | ६,१०६ | ७.४४ |
| ६. | विदुर ६ र चारघरे १,२ | ३,९१७ | ५.९८ |
| ७. | तुप्चे १,२,३,४,५,७ | ४,०२७ | १३.४६ |
| ८. | विदुर ८ र तुप्चे ६,८ | ३,८०७ | ७.९१ |
| ९. | विदुर ९ र तुप्चे ९ | ७,३३४ | ६.१६ |
| १०. | गेर्खु ३,४,७,९ | ३,३९२ | १३.५८ |
| ११. | गेर्खु १,२,५,६,८ | २,२०६ | ९.०३ |
| १२. | चारघरे २-९ | ३,५९० | १४.८४ |
| १३. | कल्याणपुर १-९ | ५,०८३ | २४ |
| **जम्मा** | | **५९,२२७** | **१३०.०१** |

### ३. भू-उपयोगको स्थिती

| सि. नं. | भूमिको प्रकार | क्षेत्रफल वर्गकिलोमिटर | प्रतिशत |
|---|---|---|---|
| १. | कृषि क्षेत्र | ७९.५७ | ६१.२० |
| २. | घाँसे मैदान क्षेत्र | ३४.५९ | २६.६१ |
| ३. | वन क्षेत्र | ११.४० | ८.७७ |
| ४. | बलौटे क्षेत्र | २.०८ | १.६० |
| ५. | नदी क्षेत्र | १.८३ | १.४१ |
| ६. | अन्य | ०.५४ | ०.४२ |
| | जम्मा | १३०.०१ | १०० |




### ४. जनसांख्यिकीय विवरण

(श्रोत:- राष्ट्रिय जनगणना वि.सं. २०७८)

- घरसंख्या : १५,२३४ प्रतिशत
- जनसंख्या : ५९,२२७ प्रतिशत
  - पुरुष : २८,४४९
  - महिला : ३०,७७८

### ५. साक्षरता मानक

(श्रोत :- राष्ट्रिय जनगणना वि.सं.२०७८)

कुल साक्षरता प्रतिशत : ७७.१ प्रतिशत

महिला साक्षरता : ६९.४ प्रतिशत

पुरुष साक्षरता : ८५.६ प्रतिशत

## २.नगरसभाको १७ औं अधिबेशनको उपस्थिति

आज मिति २०८२ असार ०९ गते सोमवारका दिन विदुर नगरपालिकाका नगर प्रमुख एवं सभा अध्यक्ष श्री राजन श्रेष्ठज्यूको अध्यक्षतामा विदुर नगरपालिकाको नगर सभाको १७औं अधिवेशन निम्न नगर सभा सदस्यहरुको उपस्थितिमा बसियो ।

| सि.नं. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री राजन श्रेष्ठ | नगर प्रमुख/सभा अध्यक्ष | | |
| २ | श्री प्रभा बोगटी | नगर उप-प्रमुख | | |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | विदुर न.पा. १ | |
| ४ | श्री दिपक क्षयस्थ | वडा अध्यक्ष | विदुर न.पा. २ | |
| ५ | श्री बद्री प्रसाद रिमाल | वडा अध्यक्ष | विदुर न.पा. ३ | |
| ६ | श्री निलम बाबु हुमेल | वडा अध्यक्ष | विदुर न.पा. ४ | |
| ७ | श्री लिलानाथ न्यौपाने | वडा अध्यक्ष | विदुर न.पा. ५ | |
| ८ | श्री श्याम कृष्ण चालिसे | वडा अध्यक्ष | विदुर न.पा. ६ | |
| ९ | श्री रविन्द्र नेपाल | वडा अध्यक्ष | विदुर न.पा. ७ | |
| १० | श्री कमल श्रेष्ठ | वडा अध्यक्ष | विदुर न.पा. ८ | |
| ११ | श्री हरिराम भण्डारी | वडा अध्यक्ष | विदुर न.पा. ९ | |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | विदुर न.पा. १० | |
| १३ | श्री बाबुराम तमाङ | वडा अध्यक्ष | विदुर न.पा. ११ | |
| १४ | श्री उपिन्द्र खड्का | वडा अध्यक्ष | विदुर न.पा. १२ | |
| १५ | श्री भरत बहादुर तमाङ | वडा अध्यक्ष | विदुर न.पा. १३ | |
| १६ | श्री सबु मिजार | कार्यपालिका सदस्य | विदुर न.पा. २ | |
| १७ | श्री सावित्री राई | कार्यपालिका सदस्य | विदुर न.पा. ३ | |
| १८ | श्री दिपक कुमाल | कार्यपालिका सदस्य | विदुर न.पा. ५ | |
| १९ | श्री शिव बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | विदुर न.पा. ७ | |

| सि.नं. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| २० | श्री इन्दिरा मिजार | कार्यपालिका सदस्य | विदुर न.पा. ८ | |
| २१ | श्री सिताराम मिजार | कार्यपालिका सदस्य | विदुर न.पा. ९ | |
| २२ | श्री राधिका तमाङ | कार्यपालिका सदस्य | विदुर न.पा. १० | |
| २३ | श्री विन्द्य तिम्सिना (आचार्य) | कार्यपालिका सदस्य | विदुर न.पा. ११ | |
| २४ | श्री भगवती राजभण्डारी | सदस्य | विदुर न.पा. १ | भगवती |
| २५ | श्री विष्णुमाया सुनार | सदस्य | विदुर न.पा. १ | |
| २६ | श्री निजेश श्रेष्ठ | सदस्य | विदुर न.पा. १ | |
| २७ | श्री रामगोपाल श्रेष्ठ | सदस्य | विदुर न.पा. १ | |
| २८ | श्री गिता तिमल्सिना | सदस्य | विदुर न.पा. २ | |
| २९ | श्री आनन्दलाल श्रेष्ठ | सदस्य | विदुर न.पा. २ | |
| ३० | श्री रन्जन कुमार थापामगर | सदस्य | विदुर न.पा. २ | |
| ३१ | श्री पानमाया विश्वकर्मा | सदस्य | विदुर न.पा. ३ | |
| ३२ | श्री इन्द्र प्रसाद अधिकारी | सदस्य | विदुर न.पा. ३ | |
| ३३ | श्री तारानाथ अर्याल | सदस्य | विदुर न.पा. ३ | |
| ३४ | श्री सुनिता कुमाल | सदस्य | विदुर न.पा. ४ | |
| ३५ | श्री राममाया मिजार | सदस्य | विदुर न.पा. ४ | |
| ३६ | श्री छविलाल ओझा | सदस्य | विदुर न.पा. ४ | |
| ३७ | श्री शिव कुमार लामा | सदस्य | विदुर न.पा. ४ | |
| ३८ | श्री कुमारी नेपाली | सदस्य | विदुर न.पा. ५ | |
| ३९ | श्री विनोद चित्रकार | सदस्य | विदुर न.पा. ५ | |
| ४० | श्री होम बहादुर कुमाल | सदस्य | विदुर न.पा. ५ | |

| सि.नं. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| ४१ | श्री झानु राई | सदस्य | विदुर न.पा. ६ | |
| ४२ | श्री कल्पना वि.क. | सदस्य | विदुर न.पा. ६ | |
| ४३ | श्री रामचन्द्र पौडेल | सदस्य | विदुर न.पा. ६ | |
| ४४ | श्री रुपक कुमाल | सदस्य | विदुर न.पा. ६ | |
| ४५ | श्री इन्द्र कुमारी कार्की | सदस्य | विदुर न.पा. ७ | इन्द्र |
| ४६ | श्री विमला सुनार | सदस्य | विदुर न.पा. ७ | विमला |
| ४७ | श्री पञ्चलाल तमाङ | सदस्य | विदुर न.पा. ७ | |
| ४८ | श्री नोमान तमाङ | सदस्य | विदुर न.पा. ७ | |
| ४९ | श्री देव कुमारी खड्का | सदस्य | विदुर न.पा. ८ | देवकुमारी |
| ५० | श्री जयराम खड्का | सदस्य | विदुर न.पा. ८ | |
| ५१ | श्री श्रीकृष्ण रिजाल | सदस्य | विदुर न.पा. ८ | |
| ५२ | श्री सिता बोगटी | सदस्य | विदुर न.पा. ९ | |
| ५३ | श्री राजकुमार श्रेष्ठ | सदस्य | विदुर न.पा. ९ | |
| ५४ | श्री राजेन्द्र श्रेष्ठ | सदस्य | विदुर न.पा. ९ | |
| ५५ | श्री कुमारी वि.क | सदस्य | विदुर न.पा. १० | |
| ५६ | श्री प्रेम बहादुर घले | सदस्य | विदुर न.पा. १० | |
| ५७ | श्री मंगले बहादुर तामाङ | सदस्य | विदुर न.पा. १० | |
| ५८ | श्री कमला मिजार | सदस्य | विदुर न.पा. ११ | |
| ५९ | श्री रेवती प्रसाद चालिसे | सदस्य | विदुर न.पा. ११ | |
| ६० | श्री नवराज तामाङ | सदस्य | विदुर न.पा. ११ | |
| ६१ | श्री निर्मला नेपाल रिमाल | सदस्य | विदुर न.पा. १२ | Nirmala |

| सि.नं. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| ६२ | श्री सिता मिजार | सदस्य | विदुर न.पा. १२ | |
| ६३ | श्री भंक प्रसाद भट्ट | सदस्य | विदुर न.पा. १२ | |
| ६४ | श्री मनमाया तमाङ | सदस्य | विदुर न.पा. १३ | |
| ६५ | श्री कल्पना वि.क. | सदस्य | विदुर न.पा. १३ | |
| ६६ | श्री नरसिंह दल तमाङ | सदस्य | विदुर न.पा. १३ | |
| ६७ | श्री सुभाकर पौडेल | सदस्य सचिव | विदुर नगरपालिका | |

१७औं नगरसभाको प्रथम बैठकको निर्णय:

बागमती प्रदेश सभाबाट स्वीकृत गाउँ/नगर/जिल्ला सभा संचालन (कार्यविधि) ऐन २०७५, को दफा ५ उपदफा १ मा नगरसभा संचालन हुन तत्काल कायम रहेका सदस्य संख्याको ५० प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा सभाको लागि गणपुरक संख्या पुगेको मानिनेछ भन्ने व्यवस्था रहेको छ । उक्त व्यवस्था बमोजिम आजको नगरसभामा तत्काल कायम रहेको ६६ सदस्य संख्यामा २७ जना उपस्थित रहेको र उक्त संख्या ५० प्रतिशत भन्दा बढी देखिन नआएकोले सोही ऐनको दफा ५ उपदफा (२) बमोजिम मिति २०८२।०३।११ गते बुधवार दिउंसो ११:०० बजे सुखद पाहुना घर विदुरमा १७औं नगरसभाको दोश्रो बैठक बस्ने गरी आजको बैठक स्थगित गरिएको छ ।

मिति २०८२ असार ०९ गते सोमवारका दिन आव्हान गरिएको १७औं नगरसभाको प्रथम अधिवेशन गणपुरक संख्या नपुगेको कारण स्थगित गरिएको र गाउँ/नगर/जिल्ला सभा सञ्चालन ऐन,२०७५ को दफा ५ को उपदफा २ अनुसार विदुर नगरपालिकाका नगर प्रमुख एवं सभा अध्यक्ष श्री राजन श्रेष्ठज्यूको अध्यक्षतामा नगरसभाको १७औं अधिवेशनको दोश्रो बैठक मिति २०८२ असार ११ गते बुधवारका दिन निम्न नगर सभा सदस्यहरुको उपस्थितिमा बसियो ।

| सि.नं. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री राजन श्रेष्ठ | नगर प्रमुख/सभा अध्यक्ष | | |
| २ | श्री प्रभा बोगटी | नगर उप-प्रमुख | | |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | विदुर न.पा. १ | |
| ४ | श्री दिपक कायस्थ | वडा अध्यक्ष | विदुर न.पा. २ | |
| ५ | श्री बद्री प्रसाद रिमाल | वडा अध्यक्ष | विदुर न.पा. ३ | |
| ६ | श्री निलम बाबु ढुंगेल | वडा अध्यक्ष | विदुर न.पा. ४ | |
| ७ | श्री लिलानाथ न्यौपाने | वडा अध्यक्ष | विदुर न.पा. ५ | |
| ८ | श्री श्याम कृष्ण चालिसे | वडा अध्यक्ष | विदुर न.पा. ६ | |
| ९ | श्री रविन्द्र नेपाल | वडा अध्यक्ष | विदुर न.पा. ७ | |
| १० | श्री कमल श्रेष्ठ | वडा अध्यक्ष | विदुर न.पा. ८ | |
| ११ | श्री हरिराम भण्डारी | वडा अध्यक्ष | विदुर न.पा. ९ | |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | विदुर न.पा. १० | |
| १३ | श्री बाबुराम तमाङ | वडा अध्यक्ष | विदुर न.पा. ११ | |
| १४ | श्री उपिन्द्र खड्का | वडा अध्यक्ष | विदुर न.पा. १२ | |
| १५ | श्री भरत बहादुर तमाङ | वडा अध्यक्ष | विदुर न.पा. १३ | |
| १६ | श्री सबु मिजार | कार्यपालिका सदस्य | विदुर न.पा. २ | |
| १७ | श्री सावित्री राई | कार्यपालिका सदस्य | विदुर न.पा. ३ | |
| १८ | श्री दिपक कुमाल | कार्यपालिका सदस्य | विदुर न.पा. ५ | |

| सि.नं. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १९ | श्री शिव बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | विदुर न.पा. ७ | |
| २० | श्री इन्दिरा मिजार | कार्यपालिका सदस्य | विदुर न.पा. ८ | |
| २१ | श्री सिताराम मिजार | कार्यपालिका सदस्य | विदुर न.पा. ९ | |
| २२ | श्री राधिका तमाङ | कार्यपालिका सदस्य | विदुर न.पा. १० | |
| २३ | श्री विन्द्य तिम्सिना (आचार्य) | कार्यपालिका सदस्य | विदुर न.पा. ११ | |
| २४ | श्री भगवती राजभण्डारी | सदस्य | विदुर न.पा. १ | |
| २५ | श्री विष्णुमाया सुनार | सदस्य | विदुर न.पा. १ | |
| २६ | श्री निजेश श्रेष्ठ | सदस्य | विदुर न.पा. १ | |
| २७ | श्री रामगोपाल श्रेष्ठ | सदस्य | विदुर न.पा. १ | |
| २८ | श्री गिता तिमल्सिना | सदस्य | विदुर न.पा. २ | |
| २९ | श्री आनन्दलाल श्रेष्ठ | सदस्य | विदुर न.पा. २ | |
| ३० | श्री रन्जन कुमार थापामगर | सदस्य | विदुर न.पा. २ | |
| ३१ | श्री पानमाया विश्वकर्मा | सदस्य | विदुर न.पा. ३ | |
| ३२ | श्री इन्द्र प्रसाद अधिकारी | सदस्य | विदुर न.पा. ३ | |
| ३३ | श्री तारानाथ अर्याल | सदस्य | विदुर न.पा. ३ | |
| ३४ | श्री सुनिता कुमाल | सदस्य | विदुर न.पा. ४ | |
| ३५ | श्री राममाया मिजार | सदस्य | विदुर न.पा. ४ | |
| ३६ | श्री छविलाल ओझा | सदस्य | विदुर न.पा. ४ | |
| ३७ | श्री शिव कुमार लामा | सदस्य | विदुर न.पा. ४ | |
| ३८ | श्री कुमारी नेपाली | सदस्य | विदुर न.पा. ५ | |
| ३९ | श्री विनोद चित्रकार | सदस्य | विदुर न.पा. ५ | |

| सि.नं. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| ४० | श्री होम बहादुर कुमाल | सदस्य | विदुर न.पा. ५ | |
| ४१ | श्री ज्ञानु राई | सदस्य | विदुर न.पा. ६ | |
| ४२ | श्री कल्पना वि.क. | सदस्य | विदुर न.पा. ६ | कल्पना |
| ४३ | श्री रामचन्द्र पौडेल | सदस्य | विदुर न.पा. ६ | |
| ४४ | श्री रुपक कुमाल | सदस्य | विदुर न.पा. ६ | |
| ४५ | श्री इन्द्र कुमारी कार्की | सदस्य | विदुर न.पा. ७ | इन्द्र |
| ४६ | श्री विमला सुनार | सदस्य | विदुर न.पा. ७ | विमला |
| ४७ | श्री पञ्चलाल तमाङ | सदस्य | विदुर न.पा. ७ | |
| ४८ | श्री नोमान तमाङ | सदस्य | विदुर न.पा. ७ | |
| ४९ | श्री देव कुमारी खड्का | सदस्य | विदुर न.पा. ८ | देवकुमारी |
| ५० | श्री जयराम खड्का | सदस्य | विदुर न.पा. ८ | |
| ५१ | श्री श्रीकृष्ण रिजाल | सदस्य | विदुर न.पा. ८ | |
| ५२ | श्री सिता बोगटी | सदस्य | विदुर न.पा. ९ | |
| ५३ | श्री राजकुमार श्रेष्ठ | सदस्य | विदुर न.पा. ९ | |
| ५४ | श्री राजेन्द्र श्रेष्ठ | सदस्य | विदुर न.पा. ९ | |
| ५५ | श्री कुमारी वि.क | सदस्य | विदुर न.पा. १० | |
| ५६ | श्री प्रेम बहादुर घले | सदस्य | विदुर न.पा. १० | |
| ५७ | श्री मंगले बहादुर तामाङ | सदस्य | विदुर न.पा. १० | |
| ५८ | श्री कमला मिजार | सदस्य | विदुर न.पा. ११ | कमला |
| ५९ | श्री रेवती प्रसाद चालिसे | सदस्य | विदुर न.पा. ११ | |
| ६० | श्री नवराज तामाङ | सदस्य | विदुर न.पा. ११ | |

| सि.नं. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| ६१ | श्री निर्मला नेपाल रिमाल | सदस्य | विदुर न.पा. १२ | Nirmala |
| ६२ | श्री सिता मिजार | सदस्य | विदुर न.पा. १२ | |
| ६३ | श्री झंक प्रसाद भट्ट | सदस्य | विदुर न.पा. १२ | |
| ६४ | श्री मनमाया तमाङ | सदस्य | विदुर न.पा. १३ | |
| ६५ | श्री कल्पना वि.क. | सदस्य | विदुर न.पा. १३ | |
| ६६ | श्री नरसिंह दल तमाङ | सदस्य | विदुर न.पा. १३ | |
| ६७ | श्री सुभाकर पौडेल | सदस्य सचिव | विदुर नगरपालिका | |

## १७औं नगरसभाको दोश्रो बैठकको निर्णयः

सभाका अध्यक्ष तथा नगर प्रमुख श्री राजन श्रेष्ठज्यूले आर्थिक वर्ष ०८२/०८३ को नीति तथा कार्यक्रम सभामा प्रस्तुत गरी छलफल पश्चात नीति तथा कार्यक्रम स्वीकृत गरी १७औं नगरसभाको तेश्रो बैठक मिति २०८२ आषाढ २० गते ११:०० बजे विदुर नगरपालिकाको सभा हलमा बस्ने गरी स्थगित गर्ने निर्णय गरियो ।

विदुर नगरपालिकाका नगर प्रमुख एवं सभा अध्यक्ष श्री राजन श्रेष्ठज्यूको अध्यक्षतामा नगरसभाको १७औं अधिवेशनको तेश्रो बैठक मिति २०८२ असार २० गते शुक्रवारका दिन निम्न नगरसभा सदस्यज्यूहरुको उपस्थितिमा वसियो ।

| सि.नं. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री राजन श्रेष्ठ | नगर प्रमुख/सभा अध्यक्ष | | |
| २ | श्री प्रभा बोगटी | नगर उप-प्रमुख | | |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | विदुर न.पा. १ | |
| ४ | श्री दिपक कायस्थ | वडा अध्यक्ष | विदुर न.पा. २ | |
| ५ | श्री बद्री प्रसाद रिमाल | वडा अध्यक्ष | विदुर न.पा. ३ | |
| ६ | श्री निलम बाबु ढुंगेल | वडा अध्यक्ष | विदुर न.पा. ४ | |
| ७ | श्री लिलानाथ न्यौपाने | वडा अध्यक्ष | विदुर न.पा. ५ | |
| ८ | श्री श्याम कृष्ण चालिसे | वडा अध्यक्ष | विदुर न.पा. ६ | |
| ९ | श्री रविन्द्र नेपाल | वडा अध्यक्ष | विदुर न.पा. ७ | |
| १० | श्री कमल श्रेष्ठ | वडा अध्यक्ष | विदुर न.पा. ८ | |
| ११ | श्री हरिराम भण्डारी | वडा अध्यक्ष | विदुर न.पा. ९ | |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | विदुर न.पा. १० | |
| १३ | श्री बाबुराम तमाङ | वडा अध्यक्ष | विदुर न.पा. ११ | |
| १४ | श्री उपिन्द्र खड्का | वडा अध्यक्ष | विदुर न.पा. १२ | |
| १५ | श्री भरत बहादुर तमाङ | वडा अध्यक्ष | विदुर न.पा. १३ | |
| १६ | श्री सबु मिजार | कार्यपालिका सदस्य | विदुर न.पा. २ | |
| १७ | श्री सावित्री राई | कार्यपालिका सदस्य | विदुर न.पा. ३ | |
| १८ | श्री दिपक कुमाल | कार्यपालिका सदस्य | विदुर न.पा. ५ | |
| १९ | श्री शिव बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | विदुर न.पा. ७ | |

| सि.नं. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| २० | श्री इन्दिरा मिजार | कार्यपालिका सदस्य | विदुर न.पा. ८ | |
| २१ | श्री रिताराम मिजार | कार्यपालिका सदस्य | विदुर न.पा. ९ | |
| २२ | श्री राधिका तमाङ | कार्यपालिका सदस्य | विदुर न.पा. १० | |
| २३ | श्री विन्दा तिम्सिना (आचार्य) | कार्यपालिका सदस्य | विदुर न.पा. ११ | |
| २४ | श्री भगवती राजभण्डारी | सदस्य | विदुर न.पा. १ | |
| २५ | श्री विष्णुमाया सुनार | सदस्य | विदुर न.पा. १ | |
| २६ | श्री निजेश श्रेष्ठ | सदस्य | विदुर न.पा. १ | |
| २७ | श्री रामगोपाल श्रेष्ठ | सदस्य | विदुर न.पा. १ | |
| २८ | श्री गिता तिमल्सिना | सदस्य | विदुर न.पा. २ | |
| २९ | श्री आनन्दलाल श्रेष्ठ | सदस्य | विदुर न.पा. २ | |
| ३० | श्री रन्जन कुमार थापामगर | सदस्य | विदुर न.पा. २ | |
| ३१ | श्री पानमाया विश्वकर्मा | सदस्य | विदुर न.पा. ३ | |
| ३२ | श्री इन्द्र प्रसाद अधिकारी | सदस्य | विदुर न.पा. ३ | |
| ३३ | श्री तारानाथ अर्याल | सदस्य | विदुर न.पा. ३ | |
| ३४ | श्री सुनिता कुमाल | सदस्य | विदुर न.पा. ४ | |
| ३५ | श्री राममाया मिजार | सदस्य | विदुर न.पा. ४ | |
| ३६ | श्री छविलाल ओझा | सदस्य | विदुर न.पा. ४ | |
| ३७ | श्री शिव कुमार लामा | सदस्य | विदुर न.पा. ४ | |
| ३८ | श्री कुमारी नेपाली | सदस्य | विदुर न.पा. ५ | |
| ३९ | श्री विनोद चित्रकार | सदस्य | विदुर न.पा. ५ | |
| ४० | श्री होम बहादुर कुमाल | सदस्य | विदुर न.पा. ५ | |

| सि.नं. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| ६२ | श्री सिता मिजार | सदस्य | विदुर न.पा. १२ | |
| ६३ | श्री भंक प्रसाद भट्ट | सदस्य | विदुर न.पा. १२ | |
| ६४ | श्री मनमाया तमाङ | सदस्य | विदुर न.पा. १३ | |
| ६५ | श्री कल्पना वि.क. | सदस्य | विदुर न.पा. १३ | |
| ६६ | श्री नरसिंह दल तमाङ | सदस्य | विदुर न.पा. १३ | |
| ६७ | श्री सुभाकर पौडेल | सदस्य सचिव | विदुर नगरपालिका | |

## ३.नगर प्रमुख श्री राजन श्रेष्ठज्यूद्वारा १७ औं नगरसभामा आ.व.२०८२/८३ को लागि पेश गरिएको वार्षिक नीति तथा कार्यक्रम

आज हामी हाम्रो विदुर नगरपालिकाको १७औं नगरसभामा उपस्थित भएका छौ । यस सभामा उपस्थित नगर उपप्रमुखज्यू, कार्यपालिका सदस्यज्यू एवं नगरसभाका सदस्यज्यू,नगर सभाका सचिवज्यू, उपस्थित सम्पुर्ण कर्मचारी मित्रहरु, पत्रकार साथीहरु तथा हाम्रो निमन्त्रणालाई सहर्ष स्वीकार गरी यस सभामा उपस्थित सम्पुर्ण महानुभावहरु।

संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाका लागि विभिन्न कालखण्डमा भएका आन्दोलनहरूमा पहिचान र अधिकार प्राप्तिको लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात वीर शहीदहरूप्रति म हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, आन्दोलनका क्रममा घाइते हुनुभएका सम्पूर्ण व्यक्तिहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु। नेपालको एकीकरणदेखि आजसम्म नेपाललाई एक स्वतन्त्र, स्वाधीन र अटल राष्ट्रको रूपमा कायम राख्न योगदान गर्ने र राष्ट्रियता, लोकतन्त्र र आमजनताको जनजीविकामा सुधारको लागि कठोर संघर्ष गर्ने हाम्रा वीर पुर्खा र अग्रजहरूलाई म उच्च सम्मानका साथ स्मरण गर्दछु। लोकतन्त्रका आधारभूत मूल्य मान्यतामार्फत दिगो विकास, सुशासन, समृद्धि र स्वच्छ वातावरणयुक्त नगर निर्माण गर्ने उद्देश्यले, विभिन्न सरोकारवाला तथा नगरवासीहरूको अमूल्य सुझावलाई समेटेर तयार पारिएको विदुर नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय नगरसभामा प्रस्तुत गर्न पाउँदा म अत्यन्त हर्षित भएको छु।

नेपाली नागरिकको अथक मेहनत र गौरवपूर्ण बलिदानीबाट प्राप्त संविधान अनुसार, सार्वभौम जनताको लोकतान्त्रिक चयन मार्फत गठन भएको यस नगरसभा, नगरवासीहरूको आधारभूत हक र अधिकारप्रति पूर्णतः सचेत रहँदै, समग्र नगर विकासका लागि नगर कार्यपालिका र नगरसभा सदस्यहरूको समन्वय एवं सहमतिमा मन, वचन र कर्मले समर्पित भई काम गर्ने प्रतिवद्धता म सम्पूर्ण नगरवासी समक्ष व्यक्त गर्न चाहन्छु। साथै विकास निर्माण तथा नागरिक जीवनसँग प्रत्यक्ष सरोकार भएका हरेक क्षेत्रमा नगरसभा सदस्यहरू, राजनीतिक दलहरू, सरोकारवाला निकायहरू र नागरिक समाजबाट निरन्तर सहकार्यको अपेक्षा गर्दै, हालसम्म प्रदान गरिएको सहयोग र योगदानप्रति म हार्दिक धन्यवाद व्यक्त गर्दछु।

यस नीति तथा कार्यक्रमको तर्जुमा गर्दा नेपाल सरकारले अन्तर्राष्ट्रिय रूपमा गरेका प्रतिबद्धता, दिगो विकास लक्ष्य (SDGs), नेपालको संविधान, संविधानका निर्देशक सिद्धान्त तथा नीतिहरू, नेपाल सरकारको आवधिक योजना, क्षेत्रगत नीतिहरू, वार्षिक बजेट, प्रदेशस्तरीय नीति तथा कानून, आवधिक योजना, नागरिकका मौलिक हक, जनतासँग गरिएका प्रतिबद्धता, चुनावी घोषणापत्रहरू, नागरिकका अपेक्षा र मागहरूलाई आधार बनाइएको छ। त्यस्तै, स्थानीय सरकार सञ्चालन ऐन अन्तरसरकारी वित्त व्यवस्थापन ऐन तथा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त, समानीकरण, समपूरक तथा विशेष अनुदान, राजस्व बाँडफाँट, र नगरपालिकाको आन्तरिक आयलाई समेत ध्यानमा राखिएको छ। नगरवासीहरूको सन्तुलित विकास र गुणस्तरीय सेवा प्राप्ति प्रति बढ्दो अपेक्षाको सम्बोधन गर्न, जनताका असिमित आवश्यकता र नगरको सिमित स्रोतबीच सन्तुलन मिलाउन नगरपालिका हरसंभव प्रयास गरिरहेको छ । मुलुकमा सिर्जित प्रतिकूल आर्थिक अवस्थाका कारण राजस्व परिचालनमा परेको प्रतिकूल प्रभाव, सिमित आन्तरिक स्रोत र संघीय तथा प्रदेश अनुदानमा देखिएको संकुचनलाई समेत दृष्टिगत गर्दै आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम यस गरिमामय नगरसभा समक्ष प्रस्तुत गर्न गईरहेको छु।

***नगरसभाका सदस्यज्यूहरु,***

अब म आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु।

### सुशासन र संस्थागत विकास तर्फ:

### क) संस्थागत विकास, सेवा प्रवाह / सूचना प्रविधि र सुशासन सम्बन्धी नीति

१) नगरको कार्यसम्पादन गुणस्तरको सम्बन्धमा सुझाव तथा जनगुनासो सुन्न र समाधान गर्नका लागि हेलो मेयर कार्यक्रम तथा उपमेयरसँग युवा संवाद कार्यक्रम सञ्चालन गरिने छ।

२) भ्रष्टाचारप्रति शून्य सहनशीलता कायम राख्ने, पारदर्शिता सुनिश्चित गर्ने र प्रभावकारी जवाफदेहिता विकास गर्ने उद्देश्यले गुनासो व्यवस्थापनका लागि संयन्त्र निर्माण गरिने छ। साथै, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सेवाग्राही सन्तुष्टि सर्वेक्षण लगायतका गतिविधिमार्फत जवाफदेहिता प्रवर्द्धन गर्ने कार्यक्रमहरू सञ्चालन गरिने छ।

३) विदुर नगरपालिकामा कार्यरत कर्मचारीहरूको सरुवाका लागि स्पष्ट मापदण्ड तयार गरिने छ र सोको आधारमा सबै भौगोलिक तथा जनसांख्यिक क्षेत्रको अनुभव हुने गरी कर्मचारी व्यवस्थापन गरिने छ।

४) सार्वजनिक खरिद प्रक्रियालाई व्यवस्थित, पारदर्शी, प्रतिस्पर्धी र मितव्ययी बनाउन विद्युतीय खरिद प्रणालीको उपयोगलाई बढावा दिइनेछ।

५) नगरपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाउन विभिन्न सरकारी निकाय तथा सञ्चार क्षेत्रका छाता संगठनहरूसँग सहकार्य र समन्वय गरिने छ।

६) सार्वजनिक बिदाको दिन समेत अत्यावश्यक सेवा जस्तै - सरसफाई, सडक मर्मत तथा विपद् व्यवस्थापन सम्बन्धी कार्य निरन्तर रूपमा प्रदान गर्न आवश्यक व्यवस्था मिलाइने छ।

७) नगरपालिकाको प्रशासनिक, प्राविधिक, स्वास्थ्य, शिक्षा, सुरक्षा (नगर प्रहरी), सरसफाई लगायतका विभिन्न सेवामा कार्यरत कर्मचारीहरूको वृत्ति विकासका कार्यक्रम सञ्चालन गरी उनीहरूको मनोबल बढाई सेवा प्रवाहलाई थप प्रभावकारी बनाइने छ।

८) विद्युतीय सुशासनको प्रवर्धनका लागि नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरूमा रहेका पुराना अभिलेख तथा दस्तावेजहरूलाई विद्युतीय अभिलेख प्रणालीमा रूपान्तरण गरी पालिकाका प्रशासनिक कार्यहरूलाई क्रमिक रूपमा कागजविहिन बनाउँदै लगिने छ।

९) नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखबीच कार्यसम्पादन सम्झौता गरी परिणाममुखी नतिजा हासिल गर्न तथा नतिजाको आधारमा कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन गरी दण्ड तथा पुरस्कारको पद्धति अवलम्वन गरिनेछ।

१०) सूचनाको हक सम्बन्धी कानूनको पूर्ण परिपालना गर्दै, नगरपालिकाबाट सञ्चालन हुने योजना, कार्यक्रम तथा विकास गतिविधिहरूको जानकारी आम नागरिकसम्म प्रभावकारी रूपमा पुऱ्याउन स्थानीय एफ.एम., पत्रपत्रिका तथा सामाजिक सञ्जालमार्फत प्रचारप्रसारको कार्यलाई निरन्तरता दिइनेछ।

११) नगरपालिकाको सेवा प्रवाहको गुणस्तरलाई थप प्रभावकारी बनाउन शाखा प्रमुख तथा वडा सचिवहरूको मासिक प्रगति समिक्षा बैठक नियमित रूपमा सञ्चालन गरिनेछ।

१२) विदुर नगरपालिकाको प्रशासकिय भवन निर्माण कार्य सम्पन्न भई पूर्ण रूपमा सञ्चालनमा आइसकेको छ। सो सँगै, विषयगत शाखाहरूको सुदृढीकरण गरी सेवा प्रवाह र कार्यसम्पादनलाई थप प्रभावकारी तथा गुणस्तरीय बनाइनेछ।

१३) सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालन गरिने कार्यक्रम तथा आयोजनाहरूको अनुगमन एबम् मूल्यांकन गर्ने पद्धतीलाई व्यवस्थित, पारदर्शी र वस्तुपरक बनाउने नीति अवलम्वन गरिनेछ।

१४) नेपाल सरकारद्वारा लागू गरिएको स्वास्थ्य बिमा कार्यक्रममा नगरपालिका तथा मातहत कार्यरत सबै कर्मचारीहरू सहभागी हुन चाहेमा बिमा शुल्कको ५० प्रतिशत रकम नगरपालिकाले व्यहोर्ने व्यवस्था गरिनेछ।

१५) नगरपालिकाबाट प्रदान गरिने सेवा नागरिकको पहुँचमा सहज रूपमा पुऱ्याउन हरेक वडामा घुम्ती सेवा शिविर सञ्चालन गरिनेछ।

१६) सूचनाको हक सुनिश्चित गर्न र सूचनाको प्रभावकारी प्रवाहका लागि प्रत्येक वडा कार्यालय, स्वास्थ्य संस्था एवं सामुदायिक विद्यालयमा सूचना अधिकारीको व्यवस्था गरिनेछ।

१७) सुशासनका विविध औजारहरूलाई नियमित रूपमा सञ्चालन गरी पारदर्शिता, जवाफदेहिता, उत्तरदायित्व र जनविश्वास अभिवृद्धिमा जोड दिइनेछ।

१८) नगरपालिकाको संगठन संरचना, दरबन्दी तेरिज र पदनाम अनुसार आवश्यक दक्ष जनशक्ति व्यवस्थापन गरी तिनको कार्यसम्पादनलाई चुस्त र प्रभावकारी बनाइनेछ।

१९) दक्ष, इमान्दार र कार्यसम्पादनमा उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गरी प्रोत्साहन गर्न आवश्यक कार्यविधि र मापदण्ड निर्धारण गरी उक्त कार्यको थालनी गरिनेछ।

२०) कार्यालयको कार्यबोझ घटाउन, सेवा प्रवाह छिटोछरितो, पारदर्शी र नागरिकमैत्री बनाउन सूचना प्रविधिको प्रभावकारी प्रयोगलाई विस्तार गर्दै लैजाने नीति अवलम्वन गरिनेछ।

२१) नगर प्रहरीको कार्य सञ्चालनलाई थप चुस्त, दुरुस्त र प्रभावकारी बनाउन संचार उपकरण वाकिटकी उपलब्ध गराइनेछ।

२२) कर्मचारीलाई दक्ष र प्रभावकारी सेवा प्रबाहमा सक्षम तुल्याउन मागमा आधारित तालिम दिइनेछ।

२३) सौर्य **P.V(photovoltaics)** रुफटप सम्भाव्यता अध्ययन गरिने छ।

## राजस्व नीति ,सूचना तथा सञ्चार ,वित्त व्यवस्थापन

१) नागरिकलाई नगरको बासिन्दा हुँ र 'मेरो योगदानले नगरको समृद्धि र विकासमा सहयोग पुऱ्याउछ भन्ने सोच विकास गर्न राजस्व सम्बन्धी सूचना तथा जानकारीमूलक सन्देशहरू सघन रूपमा प्रवाह गरिनेछ।

२) राजस्वको दायरामा ल्याउन चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै आवश्यकता अनुसार करको दायरा विस्तार गर्ने नीति लिइनेछ।

३) बजारको सौन्दर्य र सूचनामूलक सन्देशलाई प्राथमिकतामा राख्दै, विज्ञापन कर निर्धारण तथा कार्यान्वयन गरिनेछ। यसका लागि विज्ञापन गर्न मिल्ने क्षेत्र, स्थान, विज्ञापनको प्रकृति, प्रयोग गरिने प्रविधि र विज्ञापनको आकार (साइज) लाई आधार मानी वैज्ञानिक विधिबाट दर निर्धारण गरिनेछ।

४) करदातालाई कर दाखिला गर्न प्रोत्साहन गर्न आगामी आर्थिक वर्षको पौष मसान्तभित्र सम्पत्तिकर, भूमि कर तथा व्यवसायिक कर चुक्ता गर्ने करदाताहरूलाई जरिवानाको २० प्रतिशत रकम छुट प्रदान गरिनेछ।

५) सम्पत्ति कर, वहालकर र व्यवसायकरको दायरा बढाउन कर छुट र सहुलियतको प्रभावकारी व्यवस्था गरिएको छ।

६) कृषि प्रयोजनका लागि ५ रोपनीभन्दा बढी क्षेत्रफलको बाँझो जग्गा भाडामा लिई व्यावसायिक कृषि कार्य सञ्चालन गर्ने कृषकलाई व्यवसाय करमा ५० प्रतिशत छुट सहुलियतको व्यवस्था गरिनेछ।

७) दैवी विपद्बाट प्रभावित परिवारले तोकिएको मापदण्ड अनुसार घर निर्माण गर्दा १,००० वर्ग फुटसम्म लाग्ने रकमको १ प्रतिशत मात्र लिई बाँकी रकम छुट दिई नक्सा पास गर्ने व्यवस्था गरिएको छ।

८) करदाताहरूलाई कर प्रणालीमा स्वेच्छिक रूपमा सहभागी हुन प्रोत्साहित गर्दै समग्र राजस्व प्रशासनलाई थप करदातामैत्री बनाइनेछ। कर तथा गैरकर राजस्वको प्रभावकारी अनुगमनका लागि विशेष अनुगमन टोली गठन गरी नियमित रूपमा परिचालन गरिनेछ। साथै, दीर्घकालदेखि कर वक्यौता राख्दै आएका करदाताहरूको अभिलेख सार्वजनिक गरिनेछ।

९) स्रोत परिचालनका लागि स्थानीय तहहरू तथा सार्वजनिक निकायहरूसँग सहकार्य गरी सामूहिक प्रयासको लागि जिम्मेवारी तोकिनेछ।

१०) नगरपालिकाले प्रवाह गर्ने सेवासँग सम्पत्ति कर, वहाल कर, व्यवसाय कर र विज्ञापन करलाई एकीकृत गरी राजस्व सङ्कलन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

११) करको दर भन्दा दायरा बढाउने नीतिलाई अख्तियार गर्दै नगरभित्रका सम्भावित करयोग्य थप वस्तु एवं सेवा पहिचान गरी आन्तरिक स्रोत बृद्धि गर्ने कार्यमा जोड दिइनेछ।

१२) नगरपालिकाभित्र समयमै र उच्चतम कर तिर्ने करदातालाई सार्वजनिक रूपमा सम्मान गरिनेछ। साथै, नगर क्षेत्रभित्रका उत्कृष्ट उद्यमीलाई पुरस्कृत गरिनेछ।

१३) सेवा शुल्क निर्धारण गर्दा सामाजिक न्यायको आधारमा उपेक्षित वर्गका लागि सहुलियत हुने गरी सेवा शुल्क निर्धारण गरिनेछ ।

१४) उद्योग, वाणिज्य संघ, चेम्बर अफ कमर्स लगायत सरोकारवालाहरुसँग सहकार्य गरी व्यापार प्रवर्द्धन गर्ने नीति लिइनेछ ।

१५) बजार क्षेत्रमा राखिएका विभिन्न होर्डिङबोर्डहरूसँग सम्बन्धित विज्ञापनदाताहरूलाई करको दायरामा ल्याइनेछ।

१६) बजेट अनुमान र खर्चलाई थप यथार्थपरक बनाइनेछ। फजुल र अनुत्पादक खर्चमा कटौती गरी चालु खर्चमा मितव्ययिता कायम गरिनेछ। आन्तरिक लेखापरीक्षणलाई थप प्रभावकारी बनाई अन्तिम लेखापरीक्षणबाट प्राप्त सुझावहरू कार्यान्वयन गरिनेछ।

१७) राजस्व प्रशासनलाई थप प्रभावकारी बनाउन जनशक्ति तथा प्रणालीको क्षमता अभिवृद्धिमा विशेष जोड दिइनेछ। कर प्रणालीलाई करदातामैत्री बनाई समयमै कर तिर्ने उत्कृष्ट करदाताहरूलाई सम्मान गरिनेछ।

१८) नगरपालिकामा सञ्चालित लेखा प्रणाली (सूत्र) मा स्थानीय राजस्व सम्बन्धी विवरण समावेश गरिनेछ। साथै, स्थानीय राजस्व व्यवस्थापन सूचना प्रणाली लागू गरी राजस्वको अभिलेखीकरण, निगरानी र विश्लेषणलाई डिजिटल माध्यमबाट सुदृढ गर्ने नीति लिइनेछ।

१९) घरजग्गा बहाल करलाई नगरपालिकाको स्थायी राजस्व र भरपर्दो स्रोतका रूपमा विकास गर्न आगामी आर्थिक वर्षमा 'स्व-घोषणा बहाल कर अभियान' सञ्चालन गरिनेछ।

२०)सालौंदैखिको पेश्की तथा बेरुजु फस्यौंटलाई प्रभावकारी बनाइनेछ। यस्ता रकमको विवरण सार्वजनिक गरिनेछ र तिनको फस्यौंट नगरेका सम्बन्धित पक्षलाई नगरपालिकाबाट प्रदान गरिने सेवाबाट वञ्चित गर्ने नीति अपनाइनेछ। योजनाको रनिङ बिल तथा कार्य प्रगतिको आधारमा मात्र भुक्तानी दिने व्यवस्थालाई संस्थागत गरिनेछ। साथै, आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ।

२१) नगरपालिका तथा वडा कार्यालयबाट सूचना प्रविधिको माध्यमबाट राजस्व संकलन गरिने कार्यलाई निरन्तरता दिइनेछ। साथै, ई-पेमेन्ट (QR) प्रणालीलाई राजस्व संकलन प्रक्रियामा आवद्ध गरी नागरिकलाई छिटो, छरितो र सहज तरिकाले राजस्व भुक्तानी गर्न सकिने व्यवस्था गरिनेछ।

२२) सबै प्रकारका सूचना माध्यममा जनताको पँहुच पुऱ्याउन सञ्चार माध्यमलाई निष्पक्ष, मर्यादित, जिम्मेवार, व्यवसायिक र प्रतिस्पर्धी बनाउने नीति अवलम्वन गरिने छ।

२३) नागरिक तहमा सार्वजनिक सेवा र विकासका विविध आयामका बारेमा निरन्तर सचेतना र पैरवी गर्न विधुतीय र छापा संचार माध्यमसँग सहकार्य गरिनेछ।

२४) नवीन प्रविधिमा आधारित व्यवसाय सुरु गरेको खण्डमा तत्काल कर निर्धारण गरी कार्यान्वयनमा लगिनेछ।

२५) राजश्व वृद्धि गर्न Sand Harvesting गरी नदीजन्य निर्माण सामाग्रीको व्यवस्थापन गर्न सम्भाव्यता खोजी गरिनेछ।

२६) ईन्टरनेटको पोल शुल्कलाई करको दायरामा ल्याउन विद्युत प्राधिकरण र नेपाल टेलिकमसँग आवश्यक समन्वय गरिनेछ ।

## घर नक्सा पास ,सहरी विकास तथा नापी सम्बन्धी

१) नगर यातायात गुरुयोजना (MTMP)को पूर्ण रूपमा कार्यान्वयन गरिनेछ। भवन निर्माण आचारसंहितालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै, नगरपालिका क्षेत्रभित्र घर निर्माण गर्नु अघि अनिवार्य रूपमा नक्सा पास गर्नुपर्ने कानूनी व्यवस्था कडाइका साथ कार्यान्वयन गरिनेछ। यसका लागि सञ्चार माध्यमहरू मार्फत निरन्तर जानकारी दिई नगरबासीहरूलाई नक्सा पास प्रक्रियामा सहभागी गराइनेछ। साथै नक्सा पास बिना निर्माण

गरिएका घर वा टहरा निर्माणकर्तालाई पहिचान गरी कानूनी कारवाही गर्दै, नगरपालिकाबाट प्रदान गरिने सेवा-सुविधा रोक्का गर्ने नीति लागू गरिनेछ।

२) भू-उपयोग नीतिलाई सम्बन्धित कार्यविधि तयार गरी चीन सरकार तथा UN Habitat को सहयोगमा तयार गरिएको एकीकृत विकास गुरुयोजना (IDP) मा व्यवस्था गरिएअनुसार आवासीय क्षेत्र, कृषि क्षेत्र तथा अन्य क्षेत्रको वर्गीकरणका आधारमा तोकिएका मापदण्ड र प्रक्रियाहरू पालना गरी भूमिको व्यवस्थित उपयोग गर्ने नीति लिइनेछ ।

३) नगरपालिकाभित्र रहेका प्रयोगविहीन आफ्नै, सार्वजनिक वा निजी जग्गाहरूलाई उचित प्रयोजनमा ल्याउन नगरपालिकाको समन्ययमा गर्ने गरी वा इच्छुक व्यक्ति तथा संस्थाहरूसँग साझेदारीमा प्रयोगमा ल्याइनेछ। यसका लागि निश्चित मापदण्ड, समयावधि तथा प्रक्रिया निर्धारण गरी सम्बन्धित कार्यविधि पारित गरिनेछ। सो कार्यविधिको आधारमा आवश्यकता र औचित्यताको मूल्याङ्कन गरी प्रयोगविहीन जमिनलाई कृषि, सामुदायिक उपयोग, पूर्वाधार विकास वा अन्य उपयुक्त प्रयोजनमा प्रयोगमा ल्याइने व्यवस्था मिलाइनेछ।

४) "स्वच्छ, सफा, हरियाली सहर हाम्रो विदुर हेर्ने सबैको रहर" भन्ने नारालाई आत्मसात गर्दै सहरी वातावरणको सौन्दर्य र हरियाली बढाउने उद्देश्यले घर नक्सा पास प्रक्रियाको अन्त्यमा प्रदान गरिने निर्माण सम्पन्न प्रमाणपत्र प्राप्त गर्नको लागि निवेदन पेश गर्दा प्राविधिक प्रतिवेदन सहित कम्तीमा २ वटा रुखविरुवा घर कम्पाउन्ड भित्र अनिवार्य रोपेको प्रमाण समेत पेस गर्नुपर्ने व्यवस्था अवलम्बन गरी तत्पश्चात मात्र निर्माण सम्पन्नको प्रमाणपत्र जारी गर्ने नीति कडाइका साथ लागु गरिनेछ।

५) आधुनिक शहर निर्माणका लागि सुविधा सम्पन्न र व्यवस्थित बसोबासलाई प्रमुख आधार मानी, त्यसको आवश्यकता र महत्वलाई हृदयंगम गर्दै, आगामी आर्थिक वर्षमा नगर क्षेत्रभित्र कम्तीमा एक स्थानमा Land Pooling को कार्य सहित नमूना वस्तीको निर्माण गर्न पहल गरिने छ।

६) सडक मापदण्ड तथा भवन आचारसंहितालाई आधार मानी व्यवस्थित सहर विकास गर्नु आजको अपरिहार्य आवश्यकता हो। यस सन्दर्भमा नगर यातायात गुरुयोजना (MTMP) मा व्यवस्था गरिएका मापदण्डहरू अनुसार, मापदण्ड पूरा गरेका सम्पूर्ण सडकहरूलाई क्रमिक रूपमा लगतकट्टा गरी व्यक्ति वा संस्थाको नामबाट सार्वजनिक सडक बनाउने कार्यको थालनी गरिनेछ।

७) नगर विकास कोषको ऋण सहयोगमा निर्माण गरिएको विदुर नगरपालिका वडा नं. ४ स्थित बट्टार बसपार्कलाई प्रभावकारी रूपमा सञ्चालन गर्न र सहरी सौन्दर्य अभिवृद्धि गर्न उपयुक्त संयन्त्र, मापदण्ड तथा कार्यविधि तयार गरी कडाइका साथ कार्यान्वयन गरिनेछ।

८) सडकमा जथाभावी निर्माण सामग्री राख्ने प्रवृत्तिलाई पूर्ण रूपमा नियन्त्रण गरिनेछ। निर्माण सामग्री सार्वजनिक सडकमा नराख्ने सुनिश्चितता प्राप्त भएपछि मात्र नक्सा पास प्रक्रिया अघि बढाउने परिपाटीको विकास गरिनेछ।

९) नगरभित्र रहेका खुला तथा सार्वजनिक स्थानहरूको पहिचान गरी विधिवत् रूपमा लगत संकलन गरिनेछ र ती स्थलहरूको संरक्षण तथा सदुपयोगका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

१०) नेपाल विद्युत प्राधिकरण र नेपाल टेलिकमसँगको समन्वय र साझेदारीमा शहरमा रहेको अव्यवस्थित बिद्युत तथा टेलिफोनका तारहरुलाई व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

११) पूर्वाधार विकासको मेरुदण्डको रुपमा रहेको सडक मापदण्डलाई व्यवस्थित गर्न जारी गरिएको MTMP अनुसारको मापदण्ड लागु गरिएका सडकहरुमा विस्तार कार्य गर्दा सोही बमोजिम केन्द्रबाट दायाँबायाँ बराबर हुने गरी विस्तार कार्य अगाडि बढाइनेछ। MTMP को मापदण्ड पुरा नभएका वा पुरा नगर्ने सडक योजनाहरु आगामी आ.व.मा कार्यान्वयन गराइनेछैन।

१२) नगरपालिकाले सुरु गरेको बिद्युतीय नक्सापास प्रक्रियालाई पूर्ण रूपमा डिजिटाइज गरिनेछ। साथै, पुराना नक्सापास सम्बन्धी सबै कागजातहरूको डिजिटाइजेशन कार्यलाई निरन्तरता दिंदै पूर्ण गरिनेछ।

१३) काठमाडौंको वैकल्पिक आवासक्षेत्रको रुपमा नगरलाई विकास गर्न सम्भाव्यता अध्ययन गरिनेछ।

**पूर्वाधार विकास तर्फ**

१) नगरपालिका स्तरीय यातायात गुरु योजना रणनीति तयार गरी सोही अनुसार सडक यातायातसँग सम्बन्धित कार्यक्रम सञ्चालन गरिनेछ।

२) नगरपालिका भित्रका मुख्य सडकहरु कालोपत्रे तथा स्तरोन्नति गर्ने कार्यलाई तिव्रताका साथ अगाडि बढाइनेछ।

३) विद्यालय, सामुदायिक भवन र सरकारी भवन निर्माण गर्दा निर्माण हुने संरचनाहरु अपागं मैत्री, बालमैत्री, लैंगिकमैत्री तथा वातावरणमैत्री बनाउने नीति अवलम्बन गरिनेछ।

४)नगरक्षेत्रभित्र अव्यवस्थित रूपमा सञ्चालित वर्कसपहरूलाई व्यवस्थित गर्न र सहरी सौन्दर्य अभिवृद्धि गर्न आवश्यक अध्ययन तथा सिफारिसका लागि अध्ययन समिति गठन गरिनेछ।

५) सडक सुरक्षालाई प्राथमिकता दिदै ट्राफिक संकेत, रेलिङ, जेब्रा क्रसिङ (पेटी चोक) सुधार, क्याट-आई, रिफ्लेक्टर र मिटर जडानको कार्यका लागि उद्योग व्यवसायी, बैंक तथा वित्तीय संस्थाहरुसँग समन्वय गरिने छ।

६) नगरभित्रका आवश्यक स्थानहरूमा स्मार्ट सार्वजनिक शौचालयको निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

७) निर्माण सामग्री परीक्षण तथा निर्माण कार्यको गुणस्तर मूल्याङ्कन कार्यलाई सहज, छिटो, छरितो र विश्वसनीय बनाउन नगरपालिकामा स्थापना गरिएको प्रयोगशालाका लागि आवश्यक प्राविधिक जनशक्ति तथा उपकरणहरूको व्यवस्था गरिनेछ।

८) सडकमा अनुचित तरिकाले निर्माण सामग्री राखी आवागमनमा अवरोध गर्ने, दुर्घटना गराउने तथा नगरपालिकाबाट निर्माण गरिएका सडक तथा फुटपाथहरूमा क्षति पुऱ्याउने व्यक्तिहरू तथा निर्माण व्यवसायीहरूलाई २४ घण्टाभित्र हटाउन लगाइनेछ र अटेर गर्ने व्यक्ति तथा निर्माण व्यवसायीलाई कानूनबमोजिम कारबाहीको दायरामा ल्याइनेछ। यस्ता कार्यबाट भएको क्षतिको मूल्याङ्कन गरी जरिवाना तथा मर्मत खर्च सम्बन्धित पक्षबाट असुल उपर गर्ने नीति कडाइका साथ कार्यान्वयनमा ल्याइनेछ।

९)कालोपत्रे गरिएका सडकहरूमा फुटपाथ निर्माण गरिनुका साथै सौन्दर्य अभिवृद्धिका लागि हरियाली प्रवर्द्धन गरिनेछ।

१०) नगरपालिकाभित्र नाली सरसफाइको लागि निश्चित समय तालिका निर्धारण गरी निश्चित समयका लागि आवश्यक जनशक्ति परिचालन गरी सरसफाइ कार्य सञ्चालन गरिनेछ।

११) सडकजन्य जोखिम न्यूनिकरण तथा सुन्दर शहर निर्माण गर्ने उद्देश्यले विगत तीन आर्थिक वर्षदेखि सञ्चालनमा रहेको "नगर प्रमुख उज्यालो कार्यक्रम" अन्तर्गत हालसम्म सात हजारभन्दा बढी सडक बत्ती जडान भइसकेको छ। तर, अझैपनि माग रहेको हुँदा आगामी आर्थिक वर्षमा समेत यस कार्यक्रमलाई निरन्तरता दिइनेछ। नगरक्षेत्रभित्रका सडक, चोक तथा सार्वजनिक स्थलहरूमा सडक बत्ती जडान तथा जडित बत्तीहरूको नियमित सञ्चालनको सुनिश्चितता गरिनेछ।

१२) विदुर नगरपालिका क्षेत्र भित्रका नदीघाटको संरक्षण, सम्बर्द्धन र नदी नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ।

१३) ग्रामिण परिवेशमा रहेको पाटीचौतारालाई संरक्षण गरिनुको साथै वर पिपल तथा शमीका विरुवा रोप्न प्रोत्साहन गरी विभिन्न स्थानमा परम्परागत फल्चा निर्माण गरिने छ।

१४) नगरभित्र हालका स्रोत र साधनले यसै आर्थिक वर्षमा सम्पन्न गर्न नसकिने योजनाहरूलाई परियोजना बैंक तयार गरी पूर्वाधार सम्बन्धी अत्यावश्यक योजना तथा आयोजनाहरूको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी प्रदेश सरकार, संघीय सरकार तथा अन्य दातृ निकायहरूसँग समन्वय गरी नगरवासीको विकास प्रतिको माग सम्बोधन गर्ने नीति लिइनेछ।

१५) नगरभित्र निर्माण गरिएका संरचनाहरू नगरवासी स्वयंको सम्पत्ति हो भन्ने भावना अभिवृद्धि गर्न साना प्रकृतिका योजनाहरूलाई जनसहभागितामा निर्माण गरिनेछ। यस्ता योजनाहरूको मर्मत, सम्भार तथा संरक्षण कार्य समेत उपभोक्ता समितिमार्फत अगाडि बढाइनेछ।

१६) नगरपालिकाभित्रका सडकहरूलाई कालोपत्रे गर्नु अघि आवश्यक ढल, नाली तथा अन्य पूर्वाधारहरूको निर्माण कार्य पूर्णरूपमा सम्पन्न गरेपछि मात्र कालोपत्रे कार्य अगाडि बढाउने नीतिलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ।

१७) खानेपानी, ढल निकास, विद्युत, टेलिफोन लगायतका पूर्वाधारहरूको निर्माण वा मर्मत कार्य गर्दा कालोपत्रे सडकमा पर्न सक्ने क्षतिको मूल्याङ्कन नगरपालिकाको प्राविधिक शाखाको प्रतिवेदनका आधारमा गरिनेछ। त्यसअनुसार सम्बन्धित निकायबाट क्षतिपूर्ति व्यवस्थाको सुनिश्चितता भएपछि मात्र उक्त कार्य सञ्चालन गर्न सहमति प्रदान गरिने वर्तमान नीतिलाई आगामी आ.व. मा समेत निरन्तरता दिइनेछ।

१८) नगरपालिकाभित्रका विभिन्न सुख्खा क्षेत्रहरूमा आवश्यक साना तथा मझौला सिंचाइ योजनाहरू सञ्चालन गरी कृषिक्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने कार्यलाई आगामी आ.व. मा पनि निरन्तरता दिइनेछ।

१९) नगरपालिकाभित्र रहेका सडकहरूको लगत कट्टा (inventory listing) गर्ने कार्यलाई यस आ.व. मा थप वडाहरुमा विस्तार गरिनेछ।

२०) विदुर नगरपालिकाभित्र रहेका धार्मिक, ऐतिहासिक तथा पुरातात्विक सम्पदाहरूको खोज, अनुसन्धान तथा निर्माण गरी पर्यटन प्रवर्द्धनमा सहयोग पुऱ्याउन पुरातात्विक पर्यटन तथा सम्पदा शाखाको स्थापना गरिनेछ।

२१) विदुर नगरपालिका वडा नं. ४ सिमचौर स्थित वधशालालाई थप व्यवस्थित बनाई यसै आ.व. देखि सञ्चालनमा ल्याइनेछ।

२२) नगरक्षेत्रका खुला, उपयुक्त तथा मापदण्ड पुगेका स्थानहरूमा संयुक्त आवास (अपार्टमेन्ट) वा बहुउपयोगी व्यापारिक भवन/कम्प्लेक्स निर्माणका लागि निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ। ऐतिहासिक, धार्मिक तथा परम्परागत विविधताको संरक्षणसहित योजनाबद्ध र दिगो सहरी तथा बस्ती विकासलाई प्रवर्द्धन गरिनेछ।

२३) भूकम्पीय जोखिमबाट बच्नका लागि भूकम्प प्रतिरोधी घर संरचनाको निर्माण अनिवार्य गरिनेछ। भूकम्प जुनसुकै बेला आउन सक्ने यथार्थतालाई ध्यानमा राखी पूर्वतयारीस्वरूप खुला स्थानहरूको पहिचान गरिनेछ तथा आकस्मिक आवास र आवश्यक सामग्री व्यवस्थापन स्थलको व्यवस्था मिलाइनेछ।

२४) वडा नं. १० भैसेमा निर्माणाधिन रिभर साईट फन पार्कलाई विस्तार तथा सुदृढ गरिने छ।

२५) भौतिक पूर्वाधार निर्माण कार्यमा उच्च गुणस्तर कायम गर्न ईन्जिनियरिङ् प्रायोगशालाको स्थापना गरिनेछ।

२६) नगर केन्द्रदेखि वडा केन्द्रसम्म सार्वजनिक यातायातको व्यवस्था नहुँदा आम नागरिकहरुलाई परिरहेको कठिनाईलाई मध्येनजर गरी आगामी आर्थिक वर्षमा नगर क्षेत्रभित्र सञ्चालनमा रहेका सार्वजनिक यातायात सेवा प्रणालीलाई थप व्यवस्थित र नियमित बनाइनेछ। प्रत्येक वडामा सार्वजनिक यातायातको पहुँच सुनिश्चित गर्न निजी तथा सहकारी क्षेत्रसँग सहकार्य गरिनेछ। सडक दुर्घटनाको जोखिम न्यूनिकरणका लागि ट्राफिक प्रहरी र निजी क्षेत्रको सहकार्यमा विविध सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ। साथै, सडक सुरक्षालाई सुदृढ बनाउन ट्राफिक प्रहरीलाई आवश्यक सुरक्षा सामग्री उपलब्ध गराइनेछ र प्रमुख स्थानहरूमा सिसीटीभी जडानमा समेत सहयोग पुऱ्याइनेछ।

२७) वातावरणीय अध्ययन, विस्तृत परियोजना अध्ययन तथा पूर्व सम्भाव्यता अध्ययनका आधारमा छिटो प्रतिफल प्राप्त हुन सक्ने विकास निर्माण योजनाहरूको छनोट गरिनेछ। अध्ययन तथा अनुसन्धानलाई प्राथमिकता दिँदै, आवश्यक डिजाइन तयार भएपछि मात्र निर्माण प्रक्रिया सुरु गर्ने पद्धतिलाई संस्थागत गरिनेछ। साथै, पूर्वाधार निर्माणका क्रममा उत्पन्न हुन सक्ने जोखिमहरू न्यूनीकरण गर्न विशेष प्राथमिकता दिइनेछ।

२८) बढ्दो सहरीकरण र सवारी साधनको चापलाई व्यवस्थित गर्न, नगर क्षेत्रभित्र रहेका खुला क्षेत्रहरूको पहिचान गरी सामुदायिक, सहकारी तथा निजी क्षेत्रसँगको साझेदारीमा सशुल्क तथा निःशुल्क पार्किङ्ग व्यवस्थापन

गरिनेछ। १० हजार वर्गफिट भन्दा बढी क्षेत्रफलमा भवन निर्माण गर्दा घरधनीले पार्किङ्ग व्यवस्थासहितको भवन डिजाइन अनिवार्य रूपमा तयार गर्नुपर्ने नीति लागू गरिनेछ।

२९) योजनाहरू तथा कार्यक्रमहरूको नियमित अनुगमन गरी सार्वजनिक लगानीको सदुपयोग, पारदर्शिता र कार्यगत उत्कृष्टता सुनिश्चित गरिनेछ।

३०) निर्माणाधीन सडकहरूको निर्माण कार्य शीघ्र सम्पन्न गरी शाखा तथा सहायक सडकहरूको विस्तार र स्तरोन्नति कार्य क्रमिक रूपमा अगाडि बढाइनेछ।

## कृषि, पशु ,आर्थिक तथा सिंचाई विकास सम्बन्धी नीति

१) "एक वडाः एक पशुपन्छी तथा बाली उत्पादन पकेट कार्यक्रम" सञ्चालन गरी कृषि तथा पशुपन्छीजन्य उत्पादनलाई विशिष्टीकरण (specialization) गर्न आवश्यक अध्ययन तथा मूल्यांकन गरिनेछ। सो अध्ययनको आधारमा क्रमिक रूपमा कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ।

२) कृषिमा आत्मनिर्भरता हासिल गर्न उत्पादनमा वृद्धि अपरिहार्य भएकाले, नगरभित्रका सम्भावित कृषि योग्य क्षेत्रहरूको पहिचान गरी बाँझो जमिनको लगत संकलन गरिनेछ। त्यस्ता क्षेत्रहरू बाँझो राख्न नपाउने गरी सामूहिक खेतीलाई प्रोत्साहन गर्न आवश्यक बीउ, विजन, कृषियन्त्र उपकरण लगायतका सामग्री लागत साझेदारी हस्तान्तरण गरी कृषकलाई सहयोग प्रदान गर्ने कार्यलाई आगामी आ.व. मा पनि निरन्तरता दिइनेछ।

३) दुग्ध उत्पादक कृषकहरूलाई प्रोत्साहन गर्न, नगरपालिकामा सूचीकृत सहकारी संस्था वा दुध संकलन केन्द्रमा दैनिक न्यूनतम ५ लिटर दूध उत्पादन गरी विक्रि गर्ने किसानलाई, उनीहरूले विक्रि गरेको विवरणको आधारमा, प्रोत्साहनस्वरूप आवश्यक उपकरण वितरण गरिने नीति अवलम्बन गरिनेछ।

४) बाँसबाट निर्मित टनेल विस्थापित गरी फलामे टनेल मार्फत व्यवसायिक बेमौसमी तरकारी खेतीलाई प्रोत्साहन गर्ने उद्देश्यले, निर्धारित साइजको फलामे टनेल निर्माण गर्ने कृषकहरूलाई लागतको ५० प्रतिशत बराबरको अनुदान प्रदान गरिनेछ। बाँसको बहुउपयोग गर्ने नीतिका विषयमा दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका (यस सम्बन्धी कार्य गर्दै आएका नगरपालिका) सँग समन्वय गरिनेछ ।

५) विदुर नगरपालिकाले थप अनुदान व्यवस्था गर्दै कार्यान्वयन गरेको पशु बिमा कार्यक्रमलाई प्राथमिकता दिइँदै आगामी दिनमा समेत निरन्तरता दिइनेछ। पशु स्वास्थ्य संरक्षण तथा रोग निवारण कार्यक्रममार्फत निःशुल्क सेवा प्रदान गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

६) कृषि उत्पादनमा गरिएको लगानीलाई क्षति पुऱ्याउन सक्ने दैवी प्रकोप, किरा फट्याङ्ग्रा र अन्य रोगबाट अन्नबाली, तरकारी तथा फलफूलबाली नष्ट हुने जोखिम न्यूनिकरण गर्न व्यवसायिक कृषकहरूलाई अनुदानमा अनिवार्य रूपमा कृषि बालीको बिमा गर्ने व्यवस्था मिलाउने नीति अवलम्बन गरिनेछ।

७) नगरभित्रकै स्रोतको परिचालन गरी घरेलु उत्पादनको रुपमा उत्पादित वस्तुहरुको बजारिकरण एवं प्रवर्द्धनको लागि वडा न. ४ बट्टार बसपार्कमा निर्माण गरिएको कोशेली घरलाई पूर्णता प्रदान गर्दै यसै आ. व. बाट सञ्चालनमा ल्याई स्थानीय आय आर्जनलाई टेवा पुऱ्याउने कार्यको थालनी गरिनेछ।

८) कृषिमा आत्मनिर्भरता हासिल गर्न अधिकाधिक जमिनलाई उत्पादन योग्य बनाई कृषि उपजमा वृद्धि गर्नु अत्यावश्यक भएको महसुस गर्दै, "कृषिमा आधुनिकीकरण र प्रविधिमा यान्त्रिकीकरण" भन्ने मूल नारासहित कृषकहरूलाई ५० प्रतिशत अनुदानमा कृषियन्त्र प्रदान गर्ने कार्यक्रमलाई आवश्यकताका आधारमा आगामी दिनहरूमा समेत निरन्तरता दिइनेछ।

९) आर्थिक अवस्था कमजोर रहेका, बेरोजगार दलित, गरिब तथा विपन्न परिवारहरूको जीवनस्तर सहज र गुणस्तरीय बनाउन आय आर्जन वृद्धि गर्ने उद्देश्यले निर्वाहमुखी कृषि तथा पशुपन्छीपालन कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिने छ । यसका लागि वडा नं. ७, साहुगाउँमा प्याज पकेट क्षेत्र, वडा नं. ८ मा पिँडालु र केरा पकेट क्षेत्र, वडा नं. ५ मा कान्छी बदाम पकेट क्षेत्र, वडा नं.९ मा केरा पकेट क्षेत्र, वडा नं २ मा बाख्रा पालन पकेट क्षेत्र र वडा नं १० मा मास पकेट क्षेत्र स्थापना गरिनेछ भने वडा नं. १३ मा

पशुपन्छीपालनको साझेदारी कार्यक्रम सञ्चालन गर्न बीउ पूँजीको रूपमा आवश्यक सामग्री प्रदान गरिनेछ। वडा नं. १ मा बेसार उत्पादन र वडा नं. ११ मा भैंसी पालनलाई जोड दिने नीति लिइनेछ।

१०) कृषकहरूको दर्ता तथा सूचिकरण गरी किसान परिचयपत्र वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

११) कृषकको खेतमै पुगेर माटोको अवस्था तथा बाली-विरुवामा देखिने समस्याको पहिचान, परीक्षण र समाधान गर्न विभिन्न स्थानमा घुम्ती कृषि शिविर सञ्चालन गरिनेछ।

१२) "फलफूल रोप्न छैन टेन्सन, कृषकका लागि राम्रो पेन्सन" भन्ने नारालाई आत्मसात गर्दै यस नगरपालिकामा सम्भावनायुक्त फलफूल खेतीको प्रवर्द्धन तथा व्यवसायिकरण गरिनेछ।

१३) कृषकहरूको खेतबारीमा माटोको सुधार तथा किराको प्रभावकारी व्यवस्थापन गर्न माटो परीक्षण तथा बाली संरक्षण प्रयोगशाला सञ्चालन गरिनेछ।

१४) बढ्दो प्लाष्टिकजन्य फूलको प्रयोगलाई निरुत्साहित गर्दै नगरभित्र फूल उत्पादन गरी बजारको मागलाई पुरा गर्न पुष्प खेती प्रबर्धन गरिने छ।

१५) बढ्दै गइरहेको बाँदरको समस्याले बाँझो हुँदै गइरहेको जमिनको अवस्थालाई मध्यनजर गर्दै उच्च मूल्यका मसलावाली (अदुवा र बेसार) लाई पकेट खेतीको रुपमा बिस्तार गरिने छ ।

१६) सामुदायिक विद्यालयहरूमा विद्यार्थीहरूसँग कृषि सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१७) पुष्प खेती प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिँदै यसको आधुनिकीकरणमा विशेष जोड दिइनेछ।

१८) "माटो नै जीवन हो" भन्ने सन्देशलाई आत्मसात गर्दै माटो परीक्षण सम्बन्धी कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ।

१९) बढ्दो रासायनिक मलको प्रयोग न्यूनिकरण गर्न प्राङ्गारिक मल उपयोग गरी गरिने खेती प्रवर्द्धन गर्न प्राथमिकता दिइनेछ।

२०) नगरपालिकाभित्र रासायनिक मल तथा विषादीको प्रयोग न्यूनिकरण गर्दै प्राङ्गारिक मलको प्रयोग अभिवृद्धि गर्न जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ। साथै अन्न भण्डारण गर्न शितघर निर्माण तथा सञ्चालन गर्ने नीति लिइनेछ।

२१) सामाजिक संघसंस्था, सहकारी तथा निजी क्षेत्रसँग साझेदारीमा नगरक्षेत्रभित्र कृषिमेला, हाटबजार, कृषि उपज संकलन केन्द्र, दूध चिस्यान केन्द्र, कृषि प्रयोगशाला निर्माण तथा कृषि प्रदर्शनीको आयोजना गरिनेछ।

२२) कृषि र पशुपन्छीपालन कार्यमा किसानलाई परेको मर्का सम्बोधन गर्न यस सेवाका दरबन्दी थप गरी घरदैलो सेवा दिने नीति अवलम्बलन गरिने छ।

२३) बाँदर र बँदेल जस्ता जंगली जनावरको लागि जंगल आसपासको क्षेत्रमा उनीहरुले मन पराउने फलफूलका विरुवा लगाउने नीति लिइनेछ ।

## उद्योग, सहकारी

१) सहकारी संस्थाहरूलाई व्यवसायिक कृषि, पर्यटन तथा उत्पादन क्षेत्रमा आफ्नो पूँजी तथा लगानी परिचालन गर्न सहजीकरण गरिनेछ। सहकारीहरूको अनुगमन तथा नियमनलाई सूचना व्यवस्थापन प्रणालीमा आधारित बनाइनेछ।

२) व्यावसायिक उत्पादन, उद्यमशीलता विकास तथा परियोजना विकासमा सहकारी संघसंस्थाको लगानी केन्द्रित गरिनेछ।

३) व्यावसायिक उत्पादन, उद्यमशीलता विकास तथा परियोजना विकासमा अग्रसर क्षेत्रहरूमा सहकारी संघसंस्थाको लगानी केन्द्रित गरिनेछ।

४) उद्यमशीलता प्रवर्द्धनका लागि "उद्यमी पुरस्कार" को व्यवस्था गरिनेछ।

५) नगर क्षेत्रमा उद्योग व्यवसाय सम्बन्धी सहायता र सहजीकरणका लागि "उद्योग सहायता डेस्क" स्थापना गरिनेछ।

६) नगरपालिकाका लागि आवश्यक सामग्री खरिद गर्दा स्थानीय स्तरमा उत्पादित वस्तुलाई प्राथमिकता दिइनेछ।

७) खाद्य वस्तुको गुणस्तर मापदण्ड तयार गरी, स्वस्थ वस्तुको उपभोग सुनिश्चित गर्न सम्बन्धित निकायसँग समन्वय तथा सहकार्य गर्दै बजार अनुगमन गरिनेछ।

८) परम्परागत रूपमा सञ्चालनमा रहेका आरनहरूलाई सुधार गर्दै आधुनिक प्रविधिको प्रयोगमार्फत व्यावसायिकरण गर्ने नीति लिइनेछ ।

९) नगरपालिका र सहकारी संस्थाबीचको सहकार्यमा स्थानीय उत्पादन प्रवर्द्धन गरी स्व-रोजगारी र आय आर्जन वृद्धिमा जोड दिइनेछ। सहकारीमार्फत जनताको जीवनस्तर सुधार गर्न सहकारीको समुचित व्यवस्थापन गरी उत्पादित वस्तुको बजारीकरणमा विशेष ध्यान दिइनेछ।

१०) सहकारी संस्थाको प्रवर्द्धन र संस्थागत क्षमता विकासका लागि विविध सीपमूलक तालिम कार्यक्रम सञ्चालन गरिनेछ। प्रत्येक सहकारीले वार्षिक रूपमा कम्तिमा दुईवटा सामाजिक कार्यहरू सञ्चालन गरी यसको प्रतिवेदन सम्बन्धित वडा कार्यालय र नगरपालिकामा पेस गर्नुपर्ने व्यवस्था कडाइका साथ लागू गरिनेछ।

११) सहकारी संस्थाहरूको सञ्चालन र व्यवस्थापन सहकारीको मूल्य, मान्यता र सिद्धान्त अनुरूप गरिनेछ।

१२) सहकारी संस्थाहरूका तथ्याङ्क तथा विवरणहरू व्यवस्थित रूपमा संकलन र व्यवस्थापन गरिनेछ।

१३) सहकारी कर्जा सूचना केन्द्र स्थापनाको लागि आवश्यक अध्ययन गरिनेछ।

## वन, वातावरण र विपद व्यवस्थापन

१) नगरपालिका क्षेत्रभित्र रहेका वनहरूको संरक्षण, विकास तथा दिगो उपयोगका लागि कार्ययोजना निर्माण गरिनेछ। उक्त कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि डिभिजन वन कार्यालय, वन उपभोक्ता महासंघ, सम्बन्धित वन उपभोक्ता समूहहरू तथा स्थानीय समुदायसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

२) सामुदायिक वन उपभोक्ता समूहहरूको क्षमता अभिवृद्धि गरी वन क्षेत्रको विस्तार तथा संरक्षण गरिनेछ। साथै, अम्रिसो, घाँस, बाँस,फलफूल, जडीबुटीजस्ता गैरकाष्ठ पैदावारको खेती प्रवर्द्धन गरी सामुदायिक तथा सार्वजनिक वनको संरक्षणसहित नागरिकलाई उत्पादनसँग जोडिनेछ। वन्यजन्तुको चोरी शिकारी, डढेलो नियन्त्रण तथा अध्ययन अनुसन्धानबिना वन क्षेत्रमा डोजर प्रयोग गर्ने प्रवृत्ति निरुत्साहित गरिनेछ।

३) पासाङ ल्हामु राजमार्ग तथा अन्य सडक आसपासका क्षेत्रमा वृक्षारोपण गरिनेछ, साथै रोपिएका बोटबिरुवा र दुबोसहितको हरियालीको संरक्षण गर्दै "हरित सड़क" को अवधारणा कार्यान्वयनमा ल्याइनेछ। यस कार्यका लागि संस्थागत सामाजिक उत्तरदायित्वको रकम उपयोग गराउन बैंक तथा वित्तीय संस्थासँग समन्वय गर्ने नीति लिइनेछ।

४) जल, वायु, माटो, ध्वनी तथा विद्युतीय प्रदूषणसहित सबै प्रकारका वातावरणीय प्रदूषणको रोकथाम तथा नियन्त्रणका लागि आवश्यक नीति, कानून तथा प्रभावकारी संरचना निर्माण गर्दै लगिनेछ। प्लाष्टिक झोलाको प्रयोगलाई निरुत्साहित गर्ने तथा सार्वजनिक स्थलमा जथाभावी फोहरमैला विसर्जन गर्नेलाई कानून बमोजिम कारवाही गरिनेछ।

५) नेपाल सरकार, प्रदेश सरकार तथा वातावरण संरक्षणमा क्रियाशील संघ संस्थाहरूको समन्वय र सहकार्यमा— नगर जलवायु अनुकूलन योजना तर्जुमा गरी सोको प्रभावकारी कार्यान्वयन गरिनेछ।

६) जिल्लास्तरीय विपद् तथा प्रकोप उद्धार केन्द्रको रूपमा रहेको यस नगरपालिकाको विद्यमान वारुणयन्त्र सेवालाई अझ प्रभावकारी र व्यवस्थित बनाइनेछ। अन्य स्थानिय तह तथा छिमेकी जिल्लाहरूमा आपतकालीन सुरक्षा संवेदनशीलतालाई विशेष ध्यान दिँदै, वारुणयन्त्र सेवा र आपतकालीन कार्य सञ्चालन केन्द्रको सेवा प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

७) विपद् जोखिम न्यूनिकरणका लागि पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाइनेछ। नगरपालिकाको विपद् जोखिम नक्साङ्कन अनुसार पहिचान गरिएका जोखिमयुक्त क्षेत्रहरूको संरक्षणका लागि आवश्यक नीति अवलम्बन गरिनेछ। प्राकृतिक विपद् तथा महामारीजन्य रोगहरूको सम्भावित जोखिम न्यूनिकरणका लागि पूर्वतयारी

गरिनेछ। साथै, त्यस्ता विपदबाट उत्पन्न क्षति न्यूनिकरण तथा तत्काल राहत, पुर्नउत्थानका लागि विपद् व्यवस्थापन कोष स्थापना गरिनेछ।

८) विपद् प्रभावित भएर घरबार विहीन भएका व्यक्ति तथा परिवारहरूलाई वैकल्पिक व्यवस्था नभएसम्म नगरपालिकाबाट सम्भव भएसम्म सार्वजनिक स्थानमा राखिनेछ। यदि सार्वजनिक स्थानमा व्यवस्थापन गर्न नसकिने भएमा ती व्यक्तिहरूलाई अधिकतम १५ दिनसम्म न्यूनतम भोजन र आवास को व्यवस्था नगरपालिकाले प्रदान गर्ने व्यवस्था गरिने छ ।

९) विपद् उत्थानशील विकासको अवधारणा अनुसार विकास निर्माण तथा योजना कार्यान्वयन गर्ने नीति अवलम्बन गरिनेछ।

१०) वातावरणिय स्वच्छता कायम राख्न सडक किनार, विद्यालय, औद्योगिक कोरीडोर र नदी तटीय क्षेत्रमा हरियाली प्रबर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ। सार्वजनिक खाली जग्गा तथा खोला वगर क्षेत्रलाई सफा र सुन्दर बनाउन फलफूल तथा बोटबिरुवा रोप्ने र संरक्षण गर्ने व्यवस्था गरिनेछ। साथै, भूसंरक्षण र पहिरो नियन्त्रणका लागि वृक्षारोपण कार्यक्रम र रोकथामका प्रभावकारी विधि अवलम्बन गर्ने नीति लागू गरिनेछ ।

११) विपत्बाट हुन सक्ने क्षतिको तत्काल उद्धार, राहत तथा पूर्नस्थापनाका लागि आवश्यक जनशक्ति, सामग्री र स्रोतको पूर्वतयारीसहित प्रभावकारी व्यवस्थापन गरिनेछ।

१२) उच्च जोखिममा रहेका क्षेत्र एकिन गरी लक्षित समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन कार्यक्रम सञ्चालन गरी समुदायको विपद् प्रतिकार्य क्षमता तथा उत्थानशीलता अभिवृद्धि गरिनेछ।

१३) विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी कार्यमा संघीय, प्रदेश र स्थानीय सरकारका साथै निजी क्षेत्र तथा गैरसरकारी संघ सस्थाहरुसँग सहकार्य र साझेदारी गर्ने नीति अबलम्वन गरिनेछ ।

१४) बाढी, पहिरो लगायतका प्राकृतिक प्रकोपबाट जोखिममा रहेका बस्ती, घर तथा संरचनाको पहिचान गरी त्यस्ता बस्ती, घर वा संरचनालाई सुरक्षित स्थानान्तरण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

१५) प्राकृतिक तथा गैर-प्राकृतिक विपद्का कारण भौतिक, आर्थिक, सामाजिक तथा पूर्वाधार क्षेत्रमा पर्न सक्ने सम्भावित प्रतिकूल प्रभावलाई ध्यानमा राखी विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका लागि इच्छुक व्यक्ति, निजी क्षेत्र, सहकारी संस्था, सरकारी निकाय तथा गैरसरकारी संघसंस्थालाई विपद् व्यवस्थापन कोषमा आर्थिक योगदान गर्न आह्वान गरिनेछ, र यसै कोषबाट एकद्वार मार्फत तत्कालिन राहत वितरण गर्ने नीति अवलम्बन गरिनेछ।

१६) प्राकृतिक तथा गैर-प्राकृतिक विपदको पूर्वतयारी, रोकथाम तथा व्यवस्थापनका लागि नदी नियन्त्रण, अग्नि रेखा निर्माण, वृक्षारोपण, तटबन्ध निर्माण लगायतका पूर्वसावधानीमूलक कार्यहरू सञ्चालन गरिनेछ।

१७) बाँदर, बँदेल लगायतका जंगली जनावरको आक्रमणबाट हुने बालीनालीको क्षतिबाट कृषक तथा नगरवासीलाई संरक्षण गर्न आवश्यकता अनुसार वन कार्यालयसँग समन्वय गरी प्रभावकारी समाधानका उपाय खोजिनेछ।

१८) नगरपालिकामा बढि जोखिम तथा धनजनको क्षति हुनसक्ने क्षेत्रको सम्भाव्यता अध्ययन गरी बस्ती संरक्षणका लागि नदी नियन्त्रण र तटबन्ध मार्फत जल उत्पन्न प्रकोप व्यवस्थापनलाई संघिय सरकार प्रदेश सरकार राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँगको समन्वय र सहकार्यमा कार्यान्वयन गरिनेछ।

१९) नदीजन्य पदार्थहरुको उत्खनन् गर्दा नदी प्रणालीको प्रकार उपलब्ध नदीजन्य पदार्थको परिमाण तथा स्थानीय वातावरणको संवेदनशीलता समेतलाई आधार मानी अध्ययन अनुसन्धान गरी कार्ययोजना बनाएर नदीजन्य पदार्थको उपयोग गरिनेछ ।

## शिक्षा सम्बन्धी नीति

१) विद्यालय क्षेत्र बाहिर एवं विद्यालयहाताभित्र छुवाछुत, बालश्रम, लैङ्गिक हिंसा तथा दूर्व्यवहार विरुद्ध "शून्य सहनशीलता" को नीति अवलम्बन गरिनेछ। यस्ता घटना रोकथाम तथा नियन्त्रणका लागि विद्यालयहरूमा मनोसामाजिक परामर्शकर्तामार्फत परामर्श सेवा उपलब्ध गराइनेछ।

२) शिक्षण—सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन शिक्षकहरूमा रहेको ज्ञान, सीप र क्षमताको अन्तर पहिचान गरिनेछ र त्यसको पूर्तिका लागि आवश्यक तालिमहरू सञ्चालन गरिनेछ।

३) "हरित विद्यालय" कार्यक्रमलाई अगाडि बढाउन विद्यालयहरुमा प्रत्यक शुक्रबार हाम्रो विद्यालय हामी बनाउँदै हरियाली भन्ने सकारात्मक धारणा कार्यक्रम विकास गराउन कार्यक्रम सञ्चालन गराउने व्यवस्था गरिनेछ।

४) शिक्षक—अभिभावक सम्बन्ध सुदृढ बनाउन विद्यालयका सम्पूर्ण शिक्षकहरू प्रत्येक वर्ष कम्तीमा एकपटक विद्यार्थीको घरदैलोमा पुग्ने नीति अवलम्बन गरिनेछ ।

५) प्रारम्भिक बालविकास कक्षा तथा बाल स्याहार केन्द्रहरूमा बालमैत्री खेल सामग्रीको व्यवस्था गरिनेछ। साथै, बाल विकास केन्द्रमा कार्यरत सहजकर्ताहरूको क्षमता अभिवृद्धिका लागि तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

६) जनप्रतिनिधीलाई विद्यार्थीसँग जोड्दै विद्यार्थीका भावना विचार अपेक्षा र आवश्यकता बुझ्न र उनीहरुलाई प्रेरणा र हौसला प्रदान गर्न माध्यमिक तहका विद्यार्थीहरूसँग नगरप्रमुख तथा उपप्रमुखको प्रत्यक्ष उपस्थितिमा अन्तरक्रिया गर्ने गरी "विद्यार्थीसँग जनप्रतिनिधी " कार्यक्रम सञ्चालन गरिनेछ।

७) "शिक्षामा योग, टाढा राखौं रोग" भन्ने नाराका साथ विद्यालयहरूमा योग तथा प्राकृतिक चिकित्सा अभ्यासलाई शिक्षाको अभिन्न अङ्गका रूपमा विकास गर्न सामाजिक संघसंस्थासँगको समन्वयमा योग तथा प्राकृतिक चिकित्सा प्रशिक्षणको व्यवस्था मिलाइनेछ।

८) विद्यालयका प्रधानाध्यापकसँग गरिएको कार्यसम्पादन करारको उपलब्धिमूलक मूल्याङ्कन गरिनेछ।

९) विद्यालय व्यवस्थापन समितिसँग विद्यालय विकासका विविध पक्षमा सम्वाद तथा सहकार्य प्रवर्द्धन गर्न नियमित रूपमा विचार—विमर्श कार्यक्रमहरू तथा कार्यशाला सञ्चालन गरिनेछ।

१०) शिक्षक, प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिको सशक्तिकरणका लागि विषयगत कार्यशाला कार्यक्रमहरू सञ्चालन गरिनेछ।

११) सामुदायिक तथा संस्थागत विद्यालयहरूको नियमित अनुगमन र नियमन कार्यलाई थप प्रभावकारी बनाइनेछ।

१२) संस्थागत विद्यालयहरूको श्रेणीकरण गरी तिनीहरूले लिने शुल्क संरचना पारदर्शी, वस्तुनिष्ठ तथा व्यवस्थित बनाइनेछ।

१३) स्यानेटरी प्याड तथा दिवा खाजाको उचित प्रबन्ध मिलाईनेछ ।

१४) सबै विद्यालयमा शैक्षिक वडापत्र राख्न अनिवार्य व्यवस्था गरिनेछ। साथै, शैक्षिक वातावरण सुधारका लागि अभिभावकबाट सुझाव र प्रतिक्रिया संकलन गर्ने प्रणालीको विकास गरिनेछ।

१५) भिन्न क्षमता भएका बालबालिकाको शैक्षिक विकासलाई लक्षित गर्दै विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१६) विद्यालय सुधार योजनाअनुसार कार्यक्रमहरूको कार्यान्वयन भए नभएको विषयमा नगरपालिकाद्वारा नियमित अनुगमन गरिनेछ।

१७) शिक्षक विद्यार्थीसँग जनप्रतिनिधि कार्यक्रम सञ्चालन गरी शैक्षिक क्षेत्रको विकास र सुधारमा आवश्यक पहल गरिनेछ। साथै, शैक्षिक प्रदर्शनीमार्फत उत्कृष्ट विद्यालय र विद्यार्थीहरूलाई पुरस्कृत गर्ने नीति लिइनेछ।

१८) संघीय सरकारको नीति तथा मापदण्ड र नगरपालिकाबाट स्वीकृत कार्यविधि अनुसार दरबन्दी मिलानको कार्यलाई निरन्तरता दिइनेछ।

१९) विद्यमान शिक्षा ऐन, नीति नियम अनुसार संस्थागत विद्यालयहरूले प्रदान गर्ने छात्रवृत्तिलाई कडाइका साथ कार्यान्वयन गरिनेछ।

२०) एस.ई.ई परीक्षा दिएका विद्यार्थीहरूलाई मागका आधारमा आधारभूत कम्प्युटर तालिम उपलब्ध गराइनेछ।

२१) कमजोर सिकाइ उपलब्धि भएका कक्षा ८ र १० का विद्यार्थीहरुलाई सम्बन्धित विषयहरूमा अतिरिक्त कक्षा सञ्चालन गर्न विद्यालयहरूलाई अनुदान उपलब्ध गराइनेछ।

२२) नगरपालिका भित्रका विद्यालयहरूमा कक्षा ५ र ८ को परीक्षा नगरस्तरिय ढाँचामा संस्थागत विद्यालयको लागत साझेदारीमा नियमित रूपमा सञ्चालन गरिनेछ।

२३) शिक्षाको गुणस्तर सुधारका लागि विद्यालयमा शिक्षण-सिकाइ क्रियाकलापहरू आधुनिक प्रविधिसँग सुसज्जित गरिनेछ। यसका लागि सूचना तथा सञ्चार प्रविधि (ICT) का सामग्रीहरू वितरण गरिनेछ र शिक्षकहरूलाई प्रत्यक्ष तथा अप्रत्यक्ष विधिबाट तालिम दिइनेछ। सिकाइमा सहजता प्रदान गर्न आवश्यक शैक्षिक सामग्री वितरण गरिनेछ साथै सामुदायिक विद्यालयलाई नमुना विद्यालयको रूपमा विकास गरिनेछ।

२४) सामुदायिक र संस्थागत विद्यालयबीच शिक्षामा गुणस्तर र पहुँचमा समानता स्थापना गर्न अन्तरविद्यालय अनुगमन, सिकाइ साझेदारी, कमजोर विद्यार्थीलाई सहायताका लागि उत्कृष्ट अभ्यास आदानप्रदान, साथै विभिन्न अतिरिक्त र सह—क्रियाकलापहरू सञ्चालन गरिनेछन्।

२५) सामुदायिक विद्यालयहरूको एउटै शैक्षिक क्यालेण्डर निर्माण गरी कार्यान्वयन गरिनेछ।

२६) "एक विद्यालय, एक कृषि बगैचा" कार्यक्रम चालु आर्थिक वर्षदेखि एक माध्यमिक विद्यालयमा सुरू गरी स्थानीय पाठ्यक्रमसँग समन्वय गर्दै विद्यार्थी तथा युवा वर्गलाई व्यवसायिक कृषि शिक्षाप्रति आकर्षित गर्ने नीति अवलम्बन गरिनेछ।

२७) संस्थागत विद्यालयहरूको छात्रवृत्ति र शुल्क सम्बन्धी विस्तृत अध्ययन तथा अनुगमन प्रतिवेदनको आधारमा एकीकृत नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

२८) विदुर नगरपालिकामा शैक्षिक अवस्थालाई सुधार गर्न सामुदायिक विद्यालयहरूमा आवश्यक शिक्षकहरूको व्यवस्थापन गरिनेछ।

२९) वडा स्तरका विद्यालयहरूलाई पूर्ण रूपमा व्यवस्थित गरी विद्यालय परिसरको भौतिक सौन्दर्यीकरण गरिनेछ।

३०) शिक्षक, विद्यार्थी र अभिभावकबीच त्रिपक्षीय सहयोगलाई प्रवर्द्धन गर्न मासिक रूपमा विद्यालयस्तरीय छलफल कार्यक्रम सञ्चालन गरिनेछ र यसको अनुगमन गरिनेछ।

३१) नगरभित्रका बालबालिकाहरूलाई माध्यमिक शिक्षा परीक्षा (एस.ई.ई.) तथा कक्षा १२ पश्चात उच्च शिक्षामा मार्गदर्शन पुऱ्याउने उद्देश्यले क्यारियर काउन्सेलिङ कार्यक्रम तथा लोकसेवा आयोगको तयारी कक्षा सञ्चालन गर्न सहयोग गर्ने नीति अवलम्बन गरिनेछ।

३२) सम्पूर्ण सामुदायिक माध्यमिक विद्यालयहरूमा विद्यालय नर्सको व्यवस्थाका लागि उपयुक्त पहल गरिनेछ।

३३) सबै सामुदायिक विद्यालयहरूमा कक्षा ५ सम्म अंग्रेजी माध्यमबाट अध्ययन—अध्यापन गर्ने नीतिलाई क्रमश: अवलम्बन गरिनेछ।

३४) आवश्यकता र औचित्यताको आधारमा विद्यालय गाभ्ने तथा तह मिलान गर्ने नीति अपनाइनेछ।

३५) प्रत्येक वर्ष वार्षिक परीक्षाको नतिजा विश्लेषण गरी विषयगत आधारमा दण्ड र पुरस्कार प्रदान गर्ने नीति अवलम्बन गरिनेछ।

३६) कक्षा ८ देखि १० सम्मका विद्यार्थीको लागि अतिरिक्त कक्षा सञ्चालनको लागि आवश्यक बजेट बिनियोजन गरिने छ।

३७) विद्यार्थी बिमालाई निरन्तरता दिइने छ।

३८) बौद्धिक अपाङ्गता भएका विद्यार्थीहरुको लागि आवश्यक सहयोग प्रदान गर्ने नीति लिइनेछ ।

३९) श्री शहीद जगत प्रकाश जंग शाह संस्कृत माध्यमिक विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि तथा संस्थागत सुदृढीकरणका लागि दिइँदै आएको सहयोगलाई आगामी वर्षहरूमा पनि निरन्तरता दिइनेछ।

## खेलकुद

१) समुदायस्तरबाटै खेलकुद संस्कृतिको विकास र प्रवर्द्धन गर्न "मेयर कप ब्याडमिन्टन प्रतियोगिता" सहित विविध नगरस्तरीय खेलकुद प्रतियोगिताहरू सञ्चालन गरिनेछ।

२) "एक वडा, एक खेलमैदान" तथा "एक टोल, एक व्यायामशाला तथा योग साधना केन्द्र" निर्माणको नीति कार्यान्वयन गरिनेछ। साथै, विदुरवासी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विशिष्ट योगदान दिएका खेलाडी तथा खेलकर्मीहरूलाई सम्मान र पुरस्कृत गर्ने नीति लिइनेछ।

३) युवा क्लब तथा वडा स्तरीय बाल क्लबहरूलाई व्यवस्थित रूपमा सञ्चालन गरिनेछ। बालबालिकामा अन्तर्निहित प्रतिभा र सिर्जनशीलताको प्रस्फुटन गर्न नगरबासीबीच सम्बन्ध विकास र व्यक्तित्व निर्माणका निम्ति नगरस्तरीय साहित्यिक तथा सांस्कृतिक कार्यक्रम, हाजिरीजवाफ, वक्तृत्वकला लगायतका प्रतियोगिताहरू नगरस्तरमा सञ्चालन गरिनेछ।

४) विदुर नगरपालिका वडा नं. ४ स्थित आदर्श बहुमुखी क्याम्पस, बट्टारको खेलमैदानलाई थप व्यवस्थित बनाउन आवश्यक पहल गरिनेछ ।

५) युवाहरूलाई लागूऔषधको कुलत तथा दुर्व्यसनबाट जोगाउन सचेतनामूलक, रोकथाममूलक तथा उपचार सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ। यसका लागि गैरसरकारी संस्था तथा सरोकारवालासँग सहकार्य गरिनेछ।

६) खेलकुद क्षेत्रको समग्र विकासका लागि सरोकारवाला संघसंस्थासँग समन्वय र सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।

७) नगरपालिका भित्रका खेलकुद शिक्षकलाई प्रशिक्षण सञ्चालन गरिनेछ ।

८) विदुर नगरपालिका वडा नं. ५ माझिटारमा नगरस्तरीय क्रिकेट रंगशाला निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

९) गुणस्तरीय तथा व्यवस्थित खेलकुदका लागि खेल मैदानहरुलाई व्यवस्थित बनाउँदै लगिनेछ।

१०) खेलाडीहरुलाई कोल्ज क्याम्पमा राखी खेलाडी उत्पादन मा जोड दिइनेछ।

११) एक पालिका, एक खेलकुद मैदान भन्ने अवधारणालाई निरन्तरता दिँदै त्रिभुवन त्रिशुली माध्यमिक विद्यालयको खेल मैदानलाई प्राथमिक परियोजनाका रूपमा चयन गरी आवश्यक पूर्वाधार विकास तथा स्तरोन्नति गर्ने नीति लिइनेछ।

१२)त्रिशूली नदीमा राफ्टिङ्गको सम्भाव्यता अध्ययन गरिनेछ ।

१३)युवाहरुमा भलिबल खेलप्रति रुचि र सहभागिता अभिबृद्धि गर्न "उपमेयर कप भलिबल प्रतियोगिता" सञ्चालन गरिनेछ ।

## रोजगार,संस्कृति,पर्यटन,प्रबर्धन सम्बन्धि नीति

१) पर्यटनलाई आर्थिक विकासको प्रमुख माध्यमका रूपमा विकास गर्ने उद्देश्यले पर्यटकीय स्थलहरूको निर्माण गरिनेछ। यस क्रममा भैरमकोट, नुवाकोट लगायतका नौकोट सर्किट निर्माण र पदयात्रा कार्यक्रम सञ्चालन गर्न पर्यटन व्यवसायीहरूलाई सहकार्यका लागि अनुरोध गरिने नीति लिईनेछ। त्यस्तै, नेपाल तिब्बत—सन्धि स्थलको निर्माण तथा बान्द्रे देखि नुवाकोट सम्मको पदमार्ग निर्माण तथा स्तरोन्नति कार्यलाई निरन्तरता दिइनेछ।

२) सांस्कृतिक विविधता तथा भौगोलिक सुन्दरता बोकेका पर्यटकीय सम्भावना भएका स्थानहरूमा पर्यटकीय पूर्वाधार निर्माण गरिनेछ।

३) नगरपालिका क्षेत्रभित्र रहेका ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण गर्दै ती क्षेत्रहरूलाई पर्यटकीय गन्तव्यको रूपमा विकास गरिनेछ।

४) पर्यटकीय गन्तव्यहरूको प्रचार प्रसारका लागि नगरको परिचय झल्काउने वृत्तचित्र निर्माण गरिनेछ र सञ्चारमाध्यममार्फत प्रसारण गरिनेछ।

५) विदुर नगरपालिकालाई विशिष्ट पहिचान दिलाउन सफल सिन्दुरे जात्रा, गाई जात्रा,लदी पर्व,रोपाइँ महोत्सव, गोरुजुधाई, घाटु जात्रा, टाकटुके जात्रा,पुलिकिसी जात्रा, लाखे नाचलगायतका परम्परागत संस्कृति तथा रैथाने उत्पादनलाई पर्यटनसँग जोड्ने नीति लिइनेछ। यस्ता मौलिक कृतिहरूको संरक्षण, सम्बर्द्धन,तथा प्रचारप्रसारलाई निरन्तरता दिइनेछ । साथै, जीवित देवीको रूपमा पुजिँदै आएकी कुमारीको जीविकोपार्जन तथा शिक्षामा सहजीकरण गर्न मासिक रु ११,००० उपलब्ध गराइनेछ।

६) नेपाल-चीन ऐतिहासिक सन्धि स्मारक स्तम्भ निर्माण, नुवाकोट दरबार - गेर्खु - जीतगढी - दुधेलामा - उत्तरगया हुँदै भृकुटी मार्ग निर्माण, देविघाट तथा बनदेवी मन्दिर "नेपाल एकिकरण सर्किट", नुवाकोट, कालिका, मालिका, ढिकी जाँतो, चुली जस्ता ऐतिहासिक एंव पर्यटकीय स्थलहरुको प्रवर्द्धन कार्यलाई संघ र प्रदेश सरकारसँग सहयोग माग गरी प्राप्त कार्यक्रम कार्यान्वयनमा जोड दिइनेछ।

७) राष्ट्रिय एकीकरण दिवस, सिन्दुरे जात्रा लगायत स्थानीय पहिचान झल्काउने पर्व, दिवस र मेलाहरूमा प्रदेश सरकारको स्वीकृति प्राप्त गरी सार्वजनिक विदा दिने नीतिका लागि आवश्यक पहल गरिनेछ।

८) विदुर नगरपालिका र नेपाल विद्युत प्राधिकरणको संयुक्त साझेदारीमा वडा नं ९ स्थित डिसिलट्याङकी क्षेत्रमा जलविहार व्यवसाय सञ्चालनका लागि पहल गरिनेछ। उक्त स्थानलाई आन्तरिक (बोटिङ) तथा बाह्य पर्यटकको आकर्षक केन्द्रको रुपमा विकास गरिनेछ ।

९) नगरपालिका क्षेत्रभित्र रहेका धार्मिक सम्पदामा आयोजना हुने मेला तथा जात्राहरूको व्यवस्थित अभिलेख राख्न "धार्मिक पात्रो" तयार गरिनेछ ।

१०) भाषा, कला, संस्कृति, सम्पदा तथा साहित्यको संरक्षण, संवर्द्धन र विकास गर्न विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ। साथै, निर्माणाधीन अवस्थामा रहेका धार्मिक सम्पदा, पर्यटकीय र रमणीय स्थलहरूको निर्माण कार्य सम्पन्न गरिनेछ।

११) रोजगारी सिर्जनाका लागि दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले CTEVT(Council for Technical Education and Vocational Training) मार्फत प्राविधिक तथा व्यावसायिक तालिम कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१२) सिप सिकेका प्रमाणपत्र प्राप्त नभएका नगरबासीहरुलाई सीप परिक्षणमा सहभागी गराई जीविकोपार्जनमा सहयोग पुऱ्याउने नीति लिइनेछ ।

१३) नगरपालिकाका वडाहरुमा निर्मित पार्कहरुको उचित रुपमा सञ्चालन गर्न वडाले समुदायसँग मिली संरक्षण र उपयोग गर्ने नीति लिइनेछ ।

१४) होमस्टेको लागि नीतिगत व्यवस्था गरिनेछ ।

## महिला, बालबालिका, युवा, ज्येष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक सुरक्षा सम्बन्धी

१) देवीघाटस्थित ज्येष्ठ नागरिक संरक्षण तथा अध्ययन प्रतिष्ठानको सेवा प्रवाह र रेखदेखलाई प्रभावकारी बनाउन आवश्यक जनशक्तिको व्यवस्थापनका लागि यस नगरपालिकाबाट प्रदान हुँदै आएको अनुदानलाई वृद्धि गरी, हरेक आर्थिक वर्षमा रू. ५ लाख सञ्चालन अनुदान प्रदान गर्ने नीतिगत व्यवस्था गर्दै ज्येष्ठ नागरिकहरूप्रति सम्मान प्रकट गरिने नीतिलाई निरन्तरता दिइनेछ।

२) अभिभावक गुमाई संरक्षकविहीन रहेका नगरभित्रका असहाय, अपाङ्ग, टुहुरा, मानसिक सन्तुलन गुमाएका तथा सुस्त मनस्थितिका बालबालिकाहरूको पालन, पोषण, शिक्षादिक्षा र जीवनयापनका लागि आवश्यक आधारभूत सेवा तथा सहयोग प्रदान गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

३) घरेलु हिंसा पीडित महिलाहरूको संरक्षण, सहयोग र पुनःस्थापनामा विशेष ध्यान दिइनेछ। त्यस्ता पीडित महिलाहरूलाई निःशुल्क कानुनी सेवा, आपतकालीन सहयोग तथा संरक्षण प्रदान गर्ने कार्यक्रमलाई थप सुदृढ

गरिँदै, असुरक्षित अवस्थाबाट जीवनयापन गर्न बाध्य महिलाहरू र बालबालिकाका लागि न्याय सम्पादनसहितको स्थायी व्यवस्थापन नहुनजेलका लागि नगरपालिकाद्वारा सञ्चालित सेफ हाउसलाई थप व्यवस्थित, सुदृढ र प्रभावकारी बनाइनेछ।

४) मानसिक सन्तुलन गुमाएका नगरवासीहरूको उपचार तथा पुनर्स्थापनाका लागि सुधारगृहमा राखी आवश्यक औषधोपचार गर्न प्रति व्यक्ति रू. ५,००० को दरले खर्च व्यवस्थापन गर्ने वर्तमान नीतिलाई यस आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ।

५) संघीय सरकारको बहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न गर्भवती महिलाहरूको पहिचान गरी नियमित स्वास्थ्य परीक्षण गरिनेछ। साथै, सुत्केरी भएको तीन महिनासम्मका महिलाहरूलाई पोषणयुक्त खाद्य सामग्री वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६) लागू औषध दुर्व्यसन न्यूनिकरणका लागि सम्बन्धित सरोकारवाला संस्थासँग समन्वय गरी चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

७) ज्येष्ठ नागरिकमा निहीत ज्ञान, सीप र अनुभवको हस्तान्तरणलाई प्रोत्साहन गर्न प्रत्येक वडामा 'ज्येष्ठ नागरिक मिलन चौतारी निर्माण कार्यलाई निरन्तरता दिइनेछ। साथै, ज्येष्ठ नागरिकहरूका लागि भजन-कीर्तन कार्यक्रम सञ्चालन गर्न आवश्यक सामग्री वितरण गरिनेछ।

८) महिला तथा पछाडि पारिएका वर्ग र समुदायलाई स्रोत, साधन, सेवा र अवसरको समान पहुँच र लाभ सुनिश्चित गर्ने नीतिलाई निरन्तरता दिइनेछ। त्यस्ता वर्ग तथा समुदायको आर्थिक तथा सामाजिक सशक्तिकरणका लागि आवश्यक सीप, पूँजी तथा प्रविधिमा पहुँच अभिवृद्धि गरी उनीहरूलाई उत्पादन र आयआर्जन सँग जोड्ने कार्यक्रम सञ्चालन गरिनेछ।

९) लैङ्गिक विभेद, हिंसा, मानव बेचबिखन तथा कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार विरुद्ध जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। साथै, पीडित एवं प्रभावित व्यक्तिहरूको उद्धार, राहत, मनो परामर्श तथा विकास साझेदार निकायहरूसँगको सहकार्यमा पुनःस्थापनाका गरिनेछ।

१०)बालमैत्री, ज्येष्ठ नागरिकमैत्री तथा अपाङ्गतामैत्री पूर्वाधार एवं संरचना निर्माणमा प्राथमिकता दिइनेछ। सहज जीवनयापनका लागि आवश्यक सहायक सामग्री वितरण गरिनेछ। साथै, अपाङ्गता भएका बालबालिकाको संरक्षणका लागि कार्यरत संस्थाहरूलाई आवश्यक सहयोग प्रदान गरिनेछ।

११) असहाय, अलपत्र परेका तथा आश्रयविहीन व्यक्तिहरूको उद्धार र पुनःस्थापनाका लागि निजी क्षेत्र, सामुदायिक संघसंस्था तथा गैरसरकारी संस्थासँग सहकार्य तथा साझेदारी गरिनेछ। साथै, यस अभियानमा योगदान पुऱ्याउने व्यक्ति र संस्थाहरूको योगदानको कदर गर्दै आवश्यक सहयोग एवं सम्मान प्रदान गरिनेछ।

१२) सामाजिक सुरक्षा भत्ता विशेषतः नवीकरण तथा बैंकिङ प्रणालीमार्फत वितरण सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन वडास्तरमा व्यापक जनचेतना अभिवृद्धि गर्दै स्वच्छिक रुपमा सामाजिक सुरक्षा त्याग गर्ने लाभग्राहिलाई पुरस्कृत गर्ने नीति लिइनेछ ।

१३) किशोरी तथा महिलाहरूलाई सुरक्षित, स्वस्थ, स्वच्छ, सभ्य, शिष्ट एवं सम्मानित जीवनयापनको प्रत्याभूति गराई महिनावारीलाई मर्यादित रूपमा व्यवस्थापन गर्न "मर्यादित महिनावारी कार्यक्रम" सञ्चालन गर्ने नीति लिइनेछ।

१४) कार्यशील आमाबुवाहरूलाई सन्तानको हेरचाहमा सहयोग पुऱ्याउन तथा सुरक्षित, सुलभ र भरपर्दो वातावरणमा शिशुहरूको पालनपोषण सुनिश्चित गर्न शिशु स्याहार केन्द्र (Day Care Center) स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

१५) महिला तथा बालबालिकाको क्षमता अभिवृद्धि गर्दै उनीहरूको भविष्य निर्माणमा सहयोग पुऱ्याउने उद्देश्यका साथ लक्षित वर्गका लागि क्यारियर काउन्सिलिङ कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ।

## स्वास्थ्य नीति

१) निःशुल्क स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिँदै, गत आर्थिक वर्षमा विदुरमा कम्तीमा ६५० अतिविपन्न व्यक्तिहरूलाई गरिएको निःशुल्क स्वास्थ्य बिमाको साविकको लागत साझेदारीमा नवीकरण गर्ने नीति लिइनेछ।

२) नगरबासीलाई सहज र सरलिकृत रुपमा स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले, सबै वडाहरूमा निर्माण सम्पन्न भइसकेका स्वास्थ्य चौकी, नगर स्वास्थ्य क्लिनिक तथा गाउँघर क्लिनिकहरूबाट सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ। यसका लागि आवश्यक जनशक्ति, औषधि र स्वास्थ्य उपकरणको अभाव हुन नदिनुका साथै ती संस्थाहरूलाई पूर्ण क्षमताका साथ सञ्चालन गरिने व्यवस्था मिलाइनेछ। यससँगै, नवजात शिशु, आमा तथा बालबालिकाको पोषण, प्रजनन स्वास्थ्य, सर्ने तथा नसर्ने रोगको रोकथाम, र महामारी नियन्त्रणका लागि समुदायस्तरमा सचेतनामूलक कार्यक्रमहरू समेत सञ्चालन गरिनेछ।

३) आर्थिक अवस्था कमजोर रहेका वा परिवारमा आय आर्जन गर्ने व्यक्ति स्वयं नै गम्भिर रोगको उपचार गराउनुपर्ने जस्तो विषम परिस्थितिमा परेका विपन्न नागरिकहरूलाई लक्षित गरी आर्थिक सहायता उपलब्ध गराइनेछ। यस कार्यक्रम अन्तर्गत मुटुरोग शल्यक्रिया, क्यान्सर शल्यक्रिया, मृगौला प्रत्यारोपण, डायलाइसिस तथा पक्षघात (stroke) जस्ता गम्भीर रोगको उपचारका लागि प्रति व्यक्तिलाई एकपटकको लागि अधिकतम रु. १०,००० (दश हजार) नगरपालिकाबाट आर्थिक सहयोग उपलब्ध गराइनेछ। त्यस्तै, नेपाल सरकारको सहुलियत कार्यक्रम अन्तर्गत मुटु रोगीलाई उपचार पश्चात नियमित औषधि सेवन गरिरहेका विपन्न नागरिकहरूलाई निरन्तर औषधि सेवन सुनिश्चित गर्न नगरपालिकाबाट औषधि खर्चका रूपमा वार्षिक रुपमा एक पटक अधिकतम रु. १५,००० (पन्ध्र हजार) सम्मको सहयोग उपलब्ध गराउने नीति लाई निरन्तरता दिइनेछ ।

४) सरकारी तथा गैरसरकारी संस्थाहरूसँग समन्वय, सहकार्य र सहलगानीमा लागुपदार्थ दुर्व्यसन, एचआइभी एड्स तथा मानव बेचबिखन जस्ता सामाजिक अपराध र समस्याहरू विरुद्ध जनचेतना अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५) ज्येष्ठ नागरिक सामाजिक सुरक्षा अन्तर्गत समाजका अग्रज, जीवनको भोगाइको उत्तरार्धमा रहनु भएका सम्मानित ज्येष्ठ नागरिकहरु आफ्नो स्वास्थ्य परीक्षणको लागि अस्पतालसम्म जानको लागि हुन सक्ने कठिनाइहरुलाई न्यूनिकरण गर्न नगरपालिकाको आफ्नै जनशक्ति परिचालन गरी ६० वर्ष माथीका ज्येष्ठ नागरिकको प्राथमिक स्वास्थ्य परीक्षण मासिक रुपमा समुदायमै सञ्चालन गर्ने नीति लिइनेछ । विशेषज्ञ डाक्टर सहितको घुम्ती स्वास्थ्य शिविर यस वर्ष कम्तीमा ३ स्थानमा सञ्चालन गरिनेछ ।

६) संघ-संस्थासँग समन्वय गर्दै महिलाहरुमा हुने स्तन र पाठेघर सम्बन्धी समस्याको समयमै पहिचान र उपचार सुनिश्चित गर्न स्क्रिनिङ क्याम्प लगायत अन्य स्वास्थ्य परीक्षण कार्यक्रमहरूलाई व्यापक रुपमा विस्तार गरी प्रत्येक वडामा नियमित रूपमा सञ्चालन गरिनेछ।

७) विदुर नगरपालिकाभित्र अवस्थित प्रदेशस्तरीय त्रिशूली अस्पतालको सेवा प्रवाहलाई थप प्रभावकारी, गुणस्तरीय र सेवाग्राहीमैत्री बनाउन नगरपालिकाद्वारा आवश्यक सहयोग, समन्वय तथा सहजीकरण गरिनेछ।

८) नगरपालिका क्षेत्रभित्र सुरक्षित सुत्केरी गराउने कार्यलाई प्रोत्साहन गरी मातृ तथा शिशु मृत्युदरलाई न्यून पार्न सुरक्षित सुत्केरी सेवा प्रवर्द्धन गरिनेछ। यसका लागि नगर क्षेत्रका महिलाहरूले स्वास्थ्य चौकी/केन्द्रमा सुत्केरी गराएपछि जन्म भएको ३५ दिन भित्र पेस गरेको जन्म प्रमाणपत्रको आधारमा प्रदान गरिँदै आएको रु ३,०००/- सुत्केरी पोषण भत्ता दिने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

९) ज्येष्ठ नागरिकप्रति सम्मान प्रकट गर्दै उनीहरूको स्वास्थ्य स्याहारमा सहजीकरण गर्ने उद्देश्यले "मेयरसँग स्वास्थ्य परीक्षण" भन्ने अभियान अन्तर्गत ज्येष्ठ नागरिकहरूका लागि निःशुल्क रोग पहिचान तथा स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

१०) विद्यार्थीहरूमा स्वास्थ्य सचेतना अभिवृद्धि गर्न र महामारीजन्य रोगहरूबाट संरक्षण गर्न विद्यालयहरूमा विभिन्न महामारीजन्य रोग सम्बन्धी सचेतना कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गरिनेछ।

११) विदुर नगरवासीलाई असमर्थ अवस्थामा निःशुल्क शव वहानको व्यवस्था यसै बर्ष देखि सञ्चालन गरिने छ।

१२) जेष्ठनागरिकलाई निमोनिया विरुद्धको खोप लगाइने नीति लिइनेछ । साथै पिसाबबाट मृगौला रोगको लक्षण पहिचान गर्ने नीति अवलम्बन गरिनेछ।

१३) १५ महिना भित्रका बालबालिकालाई नियमित खोप सेवा प्रदान गरी ५ वर्ष मुनिका सम्पूर्ण बालबालिकालाई पूर्ण खोप सुनिश्चित गरिनेछ।

१४) नगर बासीहरुलाई लक्षित गरी क्षयरोगमुक्त अभियान सञ्चालन गरि सो अभियानमार्फत क्षयरोगको जोखिममा रहेका व्यक्तिहरुलाई पहिचान गरी समयमै परीक्षण तथा उपचार सेवामा पहुँच सुनिश्चित गर्नुका साथै उपचार सेवामा पहुँच सुनिश्चित गरी सम्पूर्ण नगर क्षेत्रलाई चरणबद्ध रुपमा क्षयरोगमुक्त नगर बना इने नीति अवलम्बन गरिनेछ ।

१५) नगर बासीहरुलाई लक्षित गरी क्षयरोगमुक्त अभियान सञ्चालन गरि सो अभियानमार्फत क्षयरोगको जोखिममा रहेका व्यक्तिहरुलाई पहिचान गरी समयमै परीक्षण तथा उपचार सेवामा पहुँच सुनिश्चित गर्नुका साथै उपचार सेवामा पहुँच सुनिश्चित गरी सम्पूर्ण नगर क्षेत्रलाई चरणबद्ध रुपमा क्षयरोगमुक्त नगर बना इने नीति अवलम्बन गरिनेछ।

## खानेपानी तथा सरसफाइ सम्बन्धी नीति

१)यस आर्थिक वर्षमा नगरपालिकाको आवधिक योजना निर्माणसँगै खानेपानी तथा सरसफाइसम्बन्धी गुरुयोजना तयार गरिनेछ र सो योजना कार्यान्वयनमा ल्याइनेछ, जसबाट नगरबासीलाई दिगो, सुरक्षित र स्वच्छ खानेपानी तथा सरसफाइ सेवा सुनिश्चित गरिनेछ।

२)जैविक विविधताको संरक्षण गर्न तथा हराउँदै गइरहेका परम्परागत खानेपानी स्रोतहरू (कुवा, हिटी, धारा) लाई पुनर्जीवन दिन प्रत्येक वडामा कम्तीमा एक वटा परम्परागत कुवा वा हिटीको पुरातात्विक शैलीमा पुर्न निर्माण गर्ने नीति लिइनेछ।

३)नगरपालिकाको फोहरमैला व्यवस्थापन कार्यमा प्रत्यक्ष/अप्रत्यक्ष रूपमा संलग्न औपचारिक तथा अनौपचारिक संघसंस्थासँग आबद्ध सरसफाइकर्मीहरूको पहिचान गरी, नगरलाई सफा र स्वच्छ राख्न गरेको उल्लेखनीय योगदानको कदर तथा सम्मान गरिनेछ।

४)फोहरमैला व्यवस्थापनलाई प्रभावकारी बनाउने उद्देश्यले घरदैलो तथा व्यावसायिक स्थलहरूबाट उत्सर्जन हुने फोहरलाई स्रोतमै अनिवार्य रूपमा जैविक, अजैविक तथा पुनःप्रयोगयोग्य गरी वर्गीकरण गर्न प्रेरित गरिनेछ। वर्गीकृत नगरी फोहर फाल्ने उत्सर्जकहरूलाई दण्ड तथा जरिवाना गर्ने व्यवस्था लागू गरिनेछ।

५)प्लास्टिक झोलाको प्रयोगलाई निरुत्साहित गर्दै त्यसको पर्यावरणमैत्री विकल्पको खोजी र प्रयोगलाई प्रोत्साहन गरिनेछ। साथै, सार्वजनिक स्थलहरूको नियमित सरसफाई र व्यवस्थापनमा विशेष ध्यान दिइनेछ।

६)विदुर नगरपालिका वडा नं. १,७, ८ र ९ मा विद्यमान खानेपानी अभाव समाधान गर्न लक्षित निर्माणाधीन अवस्थामा रहेको गदियाखोला खानेपानी आयोजनको निर्माणकार्यलाई निरन्तरता दिइनेछ ।

७)नगरक्षेत्रभित्र सार्वजनिक स्वास्थ्य, सरसफाई र पहुँच सुधार गर्न सार्वजनिक जग्गाको पहिचान गरी सुविधासम्पन्न सार्वजनिक शौचालयहरूको निर्माण गरिनेछ, ।

८) खानेपानी मुहानको स्वच्छता परिक्षण गर्ने नीति लिइनेछ ।

## कानून तथा न्याय

१) नगरभित्रको सुव्यवस्थालाई प्रभावकारी बनाई जनधनको सुरक्षाको प्रत्याभूति गर्न नगर प्रहरीको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ। साथै, नगरगस्तीलाई नियमित र प्रभावकारी बनाउँदै सार्वजनिक स्थानहरूमा सुरक्षामूलक उपस्थिति मजबुत पारिनेछ। सुरक्षा दृष्टिकोणले संवेदनशील स्थानहरूमा सामाजिक संघसंस्था तथा नेपाल प्रहरीसँगको समन्वयमा सिसिटिभी जडानको कार्यलाई निरन्तरता दिइनेछ, जसबाट अपराध निगरानी, निवारण र द्रुत प्रतिकार्य प्रणाली थप प्रभावकारी बनाइनेछ।

२) नेपालको संविधान तथा प्रचलित कानून बमोजिम स्थानीय तहको अधिकार क्षेत्रसँग सम्बन्धित विषयमा आवश्यक कानून निर्माण कार्यान्वयन र समयानुकूल परिमार्जन गरिनेछ ।

३) न्यायिक कार्य सम्पादनमा सहजता ल्याउन नगरपालिकाको न्यायिक समितिको भूमिका थप प्रभावकारी बनाइनेछ। उजुरी/विवादको समयमै निरूपण गरी पीडितलाई न्यायको प्रत्याभूति गरिनेछ।

४) न्यायिक कार्यहरूलाई प्रविधिमैत्री बनाउँदै लैजान डिजिटल प्रणालीको प्रयोग प्रोत्साहित गरिनेछ। साथै, सबै वडामा मेलमिलापकर्ताको भूमिका सशक्त र सक्रिय बनाइनेछ, जसले साना विवादको समाधान समुदायस्तरमै सुनिश्चित गर्नेछ।

५) स्थानीय कानून, मौलिक हक तथा मानव अधिकार सम्बन्धी सचेतना अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिइनेछ जसबाट आम नागरिकमा कानूनी चेतना बढाई उनीहरूलाई आफ्ना अधिकार प्रयोग गर्न सक्षम बनाउन कानूनको आधारभूत ज्ञान दिने नीति लिइनेछ ।

६) स्थानीय बालमैत्री नगर घोषणा कार्यक्रम अन्तर्गत व्यक्तिगत घटना दर्ताका उल्लिखित सूचक हासिल गर्न, ५ वर्षमुनीका सबै बालबालिकाको जन्मदर्ता वडा स्तरमै अनिवार्य गरिनेछ।

***नगरसभाका सदस्यज्यूहरु***

नगरको विकास, समृद्धि र सुशासनको अभियानमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा साथ र सहयोग पुऱ्याउनु हुने नगरसभा सदस्यज्यूहरू, नेपाल सरकार तथा प्रदेश सरकारका प्रतिनिधिज्यूहरू, राजनीतिक दलका पदाधिकारीज्यूहरू, वडा अध्यक्षज्यूहरू, विभिन्न विषयगत समितिका संयोजकज्यूहरू, निजी क्षेत्रका व्यवसायीहरु, प्राध्यापक, बुद्धिजीवी वर्ग, गैरसरकारी संस्था, नागरिक समाज, सञ्चार माध्यम, पत्रकार जगत, राष्ट्रसेवक कर्मचारी तथा सम्पूर्ण विदुर नगरवासीमा हार्दिक आभार प्रकट गर्दछु।

अन्त्यमा, नगरको विकास र सम्बृद्धिका लागि निरन्तर सद्भाव, सहकार्य र योगदान पुऱ्याउँदै आउनुभएका आम नागरिक, करदातागण र नगर हितमा समर्पित सम्पूर्ण पक्षहरूबाट यस नीति तथा कार्यक्रमको सफल तथा प्रभावकारी कार्यान्वयनका लागि सदा झैं निरन्तर समर्थनको अपेक्षा गर्दै सम्बद्ध सबै पक्षप्रति हार्दिक आभार प्रकट गर्दछु । पुन: एकपटक मलाई निर्वाचित गर्ने मतदाताहरुलाई नमन गर्दछु ।

वर्तमान वस्तुगत यथार्थ र धरातलमा उभिएर हाम्रो नगरपालिकाको नीति तथा कार्यक्रमलाई आधार मानी समग्र चुनौतिहरुको सामना गर्न कटिबद्ध, प्रतिबद्ध र एकताबद्ध हुँदै, हामी सबै विदुर नगरवासीको उज्ज्वल भविष्य निर्माणमा सबैको योगदान रहोस भन्ने कामना गर्दछु।

धन्यवाद ।

# ४.विदुर नगरपालिका उपप्रमुख श्री प्रभा बोगटीज्यूद्वार १७ औं नगरसभामा पेश गरिएको बजेट वक्तव्य

सम्मानित नगरसभाका अध्यक्ष एंव नगर प्रमुखज्यू,
नगर सभाका सदस्यज्यूहरु,

नेपालको संविधान, स्थानिय सरकार संचालन ऐन, नगरको अर्थ विधेयक २०८२/०८३, विनियोजन विधयेक २०८२/०८३ आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम, विषयगत समितिका प्राथमिकता र आवश्यकताहरु, वडा र नगर स्तरक बजेटका आवश्यकता र प्राथमिकताहरु तथा नगरवासीहरुको माग र आवश्यकतालाई ध्यानमा राखी २०८२/०८३, को बजेट कुल अर्व, १३ करोड, ८१ लाख ४३ हजार ४ सय ४७ को बजेट प्रक्षेपण गर्दै यो प्रस्ताव यस सम्मानित सभामा प्रस्तुत गर्न गइरहेको छु।
स्थानिय सरकार जनताको घर आगनको सरकार भन्ने स्थापित मुल्य मान्यतालाई आत्मसाथ गर्दै जनताका आधारभूत आवश्यकतालाई परिपुर्ति गर्ने र सेवा प्रवाहलाइ केन्द्र बिन्दुमा राखिएको छ। विदुर नगरपालिकाको यो बजेटले नगरभित्रका सामाजिक, आर्थिक, सांस्कृतिक क्षेत्रको रुपान्तरण र पूर्वाधार विकासलाई जनताको जीवनस्तरसँग जोड्न सकिन्छ भन्ने विश्वास बजेटले दिलाउनेछ ।

म यस अबसरमा देशको आमुल परिवर्तनका लागि आहुति दिनु भएका सहिदहरुको स्मरण गर्दै श्रद्धा भाव प्रकट गर्दछु । बेपत्त नागरिकहरुको ससम्मान स्मरण गर्दछु घाइतेहरुको सम्मान स्मरण र स्वास्थ्य लाभको कामना गर्दछु। यो व्यवस्थाका लागि सहकार्य र भूमिका निर्वाह गर्ने राजनीतिक दल, नेता र जनतामा सम्मान भाव प्रकट गर्दछु । व्यवस्था परिवर्तनसँगै जनताको अवस्था परिवर्तन गर्न हामी विदुर नगरपालिका अहोरात्र जनताको सेवामा समर्पित भएको अवगत गराउँदै जनताको सेवामा निरन्तर लागि नै रहने प्रतिबद्धता गर्दछु ।

अब म यस सम्मानित नगर सभामा आर्थिक बर्ष २०८२/८३ को बजेट पेश गर्ने अनुमति चाहन्छु ।

धन्यबाद !

## ५.१ आ.व. २०८२/ ८३ को अनुमानित आय प्रक्षेपण विवरण

| सि.नं. | अनुमानित आय विवरण | ०८२।०८३ को अनुमानित रु अक्षेरुपी | ०८२।०८३ को अनुमानित बजेट |
|---|---|---|---|
| १ | **सङ्घीय सरकारको अनुदान तर्फ** | | |
| क | समानिकरण अनुदान | १४ करोड ७६ लाख | १४७६००००० |
| ख | शसर्त चालु अनुदान | ४३ करोड १९ लाख | ४३१९००००० |
| ग | समपुरक अनुदान | ६० लाख | ६०००००० |
| घ | विशेष अनुदान | ६८ लाख | ६८००००० |
| | **सङ्घीय सरकारको कुल जम्मा अनुदान** | **५९ करोड २३ लाख** | **५९२३००००० |
| २ | **प्रदेश सरकारको अनुदानहरु** | | |
| क | समानिकरण अनुदान | १ करोड ५२ लाख १५ हजार | १५२१५००० |
| ख | शसर्त चालु अनुदान | ४ करोड ३० लाख ८४ हजार | ४३०८४००० |
| ग | समपुरक अनुदान | २ करोड १० लाख | २१०००००० |
| घ | विशेष अनुदान | ३० लाख | ३०००००० |
| | **प्रदेश सरकारको कुल जम्मा अनुदान** | **८ करोड करोड २२ लाख ९९ हजार** | **८२२९९०००** |
| ३ | **राजश्व वाँडफाँड** | | |

| | | | |
|---|---|---|---|
| क | मूल्य अभिवृद्धिकर अन्तशुल्क | ११करोड ६४ लाख १६ हजार ९ सय २७ | ११६४१६९२७ |
| ख | बाँडफाँडवाट प्राप्त हुने सवारी साधन कर | ४ करोड ९४ हजार २७ हजार ५ सय २० | ४९२७५२० |
| ग | घरजग्गा रजिष्ट्रेशन दस्तुर (मालपोतवाट प्राप्त) | ५ करोड ६९ लाख | ५६९००००० |
| घ | बाँडफाँडवाट प्राप्त विद्युतीय रोयल्टी | ५ करोड ६३ लाख | ५६३००००० |
| ङ | बाँडफाँड भइ प्राप्त दहत्तर बहत्तरको विक्रिवाट | ६ करोड १०लाख | ६१०००००० |
| | **राजश्व बाँडफाँडको कुल रकम** | **३४ करोड ४४ हजार ४ सय सच्चालिस** | **३४००४४४४७** |
| ४ | **नगरपालिकाको आन्तरिक श्रोत** | | |
| क | सम्पती कर | १ करोड ५० लाख | १५००००० |
| ख | भुमिकर/ मालपोत | १ करोड ५० लाख | १५००००० |
| ग | वहालकर | २ करोड ५० लाख | २५००००० |
| घ | वहाल विरौटी कर | २५ लाख | २५०००० |
| ङ | अन्य मनोरञ्जन कर | १ लाख | १००००० |
| च | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर | - | - |
| छ | अन्य कर | ८० लाख | ८०००००० |
| ज | न्यायिक दस्तुर | १० हजार | १०००० |
| झ | शिक्षा क्षेत्रको आम्दानी | २ लाख | २००००० |
| ञ | अन्य प्रशासनिक सेवा शुल्क | २० लाख | २०००००० |
| ट | नक्सापास दस्तुर | १ करोड | १००००००० |
| ठ | सिफारिश दस्तुर | ७३ लाख ९० हजार | ७३९०००० |
| ड | व्यक्तिगत घटना दस्तुर | १० लाख | १०००००० |
| ढ | नाता प्रमाणित दस्तुर | ५ लाख | ५००००० |
| ण | अन्य दस्तुर | ५ लाख | ५००००० |
| त | व्यवसायिक रजिष्ट्रेशन दस्तुर/व्यवसाय कर | २ करोड | २००००००० |
| थ | विज्ञापन कर | ३ लाख | ३००००० |
| द | आ.व. २०८१/ ०८२ मौज्दात (अ.ल्या ) | १ करोड ५० लाख | १५,०००,००० |
| ध | जडीबुटी, कवाडी, जिवजन्तु, वन समूह दर्ता कर | १० लाख | १०००००० |
| | **नगरपालिकाको आन्तरिक श्रोतको कुल जम्मा अनुदान** | **१२ करोड ३५ लाख** | **१२३५००००० ०** |
| | | | |
| | **जम्मा कुल आय अनुमान (१+२+३+४)** | **१ अर्ब १३ करोड ८१ लाख ४३ हजार ४ सय ४७** | |

द्रष्टव्यः-विदुर नगरपालिकाको १७ औ नगर सभाबाट रु १,१३,८१,४३,४४७ अक्षेररुपी एक अर्व तेर्ह करोड एकासी लाख त्रिचालिस हजार चार सय सत्तचालिस मात्र बिनियोजन भएकोमा बागमती प्रदेश सरकार बिशेष अनुदान रु साठी लाख हुनुपर्नेमा रू तिस लाख भएको र नेपाल सरकार संघिय हस्तान्तरण कार्यक्रम पुँजीगत बजेटको सिमा दूई करोड छ्यालीस लाख बेलकोटगढी नगरपालिका नुवाकोटको स्थानीय संचित कोष व्यवस्थापन प्रणालीमा पठाउनु पर्नेमा नेपाल सरकारले विदुर नगरपालिकाको स्थानीय संचित कोष प्रणालीमा पठाएको र लक गरेको हुनाले विदुर नगरपालिकाको बजेट रु १,१६,५७,४३,४४७ अक्षेररुपी एक अर्व स्रोह करोड सन्ताउन्नलाख त्रिचालिस हजार चार सय सत्तचालिस सुत्र प्रणालीमा अनुमानित बजेट सिमा कायम हुन आएको।

## ४.१ आ.व.२०८२/८३ को अनुमानित खर्च विवरण

| सि.नं. | अनुमानित व्यय विवरण | ०८२।०८३ को अनुमानित प्रक्षेपण |
|---|---|---|
| १ | **कुल जम्मा वार्षिक वजेट** | **१००००००० ** |
| क | **सङ्घीय शसर्त तर्फ** | |
| | शसर्त चालु अनुदान | ४३१९००००० |
| | समपुरक अनुदान | ६०००००० |
| | विशेष अनुदान | ६८००००० |
| ख | **प्रदेश शसर्त तर्फ** | |
| | शसर्त चालु अनुदान | ४३०८४००० |
| | समपुरक अनुदान | २१०००००० |
| | विशेष अनुदान | ३००००० |
| ग | सङ्घीय प्रदेश समपुरक/विशेष म्याचिङ | ६००००००० |
| घ | चालु खर्च | १४०८००००० |
| ङ | गत आ.व.को भुक्तानी | ८१७००००० |
| च | वडा कार्यालय प्रशासनिक खर्च चालु | ७८००००० |
| छ | वडा कार्यालय पुँजीगत खर्च | ९१०००००० |
| ज | कार्यपालिका सदस्य पुँजीगत खर्च | ४०००००० |
| झ | शाखागत सिलिङ | ५३५००००० |
| ञ | हेभी सवारी साधन इन्धन | १००००००० |
| ट | विद्युत | ३०००००० |
| ठ | अवकाश कर्मचारी उपदान/औषधी उपचार र विदाको रकम | १००००००० |
| ड | नगर स्तरीय योजना | १०९३००००० |
| ढ | नीतिगत | १८०००००० |
| ण | गदीया खोल खानेपानी | ५०५९४४७ |
| त | (DPR) विस्तृत अध्ययन प्रतिवेदन | ५०००००० |
| थ | आवधिक योजना निर्माण | १२००००० |
| द | खानेपानी/सडक/यातायात/सिंचाइ | २६०००००० |
| | **कुल जम्मा वार्षिक वजेट** | **११३८१४३४४७** |

# ५.विदुर नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८२

**प्रस्तावना-** : विदुर नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा (२२८) को उपधारा (२) बमोजिम विदुर नगरपालिकाको सत्रौं नगरसभाको अधिवेशनले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "विदुर नगरपालिकाको आर्थिक ऐन, "२०८२" रहेको छ।

(२) यो ऐन २०८२ साल श्रावण १ गते देखि विदुर नगरपालिका क्षेत्रमा लागु हुनेछ।

(३) विदुर नगरपालिकाको करदाता जहाँ सुकै रहे बसेको भए पनि निजको हकमा यस कानूनमा भएका व्यवस्थाहरु लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "ऐन" भन्नाले बिदुर नगरपालिकाको आर्थिक ऐन, २०८२ सम्झनु पर्दछ ।

(ख) "नगरपालिका" भन्नाले विदुर नगरपालिका सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले विदुर नगर कार्यपालिका सम्झनु पर्दछ ।

(घ) "फर्म/संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका जुनसुकै फर्म वा संस्थालाई सम्झनु पर्दछ ।

(ङ) "व्यक्ति" भन्नाले यस ऐन बमोजिम कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै व्यक्ति सम्झनुपर्छ ।

(च) "सभा" भन्नाले विदुर नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

(छ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ ।

३. **सम्पती करः**

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र जग्गामा अनुसूची (१) अनुसारको मुल्यांकनका आधारमा अनुसूची (२) बमोजिमको सम्पती कर लगाउने र असुल उपर गर्नेछ।

(२) उपदफा १ बमोजिमको सम्पती कर लगाउँदा घर र सो घरले चर्चेको जग्गामा सम्पती कर लगाई बाँकी जग्गा र घर नभएको अन्य जग्गामा भूमिकर (मालपोत) लगाइने छ।

(३) आर्थिक वर्ष २०८२/८३ को पौष मसान्तभित्र सम्पत्ति कर बुझाएमा लाग्ने करमा १० प्रतिशत छुट हुनेछ।

(४) नगरपालिका भित्रका संरचनाको मुल्यांकन अनूसुची १ (ख) बमोजिम हुनेछ र संरचनामा वार्षिक २ प्रतिशतको दरले ह्रास कट्टी गरिनेछ।

(५) कुनै करदाताको वक्यौता तिर्न बाँकी भएमा चालु आर्थिक बर्षमा आएको मूल्याँकन रकम अनुसारको राजश्व र थप १० प्रतिशत जरिवाना असुल उपर गरिनेछ । तर आ.व.०७४/०७५ भन्दा अघिको सम्पती कर लिइने छैन।

४. **भूमिकर मालपोतः**

(१) नगरपालिका क्षेत्रभित्र अनुसूची (१) अनुसारको मूल्यांकनका आधारमा अनुसूची (२) बमोजिमको भूमिकर (मालपोत) लगाइने र असुल उपर गरिनेछ ।

(२) आर्थिक वर्ष २०८२/८३ को पौष मसान्तभित्र भूमिकर (मालपोत) बुझाएमा सो आ.व को तिर्नु पर्ने रकममा १० प्रतिशत छुट हुनेछ ।

(३) कुनै करदाताको वक्यौता तिर्न बाँकी भएमा यस बर्षमा आएको मूल्याँकन रकम अनुसारको राजश्व असुल गरिनेछ । तर आ.व.०७४/०७५ भन्दा अघिको वक्यैतामा यस वर्ष आएको मूल्याँकन रकमको ५० प्रतिशत रकम मात्र लिई सम्पूर्ण वक्यैता रकममा थप १० प्रतिशत जरिवाना असुल उपर गरिनेछ।

५. **घर बहाल करः**

(क) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा बहाल कर लगाई असुल गरिनेछ।

(ख) दफा (क) बमोजिम बहालमा दिएको जानकारी नगरपालिकालाई गराउनु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ र लाग्ने कर तिर्नु निजको दायित्व हुनेछ ।

(ग) घर जग्गा भाडामा लिने दिने कार्यलाई व्यवस्थित गर्न जग्गा भाडामा लिने दिनेबिच अनिवार्य रुपमा सम्बन्धित वडा कार्यालयसँग समन्वय गरी सम्झौता गर्नु पर्नेछ ।

(घ) घर वहाल करलाई स्यंम कर प्रणालीमा लगिने छ । कुनै पनि वहालमा लिने/दिने व्यक्तिगत करदाताले स्वच्छिक रुपमा निवेदन दिई आफैंले स्यवं कर घोषणा गरी कर बुझाउन चाहेंमा कर लिन सकिने छ।

**६. <u>व्यवसाय कर</u> :**

(१) नगरपालिका क्षेत्रभित्र सञ्चालित व्यापार, व्यवसाय वा सेवामा व्यवसायको प्रकृति र क्षेत्र अनुसार अनुसूची (४) बमोजिमको व्यवसाय कर लगाई असुल उपर गरिनेछ।

(२) आर्थिक वर्ष २०८२/८३ को पौष मसान्तभित्र व्यवसाय कर बुझाएमा १० प्रतिशत छुट हुनेछ। बैंक तथा वित्तीय संस्था, सहकारी, निमार्ण व्यवसायी लाईसेन्सको हकमा यो उपदफा लागु हुने छैन।

**७. <u>ढुंगा, गिट्टि, बालुवा, माटो संकलन र विक्री, कवाडी तथा अन्य वस्तुको निकासी कर :</u>**

(क) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ढुंगा, गिट्टि, वालुवा, माटो, संकलन र विक्री, कवाडी तथा अन्य वस्तुको निकासी कर, जीव जन्तुको हाड सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरे अनुसूची (५) बमोजिम कर लगाइने र असुल उपर गरिनेछ । तर यस सम्बन्धमा प्रदेश आर्थिक ऐनमा व्यवस्था भएकोमा सोही बमोजिम हुनेछ ।

(ख) दफा (क) बमोजिमको कर संकलनका लागि नगरपालिकाले नियमानुसार ठेक्का बन्दोबस्त समेत गर्न सक्नेछ।

(ग) ठेक्का नलागेमा नगरपालिकाले नै अमानतबाट कर्मचारी खटाई कर संकलन गर्न सक्नेछ ।

(घ) दफा (ख) बमोजिम ठेक्का प्रकृयामा जादाँ पहिलो पटक सूचना प्रकाशन गर्दा ठेक्का प्रकृयामा जान नसकेमा राजश्व परामर्श समितिको सिफारिसबाट कार्यपालिकाले बाँकी समयलाई वार्षिक रुपमा घटाई सोही अनुसार कवोल रकम र परिमाण घटाउन सक्नेछ ।

**८. <u>विज्ञापन कर</u> :**

(क) नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (६) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

(ख) उपदफा (क) बमोजिमको कर संकलनका लागि नगरपालिकाले नियमानुसार ठेक्का बन्दोवस्त गर्न सक्नेछ ।

(ग) व्यवसाय परिचय पाटीको रुपमा राखिने ३"३ फुटको होर्डिङ बोर्डमा कर लगाइने छैन। तर ३"३ फुट भन्दा बढि लम्वाइको होर्डिङ बोर्ड राखेमा विज्ञापन कर लगाइने छ जसमा ३"३ फुटको होर्डिङ बोर्डको छुट पाइने छैन

(घ) उपदफा (ग) व्यवसाय रहेको सम्बन्धित स्थानको लागि मात्र लागु हुनेछ ।

**९. <u>सवारी साधन कर:</u>**

(१) नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (७) (क) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही वमोजिम हुनेछ ।

(२) विदुर नगरपालिका क्षेत्रभित्र अटो तथा ई-रिक्सा व्यवस्थापन निर्देशिका, २०७७ को व्यवस्था उल्लघंन गरेमा अनुसूची (७) (ख) बमोजिमको जरिवाना असुल उपर गरिनेछ ।

**१०. <u>मनोरञ्जन कर :</u>**

नगरपालिका क्षेत्रभित्र हुने मनोजञ्न व्यवसायमा अनुसूची (८) बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**११. <u>पार्किङ शुल्क</u> :**

(क) नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए बापत अनुसूची (९) बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ ।

(ख) नगरपालिकाको स्वामित्वमा रहेको बसपार्कको पार्किङ शुल्क संकलनका लागि नगरपालिकाले नियमानुसार ठेक्का बन्दोवस्त समेत गर्न सक्नेछ । ठेक्का नलागेसम्मको लागि नगरपालिकाले कर्मचारी खटाई यसै ऐन बमोजिमको दरमा कर असुल गर्न सक्नेछ ।

**१२. ट्रेकिङ, जिपफूलाईर र र्याफ्टिङ शुल्क :**

नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, जिपफ्लाईर, र्याफ्टिङ, कायोकिङ, क्यानोनिङ, बन्जि जम्पिङ वा यस्तै प्रकृतिका व्यवसाय सञ्चालन गरे बापत अनुसूची (१०) बमोजिमको शुल्क लगाउने र असुल उपर गरिनेछ।

**१३. सेवा शुल्क, दस्तुर :**

नगरपालिकाले निमार्ण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार र उपलव्ध गराइएको सेवामा सेवाग्राहीबाट अनुसूची (११) बमोजिमको शुल्क तथा दस्तुर लगाइने र असुल उपर गरिनेछ ।

**१४. भाडा कर**

नगरपालिकामा रहेको हल र प्रोजेक्टर प्रयोग गरे बापत अनुसुची (१२) बमोजिमको भाडा लिई उपलव्ध गराइने छ।

**१५. विजुली, टेलिफोन र नेट पोल शुल्क :**

बिजुली र टेलिफोन पोल शुल्क अनुसूची (१३) बमोजिम लगाई असुल उपर गरिनेछ ।

**१६. कर छुटः:**

यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई यस ऐनमा व्यवस्था भएको बाहेक अन्य कुनै किसिमको कर छुट दिइने छैन ।

**१७. कर तथा शुल्कहरु :**

गत विगतमा कर तिर्न बाँकी बक्यौताहरुका लागि गत आ.व. को कर तथा शुल्कका दररेटहरु लागू हुनेछ।

**१८. सामुदायिक वनबाट आय प्राप्त गर्नेः**

(१) नगरपालिका क्षेत्रभित्रका सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्रि बापत प्राप्त रकमको दश प्रतिशत रकम नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(२) व्यवसायिक प्रयोजनको लागि निजी वनपैदावर ओसारपसार गर्दा व्यवसायीबाट तोकिएको राजश्वको दुई प्रतिशत रकम स्थानीय सेवा शुल्क बापत नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

**१९. बाधा अड्काउ फुकाउः**

यस ऐनको कार्यान्वयनको क्रममा कुनै बाधा आइ परेमा विदुर नगरपालिका नगर कार्यपालिकालाई बाधा अड्काउ फुकाउने अधिकार रहनेछ ।

**२०. खारेजी र बचाउ**

साविकमा विदुर नगरपालिकाले लागु गर्दै आएका व्यवस्थाहरु यस ऐनसँग प्रतिकुल देखिएमा प्रतिकुल भएको हदसम्म खारेज हुनेछ ।यस ऐनमा उल्लिखित व्यवस्थाहरु संघीय संसद र प्रदेशसभाले बनाएका कानून प्रतिकुल भएमा प्रतिकुल भएको हदसम्म नगरपालिकाको कानून लागु हुनेछैन।यस अघि यस सम्बन्धमा भएका व्यवस्थाहरु यसै कानून बमोजिम भएको मानिने छ।

**२१. विविधः**

यस ऐनमा उल्लेख नभएका करका शिर्षक, करका दर तथा शुल्कका विषयमा आर्थिक वर्षको बीचमा संशोधन तथा थपघट गर्न परेमा राजश्व परामर्श समितिको सिफारिसमा नगर कार्यपालिकाको बैठकबाट संशोधन गरी कर संकलन गर्न सकिनेछ । यसरी संशोधन गरिएको विषय नगरसभाबाट अनुमोदन गर्नुपर्नेछ।

## अनुसूची १ (क)
## (दफा ३ र ४ संग सम्बन्धित)
## (सम्पतिकर र भूमिकरका मूल्यांकन दरहरु)

नगरपालिका क्षेत्रभित्रका जग्गाहरु न्यूनतम मुल्याकंन दर निम्नानुसार छ ।

घर बनेको जग्गामा घरको प्लिन्थ लेभलको क्षेत्रफल र सोही क्षेत्रफल बराबर थप गरी हुन आउने क्षेत्रफलको मुल्यांकन अनुसार र सो घरको मूल्यांकन गरी सम्पति करको दर अनुसार सम्पति कर लिने र बाँकी रहन आउने जग्गाको मूल्यांकन गरी भूमिकरको दर अनुसार भूमिकर लिने ।

**वडा नं. १**

| सि. नं. | स्थान | सडकले छोएको जग्गा (प्रति रोपनि) | सडकले नछोएको जग्गा (प्रतिरोपनि) | अन्य भिरपाखा (प्रति रोपनी ) |
|---|---|---|---|---|
| १. | ढुङ्गे बागवनीबाट पेट्रोलपम्पको खोल्सा सम्मका जग्गाहरु | १ करोड ७५ लाख | ३० लाख | |
| २. | पेट्रोलपम्पको खोल्सा देखि धोविखोला सम्मका जग्गाहरु | १ करोड | | |
| ३. | धोविखोलाबाट त्रिशुलिपुलसम्मका जग्गाहरु | ८० लाख | | |
| ४. | त्रिशुलिपुल देखि त्रिशूली कदमधारासम्मका जग्गाहरु | १ करोड | | |
| ५. | रत्नविर शाक्यको तेलमिल चोकदेखि बस्ति विकास हुँदै बसपार्क सडक क्षेत्रका जग्गाहरु | ८० लाख | | |
| ६. | बस्ती विकासको शाखा सडक क्षेत्रका जग्गाहरु | ६० लाख | | |
| ७. | रत्नविरको तेलमिल देखि कोलनी जाने पिपलबोटसम्मका जग्गाहरु | ४० लाख | | |
| ८. | सुर्य कुमारको घरदेखि कृष्ण मन्दिरसम्मका जग्गाहरु | २५ लाख | | |
| ९. | कृष्णमन्दिर देखि विनोद अमात्यको घर सम्मका जग्गाहरु | ४० लाख | | |
| १०. | विनोद अमात्यको घरदेखि त्रिशुलिपुलसम्मका जग्गाहरु | ३० लाख | | |
| ११. | त्रिशुलि बजारको भित्री गल्लिहरुका जग्गाहरु | २० लाख | | |
| १२. | भिमसेन मन्दिरदेखी राममन्दिरसम्मका जग्गाहरु | २५ लाख | | |
| १३. | करिमको घर देखि त्रिशुलि क्लिनिकसम्मका जग्गाहरु | २५ लाख | | |
| १४. | रिमाल डाँडादेखि विरे खोलासम्मका जग्गाहरु | ३० लाख | ५ लाख | |
| १५. | बान्द्रे, सिमुटार, बोगटीगाँउ केउरीनी क्षेत्रको जग्गाहरु | ३० लाख | ५ लाख | |
| १६. | क्यौरिनी क्षेत्रका जग्गाहरु | २० लाख | ५ लाख | |
| १७. | बान्द्रे हुँदै सिमुटार बस्तीका जग्गाहरु | ४० लाख | ५ लाख | |
| १८. | बागवानी जाने सडकक्षेत्रका जग्गाहरु | २० लाख | | |

| | | | | |
|---|---|---|---|---|
| १९. | ढुंगेबाट शिवालय जाने बाटोबाट वागवानी जाने बाटोसम्मका जग्गाहरु | १ करोड | | |
| २०. | ढुंगेबाट बान्द्रे हुँदै गेर्खु खोलासम्मका जग्गाहरु | १ करोड | | |

**वडा नं. २**

| सि. नं. | स्थान | सडकले छोएको जग्गा (प्रति रोपनि) | | सडकले नछोएको जग्गा (प्रतिरोपनि) | अन्य भिरपाखा (प्रति रोपनी ) |
|---|---|---|---|---|---|
| | | कालोपत्रे/ ढलान रु. | ग्रावेल/ कच्ची रु. | | |
| १. | भिमसेन मा.वि. देखि बट्टार राम मन्दिर हाइवेसम्मका जग्गाहरु | १ करोड ३० लाख | | ४० लाख | |
| २. | बट्टार राम मन्दिरदेखि बट्टार व्यारेक सम्मका हाइवेका जग्गाहरु | १ करोड ७५ लाख | | ५० लाख | |
| ३. | बट्टार व्यारेक खोल्सादेखि नेपाल बैंक लिमिटेड तल सिमासम्मका हाइवेका जग्गाहरु | १ करोड ५० लाख | | ४५ लाख | |
| ४. | ईन्द्रचोकदेखि भुटोलबजार सम्मका सडक क्षेत्रका जग्गाहरु | १५ लाख | | ५ लाख | |
| ५. | त्रिशुलि होटल एरिया, जिल्ला प्रशासन कार्यालय, हुलाक एरिया, नेपाली काँग्रेस पार्टी कार्यालय जाने सडक क्षेत्रको जग्गाहरु | ४५ लाख | २५ लाख | १५ लाख | |
| ६. | दम्कि सन्देशमार्ग, वाराही मार्ग, कृष्णमन्दिर क्षेत्रका जग्गाहरु | १ करोड | ३० लाख | १५ लाख | |
| ७. | लामीडाँडा गुम्बा कर्भडहल क्षेत्रका जग्गाहरु | १५ लाख | १० लाख | ५ लाख | |
| ८. | टुडिखेलदेखि अशोकबाटिका, कुवापानि, गणेस्थान, तोपखाना, महामण्डल, सहरटोल, तोपखाना चौतारा देखि भ्यू टावर जाने सडक क्षेत्रका जग्गाहरु | १२ लाख | ८ लाख | ४ लाख | |
| ९. | पुष्पबाटिका, तर्केचौर, सहरटोल, कुवापानी तल्लो, सितापोखरि, तिनधारा, कुसुमवारी क्षेत्रका जग्गाहरु | ९ लाख | ६ लाख | २ लाख | |
| १०. | कपासखोरिया, बानियाडाँडा क्षेत्रका जग्गाहरु | | ६ लाख | २ लाख | |
| ११. | गंगटे देखि लिखु गा.पा. सम्मका छहरेटोखा सडक क्षेत्रका जग्गाहरु | २५ लाख | १५ लाख | १० लाख | |
| १२. | सेराफाँटका खेतीयोग्य जग्गाहरु | १२ लाख | ७ लाख | १० लाख | |
| १३. | मैदानटोल, नयाँबजार क्षेत्रका जग्गाहरु | १२ लाख | ८ लाख | ५ लाख | |
| १४. | शाहीटोल, धरमपानी क्षेत्रका जग्गाहरु | | ८ लाख | ३ लाख | |
| १५. | साततले दरबार देखि भैरवि मन्दिरसम्मका क्षेत्रका जग्गाहरु | | १५ लाख | ५ लाख | |
| १६. | अन्य जग्गाहरु | १५ लाख | ८ लाख | २ लाख | |

**वडा नं. ३**

| सि. नं. | स्थान | सडकले छोएको जग्गा (प्रति रोपनि) | सडकले नछोएको जग्गा (प्रतिरोपनि) | अन्य भिरपाखा (प्रति रोपनी ) |
|---|---|---|---|---|
| १. | बुहुनीवेशी, देवीघाट हुँदै सिरखालिसम्मका जग्गाहरु | ३० लाख | ५ लाख | ३ लाख |
| २. | सिरखालिदेखि छत्रेखोलासम्मका जग्गाहरु | ८ लाख | ४ लाख | ३ लाख |
| ३. | चैनपुर हुँदै खङ्गभङ्ग्याङसम्मका जग्गाहरु | २२ लाख | ३ लाख | १ लाख |
| ४. | खङ्गभङ्ग्याङ देखि पाताल-आलमडाँडासम्मका जग्गाहरु | ५ लाख | २ लाख | १ लाख |
| ५. | जोगीडाँडा, छापथोक, पिपलडाँडाका जग्गाहरु | ३ लाख | १ लाख ५० हजार | १ लाख |
| ६. | बुधसिँघाट, मैरीटार, पुतली बजार, बुधसिँहघाट बजारसम्मका जग्गाहरु | १५ लाख | ५ लाख | २ लाख |
| ७. | कछाडगाँउ, कुमालटार, ढोडनीक्षेत्रका जग्गाहरु | ५ लाख | ४ लाख | २ लाख |
| ८. | अर्याल गाँउ, भर्दौरे मुलपानी, कुनाटोल, ढुङ्गेटोल, पाखाटोल शेरेखोला गाँउ क्षेत्रका जग्गाहरु | ५ लाख | २ लाख | १ लाख |
| ९. | देवीघाट, सिर्खाली आवास क्षेत्रका जग्गाहरु | १० लाख | ८ लाख | ४ लाख |
| १०. | माझीगाँउ, पुसुनटार, बुहुनीवेशि आवास क्षेत्रका जग्गाहरु | ८ लाख | ४ लाख | १ लाख |
| ११. | आप्रेथोक, भोलेखोला केउरिनी, आप पानी, काप्रेपानी क्षेत्रका जग्गाहरु | ३ लाख | २ लाख | १ लाख |
| १२. | शेराचौर कुखुरे क्षेत्रका जग्गाहरु | १० लाख | ४ लाख | १ लाख |
| १३. | भार्ले भ्यागुरे क्षेत्रका जग्गाहरु | ४ लाख | २ लाख | १ लाख |
| १४. | पोखरेफाँट, छत्रेफाँट क्षेत्रका जग्गाहरु | ५ लाख | ४ लाख | १ लाख |
| १५. | अन्य भिरपाखा क्षेत्रका जग्गाहरु | २ लाख | १ लाख ५० हजार | १ लाख |

**वडा नं. ४**

| सि. नं. | स्थान | सडकले छोएको जग्गा (प्रति रोपनि) रु. | | सडकले नछोएको जग्गा (प्रतिरोपनि) | अन्य भिरपाखा (प्रति रोपनी ) |
|---|---|---|---|---|---|
| | | कालोपत्रे/ढलान | ग्रावेल/कच्ची | | |
| १. | भिमसेन मा.वि. देखि बट्टार राममन्दिरसम्मका जग्गाहरु | १ करोड ३० लाख | | ४० लाख | |
| २. | बट्टार राममन्दिरदेखि व्यारेक खोल्चीसम्मका जग्गाहर | १ करोड ७५ लाख | | ५० लाख | |
| ३. | व्यारेक खोल्चीदेखि नेपाल बैंक लिमिटेड सम्मका जग्गाहरु | १ करोड ७५ लाख | | ४५ लाख | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | विदुर नेपाल बैंक लिमिटेडदेखि बागवानी जाने बाटोसम्मका जग्गाहरु | १ करोड ७५ लाख | | २५ लाख | |
| ५. | लक्ष्मिनारायण मार्ग विदुरका जग्गाहरु | ८० लाख | | २० लाख | |
| ६. | नगरपालिका मार्गका जग्गाहरु | ९० लाख | | २५ लाख | |
| ७. | विन्द्रला मार्गका जग्गाहरु | ८० लाख | ४० लाख | २० लाख | |
| ८. | विदुर नेपाल बैक लिमिटेडबाट तल्लो विदुरका जग्गाहरु | ८० लाख | ४० लाख | २० लाख | |
| ९. | सिमचौर सडक तथा भित्रि सडकका जग्गाहरु | २० लाख | १० लाख | ५ लाख | |
| १०. | बट्टार क्वायारी क्षेत्रका जग्गाहरु | २० लाख | १० लाख | ५ लाख | |
| ११. | बसपार्क देखि घण्टाघर चोकसम्मका जग्गाहरु | ८० लाख | | २५ लाख | |
| १२. | संगमचोकदेखि क्रियापुत्रि भवनसम्मका जग्गाहरु | १ करोड | | ३५ लाख | |
| १३. | बालुवाटार मार्गका जग्गाहरु | ६० लाख | ३० लाख | २० लाख | |
| १४. | भिमसेन मार्गका जग्गाहरु | ९० लाख | | ३० लाख | |
| १५. | आँपघारी मार्गका जग्गाहरु | ६० लाख | ३० लाख | २० लाख | |
| १६. | पासाङल्हामु मार्गदेखि बसपार्कसम्मका जग्गाहरु | १ करोड ३० लाख | | ४० लाख | |
| १७. | फेदीगाँउचोकदेखि संयोजन मार्गसम्मका जग्गाहरु | ६० लाख | ३० लाख | २० लाख | |
| १८. | ओमशान्ति मार्ग, मनकामना मार्ग | ६० लाख | | २० लाख | |
| १९. | अर्किड मार्गका जग्गाहरु | ६० लाख | ३० लाख | २० लाख | |
| २०. | बट्टार पुरानो बजारबाट जगदम्बा हल चोकसम्मका जग्गाहरु | १ करोड ३० लाख | | ४० लाख | |
| २१. | क्याम्पस मार्गका जग्गाहरु | ८० लाख | | २० लाख | |
| २२. | फेदीगाँउ मार्गका जग्गाहरु | ६० लाख | | २५ लाख | |
| २३. | गंगटेदेखि मध्य पशुपती आँपघारी चोतारासम्मका जग्गाहरु | ४० लाख | | २० लाख | |
| २४. | अन्य सडकका जग्गाहरु | ४० लाख | ३० लाख | २० लाख | |

**वडा नं. ५**

| सि. नं. | स्थान | सडकले छोएको जग्गा (प्रति रोपनि) | सडकले नछोएको जग्गा (प्रतिरोपनि) | अन्य भिरपाखा (प्रति रोपनी ) |
|---|---|---|---|---|
| १. | देवीघाट आवासीय क्षेत्र स्मारकदेखि तादी पुल हुँदै सुकुमबासि बस्तिसम्मका जग्गाहरु | ५० लाख | | |

| | | | | |
|---|---|---|---|---|
| २. | स्मारकदेखि वृद्धाश्रम हुँदै तादी पुलसम्मका गल्छी त्रिशुली सडकको जग्गाहरु | ५० लाख | | |
| ३. | स्मारकदेखि बोहनीवेशी पुल सम्मको सडकका जग्गाहरु | ३० लाख | १० लाख | |
| ४. | स्मारक देखि देउरालि हुँदै चन्द्रज्योति स्कुलसम्मको गल्छी त्रिशुलि सडकका जग्गाहरु | ३० लाख | १५ लाख | |
| ५. | चन्द्रज्योति स्कुलदेखि वाँडाचौतारासम्मका जग्गाहरु | २० लाख | १० लाख | |
| ६. | तल्लो पिपल्टार रिंगरोडका जग्गाहरु | २० लाख | १० लाख | |
| ७. | दाना उद्योग देखि टाडे डिल सम्मका जग्गाहरु | २० लाख | १० लाख | |
| ८. | चन्द्रज्योति स्कुल देखि पिपल्टार गेटसम्मका जग्गाहरु | ४० लाख | २० लाख | |
| ९. | घिमिरेटोल देखि पोष्टबहादुर स्मृति पार्कसम्मका जग्गाहरु | ३० लाख | १० लाख | |
| १०. | मनकामना मन्दिरदेखि वडा कार्यालयसम्म त्रिशुलि, काठमाण्डौसम्मका जग्गाहरु | ५० लाख | २० लाख | |
| ११. | भट्टथोक देखि मुस्ले डिलसम्मका जग्गाहरु | २० लाख | १० लाख | |
| १२. | तादिपुल देखि सुर्यमोड हुँदै पिपल्टार गेटसम्मका त्रिशुलि काठमाण्डौ | २० लाख | १० लाख | |
| १३. | पिपल्टार गेटदेखि भित्रि सडकका वडा कार्यालय सम्म | २० लाख | १० लाख | |
| १४. | वडा कार्यालयदेखि गंगटेसम्मका त्रिशुलि काठमाण्डौ सडकका जग्गाहरु | ५० लाख | २० लाख | |
| १५. | वडा कार्यालय देखि भित्रि आँपको बोट हुँदै वि.पि. स्कुलसम्मका जग्गाहरु | २० लाख | १० लाख | |
| १६. | मगरटोल हुँदै छाप धनसार च्वाडी हुँदै कुमाल खोल्सिसम्मका जग्गाहरु | २० लाख | १० लाख | |
| १७. | कोलहालेको डिलदेखि रजघाट हुँदै हर्सिन्टार सम्मका जग्गाहरु | २५ लाख | १३ लाख | |
| १८. | गंगटे आवासिय क्षेत्र देखि भतेरे सम्मका जग्गाहरु | २५ लाख | १५ लाख | |
| १९. | हकुवा अर्चले फाँटसम्मका जग्गाहरु | १५ लाख | ८ लाख | |
| २०. | एक्लेफाँट, टुटिघाट, न्यूरेफाँट, अर्चलेफाँट, मचलेफाँट, हकुवा फेदीफाँट सम्मका जग्गाहरु | १५ लाख | ८ लाख | |
| २१. | अन्य भिरपाखा | १० लाख | ३ लाख | |

**वडा नं. ६**

| सि. नं. | स्थान | सडकले छोएको जग्गा (प्रति रोपनि) | | सडकले नछोएको जग्गा (प्रतिरोपनि) | अन्य भिरपाखा (प्रति रोपनी ) |
|---|---|---|---|---|---|
| | | कालोपत्रे/ढलान | ग्रावेल/कच्ची | | |
| १. | बट्टार चौताराबाट ईनारपाट्टी आँगेटारी खोल्सा सडक क्षेत्रका जग्गाहरु | ४० लाख | | | |
| २. | मध्यपशुपति मन्दिरदेखि प्राधिकरण जाने सडक क्षेत्रका जग्गाहरु | ४० लाख | | | |
| ३. | मुलथला बोहनीवेशी सडकका जग्गाहरु | २० लाख | १५ लाख | ५ लाख | १ लाख |
| ४. | ईनारपाटी, महारानिडिही, तल्लो कुमालटोल, चण्डीपोखरी सडकको जग्गाहरु | २० लाख | १५ लाख | | |
| ५. | मान्देढुङ्गा, मुलथला, चैनपुर खङ्गभङ्ग्याङ जाने सडकका जग्गाहरु | २२ लाख | ११ लाख | ५ लाख | |
| ६. | प्राधिकरण घुम्तिदेखि डिहिगाउँ, महारानीडिही सडकका जग्गाहरु | २२ लाख | १५ लाख | ६ लाख | |
| ७. | ईनारपाटि घारिगाँउ, आँगेटारी, महारानिडिहि, सडकले छोएको जग्गाहरु | २० लाख | १५ लाख | ६ लाख | |
| ८. | मुलथला, ढुंगेनटार, चैनपुर भित्री सडकमा पर्ने जग्गाहरु | १० लाख | ५ लाख | ५ लाख | |
| ९. | साविक चारघरे १ र २ को हालको ६ को खेतियोग्य जग्गाहरु | | | ५ लाख | |
| १०. | साविक विदुर ६ र ७ को हाल ६ को खतियोग्य जग्गाहरु | | | ७ लाख | |
| ११. | साविक चारघरे १ र २ को हालको ६ को जग्गाहरु | | | | १ लाख |
| १२. | घारिगाँउ त्रिशुलि काठमाण्डौं सडकका जग्गाहरु | २५ लाख | १५ लाख | | |
| १३. | लोकमार्ग सडकले छोएका जग्गाहरु | २५ लाख | १५ लाख | ५ लाख | |

**वडा नं. ७**

| सि. नं. | स्थान | सडकले छोएको जग्गा (प्रति रोपनि) | सडकले नछोएको जग्गा (प्रतिरोपनि) | अन्य भिरपाखा (प्रति रोपनी ) |
|---|---|---|---|---|
| १. | अँधेरिखोलादेखि चण्डेश्वरी मा.वि सम्मका जग्गाहरु | २० लाख | ४ लाख | |
| २. | चण्डेश्वरी मा.वि. देखि सोलेसम्मका जग्गाहरु | ३० लाख | ४ लाख | |
| ३. | धनेघट्टदेखि बेत्रावतिसम्मका जग्गाहरु | २० लाख | ४ लाख | |
| ४. | चण्डेश्वरी मा.वि. देखि रिजालटोलसम्मका जग्गाहरु | १२ लाख | ४ लाख | |

| | | | | |
|---|---|---|---|---|
| ५. | चौलानेदेखि रातमाटे हुँदै सानुगाउँसम्मका जग्गाहरु | ८ लाख | २ लाख | |
| ६. | ठुलोधारादेखि भाने चौतारासम्मका जग्गाहरु | ५ लाख | २ लाख | |
| ७. | डाँडा चौतारादेखि भाने चौतारासम्मका जग्गाहरु | ५ लाख | २ लाख | |
| ८. | ठुलोपँधेरोदेखि चोरखर्क हुँदै अँधेरिखोलासम्मका जग्गाहरु | ३ लाख | २ लाख | |
| क्र.सं. | विवरण | प्रति पशुपन्छी |
|---|---|---|

| | | नगरभित्रको लागि | अन्य पालिकाको लागि |
|---|---|---|---|
| १ | गोबर परिक्षेण | १५ | ३० |
| २ | सानो पशु बन्ध्याकरणा | ५० | १०० |
| ३ | ठुलो पशु बन्ध्याकरण | १०० | ३०० |
| ४ | Dressing of Simple Wound | ४० | १०० |
| ५ | Dressing of Complicated Wound (If Suturing is needed) | १०० | २०० |
| ६ | Postmortem of Poultry | २५ | ५० |
| ७ | Postmortem of Poultry | ५०० | ७०० |
| ८ | थुनेलो परिक्षेण | २५ | ५० |
| ९ | ल्याब परिक्षेण नगरी सामान्य औषधि वितरण प्रति औषधि प्रति सानो/ठुलो पशु | ५/१५ | १५/३० |
| १० | कृत्रिम गर्भाधान सेवा (कार्यालयमानै पशुको उपस्थिति भएको अवस्थामा) | २०० | - |

१२) दण्ड जरिवाना शुल्क

| क्र.सं. | राजश्व शिर्षक | राजश्व दर | कैफियत |
|---|---|---|---|
| १. | सरकारी सार्वजनिक जग्गा तथा सडकहरु अतिक्रमण गरी व्यापार व्यवसाय गरेमा, सामान राखी मानव तथा सवारी सधान आवत जावतमा असर पारेमा | पहिलो पटकको लागि रु. २००० दोस्रो पटकको लागि रु.५००० तेस्रो पटक बाट प्रति पटक रु. १०,०००।- | |

## अनुसूचि-१२
## (दफा १४ सँग सम्बन्धित)
## हल भाडाका दर

यस नगरपालिकामा रहेको हल तथा प्रोजेक्टर प्रयोग गरे बापत देहाय बमोजिम भाडा लिइनेछ ।

(क) हलको प्रतिदिन रु. ३०००।— भाडा लिई उपलब्ध गराउने ।

(ख) प्रोजेक्टर प्रतिदिन रु. १०००। भाडा लिई उपलब्ध गराउने ।

## अनुसूची-१३
## (दफा १५ सँग सम्बन्धित)
## विधुत/टेलिफोन पोल करको दर

१. (क) नेपाल विद्युत प्राधिकरणको राष्ट्रिय प्रसारण लाईन

| क्र.सं. | क्षमता | वार्षिक रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १ | ११ के.भि.ए. | १००० | |
| २. | ३३ के.भि.ए. | २००० | |
| ३. | ६६ के.भि.ए. | ५००० | |
| ४. | १२० के.भि.ए. | १०००० | |
| ५ | २२० के.भि.ए. भन्दा माथि | १०००० | प्रति पोल |

# ६.विदुर नगरपालिकाको आर्थिक बर्ष २०८२ / ८३ को लागि संचित कोषबाट रकम खर्च गर्ने र बिनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२

सभाबाट स्वीकृत मिति : २०८२/०३/२०

**प्रस्तावना :** विदुर नगरपालिका, नुवाकोट २०८२/८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२९ को उप—धारा (२) बमोजिम विदुर नगरपालिका, नुवाकोटको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "विदुर नगरपालिका, नुवाकोटको विनियोजन ऐन," रहेको छ। (२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०८२/८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१)आर्थिक वर्ष २०८२/८३को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम १,१६,५७,४३,४४७.०० (अक्षेरुपी रुपैयाँ एक अर्ब सोह्र करोड सन्ताउन्न लाख त्रिचालिस हजार चार सय सत्वालिस मात्र ।) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३ . **विनियोजन :** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/८३को निमित्त विदुर नगरपालिका, नुवाकोटको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनै शीर्षकमा बचत हुने र कुनै शीर्षकमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकमा विनियोजित रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढि शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

(४) विनियोजित बजेटको पुँजीगत शिर्षकमा अन्य कुनै शिर्षकबाट बढीमा २५ प्रतिशतसम्म मात्र रकमान्तर गर्न सकिनेछ।

(५) माथि रकम सार्ने विषयमा जुनसुकै कुरा लेखिएको भएतापनि आर्थिक वर्ष सुरु भएपछि आर्थिक वर्षको कुनै पनि समयमा नयाँ कार्यक्रम वा आयोजना थप्न र बजेट विनियोजन गर्न सकिने छैन।

**५. दायित्व भुक्तानी सम्बन्धी विशेष व्यवस्थाः**

गत आर्थिक वर्ष २०८१।०८२ को लागि संघीय सरकार, प्रदेशले उपलब्ध गराउन प्रस्ताव गरेको राजश्व बाँडफाडको रकम ,समानीकरण अनुदानको रकम प्रस्ताव गरे अनुसार सम्वन्धित आर्थिक वर्षमा बजेट निकासा प्राप्त हुन नसकेको वा आन्तरिक स्रोततर्फ अनुमान गरिएको राजश्व अनुमान बमोजिम प्राप्त तथा असुली हुन नसकेको वा विधुत रोयल्टी लगायतको नगरपालिकाको आय अनुमानमा प्रस्ताव गरिएको अन्य कुनै स्रोतबाट

प्राप्त हुनु पर्ने जति रकम प्राप्त हुन नसकेको कारणबाट आर्थिक वर्षको अन्त्यमा कार्य सम्पन्न भई सकेका आयोजना\कार्यक्रम वा कार्यालय सञ्चालनमा बाधा पर्ने खालका सेवा प्राप्त भएका चालु प्रकृतिका खर्च समेतको भुक्तानी दिनु पर्ने रकम भुक्तानी गर्न आर्थिक वर्षको अन्तमा बजेट अभाव भई विगत वर्षको भुक्तानी दिनुपर्ने दायित्व सरी आएको  यस्तो रकम योजना शाखाबाट एकिन गरी सो शाखा प्रमुख,आर्थिक प्रशासन शाखा प्रमुख, भण्डार शाखा प्रमुख र नगरसभाका अध्यक्षबाट भुक्तानी बाँकी प्रमाणित गरी सोको लागि बजेट समेत विनियोजन गरी यस्ता आयोजना\कार्यक्रमहरुलाई प्राथमिकतामा राखी भुक्तानी दिइनेछ

**६.बाधा अड्काउ फुकाउन सक्ने**

यस ऐन कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा विदुर नगर कार्यपालिकालाई बाधा अड्काउ फुकाउने अधिकार हुनेछ। यस्तो बाधा अड्काउ फुकाउने गरी भएको निर्णय नगरसभाबाट अनुमोदन गर्नु पर्नेछ।

**७. खारेजी र बचाउः**

यस ऐनमा लेखिका कुराहरु यसै ऐन अनुसार हुनेछ। यसअघि यस ऐनको उद्देश्य पुरा गर्न भए गरेका कार्यहरु यसै ऐन बमोजिम भएको मानिनेछ।

## ७.विदुर नगरपालिका १७ औं नगरसभाबाट पारित निर्णयहरु

निर्णयहरूः

१. मिति २०८१ श्रावण १ गते देखि २०८२ असार मसान्तसम्म नगर कार्यपालिका बैठकले गरेका निर्णय, न्यायिक समिति, राजश्व परामर्श समिति, योजना अनुगमन समिति, योजना फरफारक समिति, विभिन्न पदमा करार सेवामा पदपूर्ति गर्न लिएको परिक्षा समिति, आर्थिक विकास समिति, सामाजिक विकास समिति, पूर्वाधार विकास समिति, विपद तथा वातावरण समिति, संस्थागत विकास सेवा प्रवाह तथा सुशासन समिति, स्रोत अनुमान समिति, बजेट तथा कार्यक्रम तर्जुमा समितिले यस आर्थिक वर्ष (०८१/०८२) मा गरेका सम्पूर्ण निर्णय अनुमोदन गर्ने सर्बसम्मत निर्णय गरियो ।

२. मिति २०८२ असार १९ गते बसेको नगर कार्यपालिका बैठकमा परामर्श दाताले अध्ययन गरी पेश गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन र उक्त बैठकले प्रतिवेदन पुनरावलोकन गरी स्वीकृतिको लागि १७औं नगरसभाको मिति २०८२/०३/२० मा भएको तेश्रो बैठकमा पेश गरेको हुँदा उक्त संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०८२ अनुसारको तपसिल बमोजिमको संगठन संरचना बमोजिम अधिकृतस्तर, सहायकस्तर, श्रेणी विहीन र (प्रमुख प्रशासकीय अधिकृत) समेत गरी जम्मा २५४ जनाको (स्वास्थ्य सेवा र वडा कार्यालय तर्फ समेत) को दरबन्दी तेरिज स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिलः

- प्रशासन शाखा
- खरिद तथा भण्डार इकाई
- राजश्व शाखा
- कानून शाखा
- पूर्वाधार विकास तर्फ
  - क) शहरी पुर्वाधार विकास शाखा
  - ख) भवन तथा बस्ती विकास शाखा
- योजना तथा अनुगमन शाखा
- सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा (कार्यक्रम तर्फ)
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा
- सूचना प्रविधि शाखा
- वातावरण तथा सरसफाई शाखा
- शिक्षा, युवा तथा खेलकुद शाखा
- जनस्वास्थ्य शाखा
- आर्थिक विकास शाखा
  - क) पर्यटन तथा सम्पदा उपशाखा
  - ख) रोजगार उपशाखा
  - ग) सहकारी उपशखा
- पशुपन्छी सेवा केन्द्र
- कृषि विकास शाखा
- आर्थिक प्रशासन शाखा
- आन्तरिक लेखा परिक्षण शाखा
- नगर प्रहरी (करार सेवा)
- वडा कार्यालयहरु १३ वटा
- स्वास्थ्य चौकी ६ वटा
- आधारभूत स्वास्थ्य सेवा केन्द्र/सहरी स्वास्थ्य केन्द्र १३ वटा

# विदुर नगरपालिकाको दरबन्दी

| सि.नं. | पद | तह | सेवा | समूह | उपसमूह | मौजुदा दरवन्दी | थप | घट | खुद कायम दरवन्दी | पद संकेत नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्र.प्र.अ. | नवौं/दशौं | प्रशासन | सामान्य प्रशासन | | १ | x | x | १ | | * |
| (अ) | स्थानीय प्रशासन सेवा | | | | | | | | | | |
| (क) | **कानून समुह** | | | | | | | | | | |
| १ | कानून अधिकृत | साँतौं/आठौं | प्रशासन | कानून | | x | १ | x | १ | | |
| २ | कानूनी सहजकर्ता | पाँचौं | प्रशासन | कानून | | x | १ | x | १ | | करार |
| (ख) | **सामान्य प्रशासन समुह** | | | | | | | | | | |
| १ | वरिष्ठ शाखा अधिकृत | साँतौं/आठौं | प्रशासन | सामान्य प्रशासन | | १ | २ | x | ३ | | |
| २ | अधिकृत | छैटौं | प्रशासन | सामान्य प्रशासन | | ३ | x | २ | १ | | |
| ३ | सहायक | पाँचौं | प्रशासन | सामान्य प्रशासन | | ५ | x | २ | ३ | | |
| ४ | वरिष्ठ सहायक वडा सचिव | पाँचौं | प्रशासन | सामान्य प्रशासन | | ५ | ८ | x | १३ | | |
| ५ | सहायक | चौंथो | प्रशासन | सामान्य प्रशासन | | २ | x | x | २ | | |
| ६ | रोजगार संयोजक | पाँचौं | विविध सेवा | | | x | १ | x | १ | | करार |
| ७ | प्लम्वर | चौंथो | इन्जिनियरिङ्ग | सिभिल | स्यानेटरी | १ | x | x | १ | | करार |
| ८ | इलेक्ट्रिसियन | चौंथो | इन्जिनियरिङ्ग | इलेक्ट्रिकल | | १ | १ | x | २ | | करार |
| ९ | उद्यम विकास सहजकर्ता | चौंथो | विविध सेवा | | | x | २ | x | २ | | करार |
| १० | स्विपर | श्रेणी विहिन | प्रशासन | सामान्य प्रशासन | | ३ | x | x | ३ | | करार |
| ११ | फायर म्यान | श्रेणी विहिन | प्रशासन | सामान्य प्रशासन | | ४ | x | १ | ३ | | करार |
| १२ | कार्यालय सहयोगी | श्रेणी विहिन | प्रशासन | सामान्य प्रशासन | | ४४ | x | x | ४४ | | करार |
| १३ | हे.भी.सवारी चालक | श्रेणी विहिन | प्रशासन | सामान्य प्रशासन | | ७ | x | x | ७ | | करार |
| १४ | हलुका सवारी चालक | श्रेणी विहिन | प्रशासन | सामान्य प्रशासन | | ४ | x | x | ४ | | करार |

*संघिय दरबन्दी

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| (ग) | **नगर प्रहरी** | | | | | | | | | | |
| १ | सहायक निरीक्षक | चौंथो | प्रशासन | | | १ | x | x | १ | | करार |
| २ | हवल्दार | तृतयि | प्रशासन | | | २ | x | x | २ | | |
| ३ | जवान | श्रेणी विहिन | प्रशासन | | | १८ | ० | x | १८ | | करार |
| (घ) | **लेखा समूह** | | | | | | | | | | |
| १ | लेखा अधिकृत | साँतौं/आठौं | प्रशासन | लेखा | | १ | x | x | १ | | |
| २ | वरिष्ठ लेखा सहायक | पाँचौं/छैठौं | प्रशासन | लेखा | | २ | x | x | २ | | |
| (ङ) | **अन्तरिक लेखा परिक्षण समूह** | पाँचौं | प्रशासन | आ.ले.प. | | १ | x | x | १ | | |
| १ | वरिष्ठ आ.ले.प सहायक | पाँचौं | प्रशासन | आ.ले.प. | | १ | x | x | १ | | |
| (च) | **राजश्व समूह** | | | | | | | | | | |
| १ | राजश्व अधिकृत | साँतौं/आठौं | प्रशासन | राजश्व | | x | १ | x | १ | | |
| (आ) | **प्राविधिक** | | | | | | | | | | |
| | **स्थानीय इन्जिनियरिङ्ग सेवा** | | | | | | | | | | |
| १ | इन्जिनियर | साँतौं/आठौं | इन्जिनियरिङ्ग | सिभिल | जनरल | १ | x | x | १ | | |
| २ | इन्जिनियर | साँतौं | इन्जिनियरिङ्ग | सिभिल | वि.ए ड.आ | १ | x | x | १ | | |
| ३ | सव-इन्जिनियर | पाँचौं | इन्जिनियरिङ्ग | सिभिल | जनरल | ६ | ७ | x | १३ | वडा तर्फ | |
| ४ | सव-इन्जिनियर | पाँचौं | इन्जिनियरिङ्ग | सिभिल | वि.ए ड.आ | १ | x | x | १ | | |
| ५ | अ सव-इन्जिनियर | चौथौं/पाँचौं | इन्जिनियरिङ्ग | सिभिल | जनरल | १ | x | x | १ | | |
| ६ | ल्याव टेक्निसियन | पाँचौं | इन्जिनियरिङ्ग | | | x | १ | x | १ | | |
| ७ | अमिन | चौथौं | इन्जिनियरिङ्ग | सर्वे | | १ | x | x | १ | | |
| (इ) | **स्थानीय कृषि सेवा** | | | | | | | | | | |
| (क) | **कृषि प्रसार समूह** | | | | | | | | | | |
| १ | कृषि प्रसार अधिकृत | साँतौं/आठौं | कृषि | कृषि प्रसार | | x | १ | x | १ | | |
| २ | प्राविधिक सहायक | पाँचौं | कृषि | कृषि संरक्षण | | १ | x | x | १ | | |
| ३ | प्राविधिक सहायक | पाँचौं | कृषि | वाली विकास तथा माटो विज्ञान | | १ | x | x | १ | | |
| ४ | खाद्य अनुसन्धान सहायक | पाँचौं | कृषि | खा.पो.गु.नि. | | x | १ | x | १ | | |
| ५ | नायव प्राविधिक सहायक | चौथों | कृषि | वाली विकास तथा माटो विज्ञान | | x | २ | x | २ | वडा तर्फ | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| (ख) | **पशु चिकित्सक** | | | | | | | | | | |
| १ | पशु चिकित्सक | साँतौं/आठौं | कृषि | पशु चिकित्सा | | १ | x | x | १ | | |
| २ | प्राविधिक सहायक | पाँचौं | कृषि | पशु चिकित्सा | | १ | x | x | १ | | |
| ३ | नायव प्राविधिक सहायक | चौथों | कृषि | पशु चिकित्सा | | x | २ | x | २ | वडा तर्फ | |
| ४ | प्राविधिक सहायक | पाँचौं | कृषि | ला.पो.डे.डे. | | x | १ | x | १ | | |
| (ई) | स्थानिय शिक्षा सेवा | | | | | | | | | | |
| (क) | **जनरल एजुकेशन समूह** | | | | | | | | | | |
| १ | उप निर्देशक | नवौं/दशौं | शिक्षा | जनरल एजुकेशन | | १ | x | x | १ | | |
| २ | विद्यालय निरीक्षक | साँतौं/आठौं | शिक्षा | जनरल एजुकेशन | | १ | x | x | १ | | |
| ३ | प्राविधिक सहायक | पाँचौं | शिक्षा | जनरल एजुकेशन | | १ | x | x | १ | | |
| (उ) | **स्थानीय स्वास्थ्य सेवा** | | | | | | | | | | |
| (क) | **हेल्थ इन्फेक्सन समूह** | | | | | | | | | | |
| १ | जनस्वास्थ्य अधिकृत | साँतौं/आठौं | स्वास्थ्य | हेल्थ इन्फेक्सन | | १ | x | x | १ | | |
| २ | जनस्वास्थ्य निरिक्षक | छैठौं/साँतौं | स्वास्थ्य | हेल्थ इन्फेक्सन | | १ | ६ | x | ७ | | |
| ३ | हे.ई.सि./अ.हे.व. | पाँचौं/छैठौं | स्वास्थ्य | हेल्थ इन्फेक्सन | | ७ | x | १ | ६ | | |
| ४ | क्षयरोग संयोजक | पाँचौं | स्वास्थ्य | हेल्थ इन्फेक्सन | | x | १ | x | १ | | करार |
| ५ | अ.हे.व. | चौथों | स्वास्थ्य | हेल्थ इन्फेक्सन | | १८ | १ | x | १९ | | |
| ६ | सि.अ.न.मि. | पाँचौं/छैठौं | स्वास्थ्य | हेल्थ इन्फेक्सन | | ६ | x | x | ६ | | |
| ७ | प.हे.न. | पाँचौं/छैठौं | स्वास्थ्य | कम्युनिटी प.हे.नर्सिङ | | १ | x | x | १ | | |
| ८ | अ.न.मि. | चौथों | स्वास्थ्य | कम्युनिटी नर्सिङ | | १२ | ७ | x | १९ | | |
| ९ | ल्याव असिष्टेण्ट | चौथो | स्वास्थ्य | मे.ल्याव टे. | | x | ६ | x | ६ | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| (ऊ) | **स्थानिय विविध सेवा** | | | | | | | | | | |
| (क) | **विविध समुह** | | | | | | | | | | |
| १ | म.वि.नि. | पाँचौं/छैठौं | विविध सेवा | | | २ | x | x | २ | | |
| २ | सूचना प्रविधि अधिकृत | छैठौं | विविध सेवा | | | x | १ | x | १ | | करार |
| ३ | वातावरण निरीक्षक | पाँचौं | विविध सेवा | | | x | १ | x | १ | | करार |
| ४ | एम.आइ.एस.अपरेटर | पाँचौं | विविध सेवा | | | x | १ | x | १ | | करार |
| ५ | कम्प्युटर अपरेटर | पाँचौं | विविध सेवा | | | १ | x | x | १ | | करार |
| ६ | सहायक कम्प्युटर अपरेटर | चौथो | विविध सेवा | | | २ | ६ | x | ८ | | करार |
| ७ | सहायक कम्प्युटर अपरेटर | चौथो | विविध सेवा | | | x | १३ | x | १३ | वडा तर्फ | करार |
| ८ | सामाजिक परिचालक | चौथो | विविध सेवा | | | x | ८ | x | ८ | | करार |
| ९ | फिल्ड सहायक | चौथाँ | विविध सेवा | | | x | १ | x | १ | | करार |
| १० | मनोसामाजिक परामर्शकर्ता | चौथो | विविध सेवा | | | x | १ | x | १ | | करार |
| | | | | | **जम्मा** | १९८ | ८५ | २९ | २५४ | | |

३. १७औं नगरसभाको तेश्रो बैठकले स्वीकृत गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन मध्ये कैफियतमा करार लेखिएका दरवन्दीमा पद पूर्तिको लागि प्रदेश लोकसेवा आयोगमा विज्ञापन गर्न माग आकृती फारम भरी नपठाउने र स्थायी पदपूर्ति हुने पदमा प्रदेश लोक सेवा आयोगमा रिक्त पदपूर्तिका लागि माग आकृति फराम भरी पठाउने। सामाजिक परिचालकको आठ (८) दरवन्दी मध्ये कार्यरत सामाजिक परिचालक अवकास भएमा उक्त दरवन्दी स्वतः खारेज हुने र गरीवसँग विश्वेश्वर कार्यक्रममा कार्यरत सामाजिक परिचालक दरवन्दी रिक्त भएमा कार्यक्रम सञ्चालनमा बजेट व्यवस्थापन हुँदासम्म संघीय सरकारको गरीवसँग विश्वेश्वर कार्यक्रम कार्यान्वयन निर्देशिका (संशोधन), २०६६ अनुसार सम्बन्धित मन्त्रालयको स्वीकृत लिई सामाजिक परिचालक करारमा काम लगाई कार्यक्रमलाई निरन्तरता दिने सर्वसम्मत निर्णय गरियो ।

४. यस कार्यालयमा गत विगत वर्षदेखि करार सेवामा कार्यरत कर्मचारीहरुलाई आर्थिक वर्ष ०८२/०८३ (मिति २०८२/०४/०१ देखि २०८३/०३ मसान्तसम्म) को लागि करार सम्झौता नवीकरण गरी कामकाज लगाउने सर्वसम्मत निर्णय गरियो ।

५. यस कार्यालयमा गत विगत वर्षदेखि ज्यालादारीमा कार्यरत सवारी चालक, नगर प्रहरी, कार्यालय सहयोगी, माली, प्लम्वर, इलेक्ट्रिसियन, चौकीदार, बगैंचे, सरसफाई सम्बन्धी कार्य गर्ने स्वीपर लगायतका श्रेणीविहिन कर्मचारीलाई आर्थिक वर्ष ०८२/०८३ को पहिलो ६ महिनाको लागि सेवा लिने गरी कामकाजमा लगाउने सर्वसम्मत निर्णय गरियो ।

६. साविक जिल्ला विकास समिति अन्तर्गत स्वायत्तरुपमा रहेका स्थानीय विकास कोष लगायतबाट विउपूँजी तथा ऋणपूँजी लगायतबाट हस्तान्तरण भई आएका कर्मचारीलाई आर्थिक वर्ष ०७५/०७६ देखि मिति २०८२ असार मसान्तसम्म म्याद थप गरी कामकाजमा लगाएकोमा यस आर्थिक वर्ष ०८२/०८३ मा पनि सेवा करार नवीकरण गरी कामकाज लगाउने सर्वसम्मत निर्णय गरियो ।

७. यस कार्यालय र अन्तर्गत वडा कार्यालयमा गत विगत वर्षदेखि ज्यालादारीमा कार्यरत कम्प्युटर अपरेटर (पाचौं) र सहायक कम्प्युटर अपरेटर (चौथो) आवश्यकता अनुसार दरवन्दी रिक्त भएको स्थानमा औचित्य र आवश्यकताको आधारमा पहिला नगरपालिका कार्यालयमा र त्यसपछि वडा कार्यालयमा नियमानुसार करार सेवामा लिनको लागि विज्ञापन गरी कारवाही प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

८. विदुर नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अनुसार रिक्त रहेको अति आवश्यक पद पूर्ति गर्न वागमती प्रदेश लोकसेवा आयोगमा माग गरी पठाउन कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

९. यस कार्यालय मातहत सञ्चालन रहेको सामी परियोजनाको संयोजक (अधिकृत छैठौं) को लागि आर्थिक वर्ष ०८२/०८३ मा संघीय सरकारको सशर्त अनुदानमा तलव भत्ताको लागि बजेट व्यवस्थापन भई आएको हुँदा मिति २०८२ श्रावण ०१ गतेदेखि २०८३ असार मसान्तसम्म करार सम्झौता नवीकरण गर्ने सर्वसम्मत निर्णय गरियो ।

१०. मिति २०८१ श्रावण ०१ गतेदेखि २०८२ असार मसान्तसम्म नगरप्रमुखज्यूको तोकआदेशमा कार्यान्वयन भएका आयोजना/कार्यक्रमहरु (खानेपानी, सिंचाइ, सडक, मठमन्दिर, पुरातात्विक, विपद, विद्युत लगायत सम्पूर्ण कार्यमा) भएका र विभिन्न रोगले ग्रसित नगरवासीहरुलाई औषधि उपचार र आर्थिक सहयोग लगायत शीर्षकमा भएको खर्च अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

११. मिति २०८१ श्रावण १ गतेदेखि मिति २०८२ असार मसान्तसम्म विभिन्न मितिमा बसेका कार्यपालिका बैठकबाट स्वीकृत भएका नियमावली, कार्यविधि, मापदण्ड र निर्देशिकाहरु १७औं नगरसभाको तेश्रो बैठकले अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

१२. संघीय सरकार, प्रदेश सरकार र यस नगरपालिकाले गर्ने विभिन्न विकास आयोजना निर्माणको लागि तयार पार्ने DPR स्वीकृत गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने सर्वसम्मत निर्णय गरियो।

१३. यस नगरपालिकामा विपद लगायत अन्य कार्य समयमा नगरेमा/नगरपालिकाले तत्काल सम्बोधन नगरेमा स्थानीय जन धनमा क्षती पुग्ने अवस्था भएमा नगरसभाले बजेट विनियोजन गरेर विनियोजीत शीर्षकमा बजेट बाँकी भएमा प्राविधिकको लागत अनुमानको आधारमा कुनै व्यक्ति संघ संस्था, समुदाय, नागरिक समाजलाई एक पटकमा वढीमा ३ लाख सम्मको योजना र कार्यक्रमको लागि रकम उपलव्ध गराउन नगर प्रमुखज्यूलाई अधिकार दिने सर्वसम्मत निर्णय गरियो ।

१४. नदीजन्य तथा खानिजन्य पदार्थ, कवाडीको राजश्व संकलन कार्यमा फिल्डमा खटिने कर्मचारीलाई पाँचौं नगरसभाले गरेको निर्णयानुसार प्रतिदिन ३०० (तीन सय) खाजा/खाना खर्च उपलव्ध गराउने कार्यलाई निरन्तरता दिने सर्वसम्मत निर्णय गरियो ।

१५. यस कार्यालय अन्तर्गत कार्यालयको नाममा रहेका कार्यालय प्रयोजनको काममा प्रयोग हुने हेभी सवारी चालक तथा हल्का सवारीका चालकलाई प्रति महिना तपसिलमा उल्लिखित दरमा भ्रमणमा जाँदा खाना/खाजा आवास खर्चको रुपमा रकम उपलव्ध गराइनेछ । त्यसरी सुविधा प्राप्त गरेका चालकलाई जिल्लाभित्र वा बाहिर जाँदा दै.भ्र.भत्ता उपलव्ध नगराउने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

- नगर प्रमुख/उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतको सवारी साधन चलाउने चालकको लागि प्रति महिना रु.१५०००/- (पन्ध्र हजार) उपलव्ध गराउने।
- हेभी इक्वीपमेण्ट (स्काभेटर, जे.सि.भी. र ब्याकहो लोडर) चालकको लागि प्रति महिना रु.१००००/- (दश हजार) उपलव्ध गराउने।
- ट्रिपर/दमकल लगायत हेभी र हल्का सवारी चालकको लागि प्रति महिन रु.८०००/- (आठ हजार) उपलव्ध गराउने ।

- विपद तथा दमकल शाखामा कार्यरत फायरम्यानलाई खाजा/खाना खर्चको लागि मासिक रु.५५०० (पाँच हजार पाँच यस) उपलव्ध गराउने र सो बाहेक अन्य कुनै पनि सुविधा उपलव्ध नगराउने सर्वसम्मत निर्णय गरियो ।

१६. एक वडा एक प्राविधिक र कृषि तथा पशु शाखामा संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदनले केही दरवन्दी थप गरेको हुँदा प्राविधिक पदमा करार सेवाको लागि विज्ञापन गरी रिक्त ठाउँमा नियमानुसार पदपूर्ति गर्न कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

१७. यस कार्यालयको आ.व.०८१/०८२ मा लक्ष्य अनुसारको आन्तरिक श्रोततर्फको राजश्व संकलन नहुनुको साथै संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न शीर्षकमा उपलब्ध स्रोत सीमा अनुसारको बजेट निकासा नभएको हुँदा उक्त आ.व.को पुँजीगत तथा अत्यावश्यक चालु तर्फको रकम भुक्तानी दिन वाँकी रहेकोले उक्त रकम भुक्तानी दिन बाँकी शीर्षकमा अभिलेख गरी आ.व.०८२/०८३ को विगत वर्षको भुक्तानी दिन बाँकी पुँजीगत र चालु शीर्षकमा विनियोजीत बजेट रु.८ करोड १७ लाखबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

१८. १७औँ नगरसभामा पेश भएका तपसिलमा उल्लिखित विद्येक स्वीकृत गर्ने सर्वसम्मत निर्णण गरियो।

- विदुर नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक,२०८२
- विदुर नगरपालिकाको आर्थिक वर्ष ०८२/०८३ को लागि संचित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०८२
- विदुर नगरपालिकाको मध्यकालिन खर्च संरचना २०८२/०८३

१९. दरवन्दीमा रहेका सामाजिक परिचालक (सहायक चौथो) कर्मचारीलाई हाल नेपाल सरकारले तोकेको सहायकस्तर चौथो तह सरहको तलव स्केल अनुसार तलव उपलव्ध गराउने सर्वसम्मत निर्णय गरियो।

२०. आर्थिक वर्ष ०८२/०८३ का लागि कार्यालयलाई आवश्यक पर्ने सामानहरु खरिद गर्न एकद्वार नीति लिने र खरिद इकाई मार्फत त्यसलाई व्यवस्थित गर्न देहाय बमोजिमको खरिद इकाई गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

संयोजकः आर्थिक प्रशासन शाखा प्रमुख

सदस्यः प्रशासन शाखा प्रमुख

सदस्यः जिन्सी शाखा प्रमुख

**द्रष्टब्यः आवश्यक परामर्शका लागि आमन्त्रित सदस्य रहन सक्नेछ ।**

२१. आर्थिक वर्ष ०८२/०८३ को बोलपत्र तथा शिलबन्दी दरभाउ पत्रको खरीद विधि मार्फत कार्यान्वयन हुने योजना कार्यक्रमको मूल्याङ्कन गरी स्वीकृतको लागि सिफारिस गर्न देहाय बमोजिम बोलपत्र मूल्याङ्कन समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

संयोजकःप्रमुख प्रशासकीय अधिकृत

सदस्यः आर्थिक प्रशासन शाखा प्रमुख

सदस्यः योजना शाखा प्रमुख

सदस्यः प्राविधिक शाखा प्रमुख

प्राविधिक शाखाले सचिवालयको काम गर्नेछ ।

**द्रष्टब्यः आवश्यक परामर्शका लागि आमन्त्रित सदस्य रहन सक्नेछ ।**

२२. ठेक्का वा उपभोक्ता समिति मार्फत सञ्चालन हुने पूर्वाधार तर्फका योजनामा कार्यालयले ४ प्रतिशतका दरले कन्टिन्जेन्सी रकम कट्टा गर्ने र सो कन्टिन्जेन्सी रकम योजना तथा प्राविधिक कार्यका लागि खर्च गर्ने सर्वसम्मत निर्णय गरियो ।

२३. यस कार्यालयमा कार्यरत कर्मचारीको आ.व.०८१/०८२ को वार्षिक तलवी प्रतिवेदन अनुमोदन गरी आगामी आ.व.०८२/०८३ को प्रस्तावित तलवी प्रतिवेदन पारित गर्न नगर कार्यपालिकालाई अधिकार दिने सर्वसम्मत निर्णय गरियो ।

२४. यस नगरपालिकाभित्र रहेका सडक एवं मोटर बाटोहरुको लगत कट्टा गर्न मालपोत तथा नापी कार्यालयहरुसँग समन्वय गरी कार्यान्वयन गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

२५. संघीय तथा प्रदेश सरकारबाट निर्माण तथा स्तरोन्नती हुने सडकहरुको Right of Way (सडक मापदण्ड) र नगरपालिकाले तोकेको सडक मापदण्डमा फरक पर्न गई दुविधा उत्पन्न हुन गएकोले सडक मापदण्ड एकरुपता कायम गर्नको लागि निर्माण कार्यअघि नै नगरपालिकासँग आवश्यक समन्वय हुने व्यवस्थाको लागि सम्बन्धित निकायमा पहल गर्ने सर्वसम्मत निर्णय गरियो।

२६. स्थानीयतह संस्थागत क्षमता स्वमूल्याङ्कन अन्तर्गत आर्थिक वर्ष ०८०/०८१ को मूल्याङ्कनमा विदुर नगरपालिकाले ७६.७५ अंक प्राप्त गरेकोले सो अंकलाई अनुमोदन गरी आगामी वर्ष सबै सूचकहरुमा उत्कृष्ट अंक ल्याउने गरी सबै शाखा प्रमुखहरुलाई आ-आफ्नो जिम्मेवारी निर्वाह गर्न लगाउने सर्वसम्मत निर्णय गरियो।

२७. यस विदुर नगरपालिकाको आ.व.२०८०/०८१ को लेखापरिक्षण प्रतिवेदनमा औंल्याएका बेरुजु मध्ये असुल उपर गर्नुपर्ने भए असुल उपर गर्ने र प्रमाण पुऱ्याई सम्परिक्षण गर्नु पर्ने भएमा समयमै सम्परिक्षण गर्ने प्रत्येक आ.व.को लेखा परिक्षणमा औंल्याएका विषयहरु अभिलेख बनाई चुस्त, दुरुस्त राख्न कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

२८. सार्वजनिक निजी साझेदारीको अवधारणा बमोजिम विविध कार्यक्रमलाई अगाडि बढाउन संघीय, प्रदेश र नेपाल सरकारले स्थापना गरेको विभिन्न कार्यालय, सामाजिक संघसंस्था साझेदारीमा गरिने विभिन्न कार्यक्रम सञ्चालन गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने सर्वसम्मत निर्णय गरियो।

२९. स्वीकृत वार्षिक नगर विकास कार्यक्रम तथा बजेटलाई प्राथमिकताका आधारमा नियमानुसार सामान्य संशोधन, थप घट, हेरफेर, रकमान्तर लगायत परिमार्जन गर्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

३०. नगरपालिकाको वार्षिक कार्यक्रमलाई सहयोग पुग्ने गरी दातृ निकाय वा साझेदार संघ संस्थाले पेश गर्ने कार्यक्रम स्वीकृत गरी एकपक्षिय, बहुपक्षिय सम्झौता एवं समझदारी गर्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने सर्वसम्मत निर्णय गरियो।

३१. राजश्व परामर्श समितिको सिफारिसमा सम्पत्ति कर, दस्तुर महशुल शुल्कमा संशोधन तथा हेरफेर गर्ने वा नगरपालिका क्षेत्रभित्र करको दर कायम गर्ने विषय नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

३२. रु.३ लाखसम्म अनुदान भएका योजनाहरुको अनुगमनमा कुनै कैफियत देखिएमा स्वयं जिम्मेवार हुने गरी सम्बन्धित वडा स्तरीय अनुगमन समितिलाई अनुगमन गर्न दिने र सो भन्दा माथिका योजनाहरुको उप-प्रमुखज्यूको संयोजकत्वमा नगर स्तरीय अनुगमन समितिबाट अनुगमन गर्ने सर्वसम्मत निर्णय गरियो।

३३. नगरपालिकाबाट भुक्तानी हुने विभिन्न कारोबारको रकम भुक्तानी दिँदा उक्त व्यक्ति वा फर्मले विदुर नगरपालिकामा व्यवसाय दर्ता गरेको हुनुको साथै प्रत्येक वर्ष नवीकरण गरेको हुनु पर्नेछ। त्यसरी दर्ता तथा नवीकरण नभएका व्यक्ति/संस्था र फर्मलाई रकम भुक्तानीमा रोक लगाइने सर्वसम्मत निर्णय गरियो ।

३४. यस नगरपालिकाबाट गरिने भौतिक पूर्वाधार र विकास निर्माणका योजनाहरुको काम सम्पन्न भएको एक हप्ताभित्रमा सम्बन्धित वडा प्रतिनिधिहरुको रोहवरमा योजना स्थलबाट नै योजना निर्माण गर्नेले अनिवार्य सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था मिलाउने सर्वसम्मत निर्णय गरियो।

३५. मिति २०७९ माघ २१ गते बसेको नगर कार्यपालिका बैठकले निर्णय नं.३ मा गरेको प्रति बैठक भत्ता रु.१०००(एक हजार) दिने निर्णयलाई अनुमोदन गरी उक्त निर्णय आ.व.०८२/०८३ मा पनि लागू गर्ने सर्वसम्मत निर्णय गरियो।

३६. विदुर नगरपालिका अन्तर्गतको नगरस्तरीय योजना मध्ये साझेदारी रकम समेत गर्दा १० लाख सम्मको योजना उपभोक्ता समिति र त्यस भन्दा माथिका योजनाहरु ठेक्का प्रक्रियाबाट गर्ने सर्वसम्मत निर्णय गरियो।

३७. नगरबासी असहाय, निमुखा, गरिव र विपन्न नागरिकहरुलाई औषधि सेवनका लागि वडा अध्यक्षले विपन्न नागरिक हो भनी सिफारिस गरेको आधारमा नगर प्रमुखज्यूको तोक आदेशमा नगरपालिकाबाट बढीमा रु.१०,०००(दश हजार) औषधि सेवन खर्चको रुपमा रकम उपलव्ध गरउने सर्वसम्मत निर्णय गरियो।

३८. विदुर नगरपालिका वडा नं.१,७,८ र ९ वडामा म्यागङ गा.पा.वडा नं.२ को गदिया खोलाको मुहान गरी खानेपानी योजना निर्माणाधिन रहेको र उक्त खानेपानी मुहानमा रहेका वासिन्दाले पनि खानेपानीको समस्या भई यस नगरपालिकामा माग प्रस्तुत गरेको हुँदा उक्त मागलाई सम्बोधन गरी नगरपालिकाको खानेपानी समस्या समाधान गर्न नगर कार्यपालिकालाई अधिकार दिने सर्वसम्मत निर्णय गरियो ।

३९. अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विभिन्न विषयमा विभिन्न मितिमा दिएको सुझावहरुको विषयमा छलफल गरी कार्यान्वयन प्रक्रियामा लैजान नगर कार्यपालिकालाई अधिकार दिने सर्वसम्मत निर्णय गरियो ।

४०. यस नगरपालिकाको आ.व.०८०/०८१ को स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRAB) मा विदुर नगरपालिकाले ७६.५ अंक प्राप्त गरेकोले सो नतिजालाई अनुमोदन गरी आगामी वर्ष सबै सूचकहरुमा उत्कृष्ट अंक ल्याउने गरी सबै शाखा प्रमुखहरुले आ-आफ्नो जिम्मेवारी निर्वाह गर्ने सर्वसम्मत निर्णय गरियो।

४१. आर्थिक वर्ष ०८०/०८१ मा न्यायिक समिति मार्फत गरिएको कार्य प्रगती सम्बन्धी प्रतिवेदन नगर सभामा पेश गरेको हुँदा उक्त प्रतिवेदन छलफल गरी पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

४२. यस नगरपालिकामा सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा, कृषि तथा पशु शाखामा कार्यरत कर्मचारीको तलवको ५० प्रतिशत रकम सङ्घीय सरकारबाट विनियोजन भई आएको हुँदा उक्त कार्यक्रमलाई निरन्तरता दिने र कार्यरत कर्मचारीको नपुग तलव रकम यस नगरपालिकाले बेहोर्ने र सामी परियोजनालाई सङ्घीय सरकार र प्रदेश सरकारवाट पनि कार्यक्रमलाई निरन्तरता दिन रकम विनियोजन भएको हुँदा उक्त कार्यक्रम कार्यान्वयन गर्ने क्रममा गत आ.व.मा नियुक्ति भएका कर्मचारीलाई निरन्तरता दिई नपुग रकम यस नगरपालिकाबाट बेहोर्ने सर्वसम्मत निर्णय गरियो।

४३. यस कार्यालयमा रहेका टिफर, स्काभेटर र जे.सि.भी.सहितका साधनले सडक सरसफाई मर्मत र नयाँ निर्माण कार्य गर्नुको साथै नगरबासीको मागलाई समेत मध्येनजर गरी आँफूसित भएका उल्लिखित साधन बाहेक अन्य व्यक्ति, संघ संस्थाबाट टिफर, स्काभेटर र जे.सि.भी. ल्याई सडक निर्माण तथा मर्मत कार्य समेत गर्ने गरेको र उक्त कार्यको लागि उपलव्ध हेभी इक्वीपमेण्टहरु (टिफर, स्काभेटर र जे.सि.भी.) मा इन्धन प्रयोग गरी प्राविधिक मूल्यांकनको आधारमा गत विगत वर्षहरुमा झै पेट्रोल पम्पहरुलाई रकम भुक्तानी दिएको हुँदा आर्थिक वर्ष ०८१/०८२ को हेभी इक्वीपमेण्टको इन्धन खर्च अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

४४. मालपोत कार्यालय नुवाकोटबाट प्राप्त भएको सार्वजनिक जग्गाको अभिलेख र यस नगरपालिकाको नाममा रहेको जग्गाको अभिलेख नगरसभामा पेश भई छलफल गरी अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

४५. साविक तुप्चे गाउँ विकास समितिको कार्यालयमा कार्यालय सहायक पदमा नियुक्त भई कार्यरत श्री राजेन्द्र प्रसाद रिजाल राज्य पुनःसंरचना हुँदा उक्त गा.वि.स.बाट यस नगरपालिकामा गाभिई विदुर नगरपालिका वडा नं.७ कायम भएको र निज स्वतःयस नगरपालिकामा समायोजन भई वरिष्ठ सहायक पाँचौं पदबाट मिति २०८१/०४/०७ मा अवकाश हुनु भएकोले निजको उपदान,औषधि उपचार, विदाको रकम भुक्तानी दिन बाँकी रहेको हुँदा यस आर्थिक वर्ष ०८२/०८३ मा रकम व्यवस्था गरी उल्लिखित सुविधा बापतको रकम निज नियुक्त हुँदाको नियमानुसार भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

४६. यस नगरपालिकामा गत विगत वर्षदेखि कायम रहेको विभिन्न प्रकारको बेरुजुहरु संपरिक्षण गर्ने क्रममा आर्थिक वर्ष ०७४/०७५ देखि कायम रहेको बेरुजुको लगत तयार भई समिति गठन गरी संलग्न बेरुजु माथि दफाबार छलफल भई प्रमाण पुगेको बेरुजु संपरिक्षण गराई लगत कट्टा गर्न अन्तिम लेखापरिक्षण टोली समक्ष पेश गरी बेरुजु लगत कट्टा गर्न अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।

४७. रिक्त दरबन्दीमा पद पूर्ति सम्बन्धमाः

यस कार्यालयमा रिक्त रहेको प्राविधिक पदहरुमा पदपूर्ति गर्न तपसिल बमोजिम एक परीक्षा समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिलः**

अधिकृतस्तरको पदका लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा तपसिल बमोजिमको समिति हुनेछ ।

संयोजकः प्रमुख प्रशासकीय अधिकृत

सदस्यः योजना शाखा प्रमुख

सदस्यः सम्बन्धित शाखा प्रमुख

सदस्यः नगर प्रमुखबाट मनोनित सम्बन्धित विषयको विज्ञ

सदस्य सचिवः प्रशासन शाखा प्रमुख

४८. रिक्त दरबन्दीमा चालु आर्थिक वर्षमा करार सेवाबाट पद पूर्ति गर्दा परीक्षा समितिको संयोजक, सदस्य र सो कार्यमा खटिने अन्य कर्मचारीहरुलाई संघीय लोक सेवा आयोग खर्च (व्यवस्थापन) कार्यविधिको मापदण्ड अनुसार सेवा सुविधा उपलव्ध गराउने सर्वसम्मत निर्णय गरियो।

४९. यस नगरपालिका पनि पूर्ण खोप घोषणा भइसकेको हुँदा आगामी वर्षमा पनि उक्त कार्यक्रमलाई निरन्तरता दिने सर्वसम्मत निर्णय गरियो ।

५०. प्रमुख प्रशासकीय अधिकृतको पद जोखिमयुक्त बन्दै गएकोले यस नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई मासिक रु.१०,००० (दश हजार) जोखिम भत्ता उपलव्ध गराउने सर्वसम्मत निर्णय गरियो।

५१. मनोविमर्शकर्ता यशोदा रिजाललाई सहायक चौथो तह सरहको तलव उपलव्ध गराउने सर्वसम्मत निर्णय गरियो।

५२. गत वर्ष निर्माण भएको तुप्चे संग्राहलयको भुक्तानी दिन बाँकी रहेको रकम चालु आ व मा सो कामका लागि विनियोजित बजेटबाट भुक्तानी दिने निर्णय गर्ने अधिकार कार्यपालिकालाई प्रत्यायोजन गर्ने सर्वसम्मत निर्णय गरियो।

५३. यस विदुर नगरपालिकाको १७औँ नगरसभाको अधिवेशन सम्पन्न गर्न सहयोग गर्नु हुने सदस्यज्यूहरु, सम्पूर्ण बुद्धिजिवी, समाजसेवी, राजनीतिक दलका प्रतिनिधिज्यूहरु, नागरिक समाज, उद्यमी, व्यवसायी, नगरवासी, सञ्चारकर्मी र नगर सभाका लागि खटिने सम्पूर्ण कर्मचारीहरुमा धन्यबाद ज्ञापन गर्ने सर्वसम्मत निर्णय गरियो।

# ८.आय व्यय विवरण

बिदुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, नुवाकोट
कार्यालयको कोड : ८०३२९४०२३००

आ.व.: २०८२/ ८३

| शीर्षक | आ.व. २०८०/८१ को यथार्थ | आ.व. २०८१/८२ को संशोधित अनुमान | आ.व. २०८२/८३ को अनुमान |
|---|---|---|---|
| आय | ९१,५७,४८,८३२.४९ | १,०८,८३,५६,००० | १,१५,०७,४३,४४७ |
| राजस्व | २२,१५,१८,५८२.४९ | ३८,५३,००,००० | ४४,८५,४४,४४७ |
| आन्तरिक श्रोत | २२,२९,९००.११ | ७,३५,००,००० | १०,८५,००,००० |
| ११३१३ सम्पती कर | २,६६,२९६.७० | १,००,००,००० | १,५०,००,००० |
| ११३१४ भुमिकर/मालपोत | ४,८१,५००.०० | १,५०,००,००० | १,५०,००,००० |
| ११३१७ वहाल कर | ९,५५,९०४.१४ | १,५०,००,००० | २,५०,००,००० |
| ११३१८ वहाल विटौरी कर | | २५,००,००० | २५,००,००० |
| ११४७९ अन्य मनोरञ्जन कर | | २,००,००० | १,००,००० |
| ११६३१ कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | | १०,००,००० | ० |
| ११६९१ अन्य कर | | २,००,००० | १०,००,००० |
| १४२२१ न्यायिक दस्तूर | | २,००,००० | १०,००,००० |
| १४२२३ शिक्षा क्षेत्रको आम्दानी | २००.०० | ५,००,००० | २,००,००० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | १,५४,८४०.०० | ० | २०,००,००० |
| १४२४२ नक्सापास दस्तुर | ७९,६४५.०० | ४०,००,००० | १,००,००,००० |
| १४२४३ सिफारिश दस्तुर | १,५५,१२४.२७ | १,४२,००,००० | ७३,००,००० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | १८,४००.०० | २,००,००० | १०,००,००० |
| १४२४५ नाता प्रमाणित दस्तुर | ११,५००.०० | २,००,००० | ५,००,००० |
| १४२४९ अन्य दस्तुर | | २,००,००० | ५,००,००० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | १,०६,४९०.०० | १,००,००,००० | ० |
| १४२६५ अन्य क्षेत्रको आय | | ० | ७४,००,००० |
| १४६११ व्यवसाय कर | | ० | २,००,००,००० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | २४,४२,४२,०६४.१८ | ३१,१८,००,००० | ३४,००,४४,४४७ |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | २,७५,८२,७२३.१० | ४,३७,००,००० | ० |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | | ० | ५,६९,००,००० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ७,७०,०९,४५६.०४ | ९,५१,६०,१७३ | ८,७३,१२,६९५ |

| | | | |
|---|---|---|---|
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | २,६७,५०,४०१.९६ | ३,४७,३९,८२७ | २,९१,०४,२३२ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ३,६६,८६,२२४.८३ | ४,५०,००,००० | ४,९४,२७,५२० |
| ११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | २३,०९८.५० | | |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | ३,७६१.५४ | | |
| १४१५६ बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | ३,८१,५२,२१०.८१ | ३,६४,००,००० | ५,६३,००,००० |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | १,३०,८०,८०५.६० | ५,६८,००,००० | ६,१०,००,००० |
| ३३३४३ विज्ञापन कर | २,१२,१४५.५० | | |
| ३३३६६ दहत्तर बहत्तर शुल्क | २,४७,४१,२३६.३० | | |
| अन्य आय | | १,००,००० | ० |
| १५१११ बेरूजू | | १,००,००० | ० |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | ६९,४२,३०,२५०.०० | ७०,३०,५६,००० | ७०,२१,९९,००० |
| संघीय सरकार | ६१,५२,८६,२५०.०० | ६२,६४,१२,००० | ६१,६९,००,००० |
| १३३११ समानिकरण अनुदान | १३,७०,८२,०००.०० | १४,९१,००,००० | १४,७६,००,००० |
| १३३१२ शसर्त अनुदान चालु | ४२,५२,८१,०००.०० | ४२,५८,९२,००० | ४३,१९,००,००० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ७९,२३,२५०.०० | २,१४,२०,००० | २,४६,००,००० |
| १३३१५ विषेश अनुदान पुँजीगत | ३,००,००,०००.०० | ३,००,००,००० | ६८,००,००० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | १,५०,००,०००.०० | ० | ६०,००,००० |
| प्रदेश सरकार | ७,८९,४४,०००.०० | ७,६६,४४,००० | ८,५२,९९,००० |
| १३३११ समानिकरण अनुदान | १,५५,७८,०००.०० | १,५३,६७,००० | १,५२,१५,००० |
| १३३१२ शसर्त अनुदान चालु | २,३३,६६,०००.०० | २,४२,७७,००० | ३,२५,८४,००० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | | ० | १,०५,००,००० |
| १३३१४ विषेश अनुदान चालु | १,००,००,०००.०० | | |
| १३३१५ विषेश अनुदान पुँजीगत | | ७०,००,००० | ६०,००,००० |
| १३३१६ समपुरक अनुदान चालु | ३,००,००,०००.०० | ३,००,००,००० | २,१०,००,००० |
| बैदेशिक | | | |
| जनसहभागिता | | | |
| वित्तीय व्यवस्था (प्राप्ति) | | | |
| | | | |
| व्यय | ८२,५१,६९,३४१.८२ | १,११,५३,५६,००० | १,१६,५७,४३,४४७ |
| चालु | ४९,००,९१,०५२.८२ | ६९,७२,९०,१३२ | ७२,०१,८७,००० |
| २१११११ पारिश्रमिक कर्मचारी | ३१,९३,७९,१७९.२५ | ३७,१८,६८,७६० | ७,५३,१४,००० |

| | | | |
|---|---|---|---|
| २११२१ पोशाक | ७५,८०४.०० | २०,९०,००० | २५,००,००० |
| २११२२ खाद्यान्न | ०.०० | ० | १,७८,६७,००० |
| २११३२ महंगी भत्ता | ०.०० | १२,००,००० | ३२,००,००० |
| २११३३ फिल्ड भत्ता | ०.०० | ० | ४,००,००० |
| २११३४ कर्मचारीको बैठक भत्ता | ११,४१,८००.०० | १४,३०,००० | १०,००,००० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ०.०० | ० | २,००,००० |
| २११३९ अन्य भत्ता | २१,३५,७६३.०० | २१,००,००० | १,३०,१०,००० |
| २११४१ पदाधिकारी बैठक भत्ता | ११,०५,०००.०० | २९,३०,००० | ० |
| २११४२ पदाधिकारीअन्य सुबिधा | १,२३,०१,५००.०० | १,२०,००,००० | १,१६,००,००० |
| २११४९ पदाधिकारी अन्य भत्ता | ०.०० | ५,००,००० | २५,००,००० |
| २१२१२ कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | ०.०० | ० | १०,००,००० |
| २१२१३ कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च | ०.०० | ३,१०,००० | ६,००,००० |
| २१२१९ अन्य सामाजिक सुरक्षा खर्च | ०.०० | २६,००,००० | ० |
| २१२२२ पदाधिकारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | ०.०० | ५३,००,००० | ० |
| २२१११ पानी तथा बिजुली | १६,८३,८८१.०० | २०,००,००० | ३०,००,००० |
| २२११२ संचार महसुल | ७,७२,१२८.०० | १६,२४,००० | ६,००,००० |
| २२११३ सार्वजनिक उपयोगिताको सेवा खर्च | ०.०० | ४,५०,००० | ० |
| २२२११ इन्धन (पदाधिकारी) | १७,३३,९९७.०० | २०,००,००० | १५,००,००० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | १८,१८,४५४.०० | २१,००,००० | २५,००,००० |
| २२२१३ सवारी साधन मर्मत खर्च | २६,५६,५५५.५७ | ३०,००,००० | २५,००,००० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | १५,७०,०१६.०० | २०,००,००० | ३१,५०,००० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २३,५००.०० | २,००,००० | २,००,००० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | १,५१,४०,८७२.०० | २,२६,७९,६३२ | ५०,००,००० |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | १,३०,५००.०० | ५३,००,००० | २,००,००० |

| | | | |
|---|---|---|---|
| २२३१४ इन्धन - अन्य प्रयोजन | ०.०० | ० | १,००,००० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १६,८३,३८०.०० | १०,००,००० | १८,००,००० |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | ०.०० | ० | ५,००,००० |
| २२४११ सेवा र परामर्श खर्च | २,३८,१३०.०० | ४,००,००० | १४,००,००० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ५,४४,९००.०० | ३१,३०,००० | १,००,००० |
| २२४१४ सरसफाईसेवा शुल्क | २,१४,३२०.०० | २०,३०,००० | ३०,००० |
| २२५११ कर्मचारी तालिम खर्च | ५,५८,४६७.०० | ० | १,५०,००० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | १७,९३,०५०.०० | ३७,६८,२१४ | १८,६०,००० |
| २२५२१ उत्पादन सामग्री / सेवा खर्च | २९,३२५.०० | ५०,००० | ० |
| २२५२२ कार्यक्रम खर्च | १०,२६,५९,६५५.०० | २१,०५,३४,७५० | ८,४५,५६,००० |
| २२५२९ विविध कार्यक्रम खर्च | ३७,१०,६३१.०० | ८२,०३,५०० | २,७३,९२,००० |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | ३,७३,६००.०० | ११,००,००० | ४,००,००० |
| २२६१२ भ्रमण खर्च | २०,२३,६९०.०० | २५,८९,००० | १५,००,००० |
| २२६१९ अन्य भ्रमण खर्च | ०.०० | ० | ५,८०,००० |
| २२७११ विविध खर्च | ४६,०३,७४९.०० | ७४,५२,२७६ | ५१,५०,००० |
| २२७२१ सभा सञ्चालन खर्च | ९,९९,९९३.०० | १०,००,००० | ८,००,००० |
| २५३१४ धार्मिक तथा सांस्कृतिक संस्था सहायता | ०.०० | ४४,००,००० | ० |
| २५३१५ अन्य सस्था सहायता | १७,८०,९९७.०० | ३५,००,००० | २०,००,००० |
| २६३३२ सशर्त अनुदान (चालु) | ०.०० | ० | ४३,१७,१०,००० |
| २७११२ अन्य सामाजिक सुरक्षा | ०.०० | ० | १,५०,००० |
| २७२१३ औषधीखरिद खर्च | ०.०० | १०,००,००० | ० |
| २७२१९ अन्य सामाजिक सहायता | ०.०० | १,५०,००० | ० |
| २७३१२ उपदान | ४३,५५,२२७.०० | ० | १,००,००,००० |
| २८१४२ घरभाडा | १९,८२,६०४.०० | १५,००,००० | २,६८,००० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | ७,९३,३८५.०० | ११,००,००० | ३,००,००० |
| २८१४९ अन्य भाडा | ०.०० | ० | १०,००,००० |
| २८२११ राजस्व फिर्ता | ७७,०००.०० | ५,००,००० | ० |
| २८९११ भैपरी आउने चालु खर्च | ०.०० | २,००,००० | ६,००,००० |
| पूंजीगत | ३३,५०,७८,२८९.०० | ४१,८०,६५,८६८ | ४४,५५,५६,४४७ |
| ३११११ आवासीय भवन निर्माण/खरिद | ०.०० | ६२,९०,००० | ४२,००,००० |

| | | | |
|---|---|---|---|
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | २,५५,१६,४८८.०० | १,५५,००,००० | ० |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | २२,६०२.०० | ० | २६,८२,००० |
| ३११२१ सवारी साधन | ०.०० | १०,००,००० | ० |
| ३११२२ मेशिनरी तथा औजार | २,९५,६८४.०० | ५०,५५,००० | ७,५०,००० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | ८९,०००.०० | २६,००,००० | १७,५०,००० |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | ०.०० | १,००,००० | ० |
| ३११३५ पूँजीगत परामर्श खर्च | ०.०० | ० | ६०,००,००० |
| ३११४१ सुरक्षा प्रणाली तथा उपकरण प्राप्ति खर्च | ०.०० | ० | ५,००,००० |
| ३११५१ सडक तथा पूल निर्माण | ६,६९,१९,५०६.०० | १०,२९,५५,५०० | १८,९१,२०,००० |
| ३११५३ विद्युत संरचना निर्माण | ७,९५,७५०.०० | ३५,००,००० | ५,००,००० |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | ०.०० | ८,००,००० | १०,००,००० |
| ३११५५ सिंचाई संरचना निर्माण | ८१,३०,७१३.०० | १,८०,५०,००० | १,७३,५०,००० |
| ३११५६ खानेपानी संरचना निर्माण | २,०५,२७,६३१.०० | ७,०६,३०,००० | ३,६०,६९,४४७ |
| ३११५७ वन तथा वातावरण संरक्षण | ०.०० | ० | २,३०,००० |
| ३११५८ सरसफाई संरचना निर्माण | ०.०० | ४,००,००० | १२,००,००० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | २०,८१,००,१२८.०० | १८,९८,८५,३६८ | १६,६२,३०,००० |
| ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ४६,८०,७८७.०० | १३,००,००० | १,५४,७५,००० |
| ३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | ०.०० | ० | ४,००,००० |
| ३१५११ भैपरी आउने पूँजीगत | ०.०० | ० | २१,००,००० |
| बजेट बचत (+)/न्यून | ९,०५,७९,४९०.६७ | (२,७०,००,००० | (१,५०,००,००० |
| गत वर्षको नगद मौज्दात | | २,७०,००,००० | १,५०,००,००० |

# ९. आ.व. २०८२/८३ को लागि नगरसभावाट पारित भएको योजना तथा कार्यक्रमहरु

विदुर नगरपालिका

नगर कर्यापालिकाको कार्यालय, नुवाकोट

कार्यालय कोडः ८०३२९४०२३००

कार्यक्रम अनुसार बजेट बिनियोजन

रू.हजारमा

| क्र.स | कार्यक्रम/आयोजना/क्रियाकलाप | उप क्षेत्र | खर्च शीर्षक | स्रोत | लक्ष्य | इकाई | विनियोजन | | | | | दि.व.ल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | जम्मा | |
| ८०३२९४०२१०१ विदुर नगरपालिका | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| १ | चण्डी आधारभुत विद्यालय भवन मर्मत कार्य विदुर ३ | भवन, आवास तथा सहरी विकास | २११११ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | २ | गोटा | ० | ० | १,५० | १,५० | ३,०० | ४ |
| २ | पारिश्रमिक कर्मचारी (करार सेवा ज्यालादारी समेतको) | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११११ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | ४२१ | पटक | ० | ० | ० | ५६,२९ | ५६,२९ | ८ |
| ३ | पारिश्रमिक कर्मचारी (करार सेवा ज्यालादारी समेतको) | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११११ | राजस्व बाँडफाँड — स्थानीय - नगद | ४२१ | पटक | ७५,०० | ० | ० | ५,०१ | ८०,०१ | ८ |
| ४ | पारिश्रमिक कर्मचारी (करार सेवा ज्यालादारी समेतको) | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११११ | आन्तरिक श्रोत - नगद | ४२१ | पटक | ० | ० | ० | १,१४,३५ | १,१४,३५ | ८ |
| ५ | पारिश्रमिक कर्मचारी (करार सेवा ज्यालादारी समेतको) | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११११ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ४२१ | पटक | ० | ० | ० | १,७०,३३ | १,७०,३३ | ८ |
| ६ | पारिश्रमिक कर्मचारी (स्थायी सेवा) | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११११ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | ३२१ | पटक | ० | ० | ० | ५०,०० | ५०,०० | ८ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | पोशाक | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११२१ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | १ | पटक | ० | ० | २,०० | १८,०० | २०,०० | ८ |
| ९ | पोशाक | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११२१ | आन्तरिक श्रोत - नगद | १ | पटक | ० | ० | ५,०० | ० | ५,०० | ८ |
| १० | महंगी भत्ता | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११३२ | आन्तरिक श्रोत - नगद | ४ | पटक | ० | ० | ० | २,०० | २,०० | ८ |
| ११ | महंगी भत्ता | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११३२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ४ | पटक | ० | ० | ० | ३०,०० | ३०,०० | ८ |
| १२ | कर्मचारीको बैठक भत्ता | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११३४ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | ४ | पटक | ० | ० | ० | ५,०० | ५,०० | ८ |
| १३ | कर्मचारीको बैठक भत्ता | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११३४ | आन्तरिक श्रोत - नगद | ४ | पटक | ५,०० | ० | ० | ० | ५,०० | ८ |
| १४ | अतिरिक्त समयमा कामको प्रोत्साहन भत्ता (सवारी चालक) | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११३९ | आन्तरिक श्रोत - नगद | ४ | पटक | १,०० | १,०० | ० | ० | २,०० | ८ |
| १५ | अतिरिक्त समयमा कामको प्रोत्साहन भत्ता (सवारी चालक) | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११३९ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ४ | पटक | ५,०० | ५,०० | १,०० | ० | ११,०० | ८ |
| १६ | अन्य भत्ता | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११३९ | आन्तरिक श्रोत - नगद | ३ | पटक | ० | ० | ० | ३,०० | ३,०० | ८ |
| १७ | पदाधिकारी अन्य सुविधा | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११४२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ४ | पटक | २५,०० | २५,०० | २५,०० | २५,०० | १,००,०० | ८ |
| १८ | पदाधिकारी अन्य सुविधा | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११४२ | राजस्व बाँडफाँड — स्थानीय - नगद | ४ | पटक | ४,०० | ४,०० | ४,०० | ४,०० | १६,०० | ८ |
| १९ | पदाधिकारी अन्य भत्ता | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११४९ | आन्तरिक श्रोत - नगद | ४ | पटक | ३,०० | २,०० | ३,०० | २,०० | १०,०० | ८ |
| २० | पदाधिकारी अन्य भत्ता | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११४९ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | ४ | पटक | २५ | २५ | २५ | ४,२५ | ५,०० | ८ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २१ | पदाधिकारी अन्य भत्ता | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११४९ | राजस्व बाँडफाँड — स्थानीय - नगद | ४ | पटक | २५ | २५ | २५ | ४,२५ | ५,०० | ८ |
| २२ | पदाधिकारी भ्रमण भत्ता | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११४९ | राजस्व बाँडफाँड — स्थानीय - नगद | ४ | पटक | ५० | ५० | ३० | २,७० | ४,०० | ८ |
| २३ | पदाधिकारी भ्रमण भत्ता | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११४९ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ४ | पटक | २५ | २५ | २५ | २५ | १,०० | ८ |
| २४ | कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २१२१२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ४ | पटक | २,०० | ४,०० | २,०० | २,०० | १०,०० | १६ |
| २५ | कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २१२१३ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | ४ | पटक | ५० | ५० | ५० | २,५० | ४,०० | १६ |
| २६ | कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २१२१३ | राजस्व बाँडफाँड — स्थानीय - नगद | ४ | पटक | ५० | ५० | ५० | ५० | २,०० | १६ |
| २७ | पानी तथा बिजुली | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२१११ | आन्तरिक श्रोत - नगद | ४ | पटक | ५,०० | ५,०० | १,०० | १,०० | १२,०० | ८ |
| २८ | पानी तथा बिजुली | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२१११ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ४ | पटक | ५,०० | ५,०० | ५,०० | ३,०० | १८,०० | ८ |
| २९ | संचार महसुल | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२११२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ४ | पटक | १,०० | २५ | २५ | १,५० | ३,०० | १६ |
| ३० | संचार महसुल | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२११२ | राजस्व बाँडफाँड — स्थानीय - नगद | ४ | पटक | १,०० | २५ | १,०० | ७५ | ३,०० | १६ |
| ३१ | इन्धन (पदाधिकारी) | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२२११ | राजस्व बाँडफाँड — स्थानीय - नगद | ४ | पटक | २,०० | २,०० | २,०० | १,५० | ७,५० | ८ |
| ३२ | इन्धन (पदाधिकारी) | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२२११ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | ४ | पटक | ३,०० | २,०० | १,०० | १,५० | ७,५० | ८ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३३ | इन्धन (कार्यालय प्रयोजन) | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२२१२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ४ | पटक | ५,०० | ५,०० | ५,०० | ० | १५,०० | ८ |
| ३४ | इन्धन (कार्यालय प्रयोजन) | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२२१२ | आन्तरिक श्रोत - नगद | ४ | पटक | १,०० | ० | ० | ९,०० | १०,०० | ८ |
| ३५ | सवारी साधन मर्मत खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२२१३ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ४ | पटक | ५,०० | ५,०० | ३,०० | २,०० | १५,०० | ८ |
| ३६ | सवारी साधन मर्मत खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२२१३ | राजस्व बाँडफाँड — स्थानीय - नगद | ४ | पटक | ४,०० | ४,०० | १,०० | १,०० | १०,०० | ८ |
| ३७ | बिमा तथा नवीकरण खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२२१४ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | ४ | पटक | ३,०० | ३,०० | १,०० | १,०० | ८,०० | ३ |
| ३८ | बिमा तथा नवीकरण खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२२१४ | आन्तरिक श्रोत - नगद | ४ | पटक | २,०० | ० | ० | ० | २,०० | ३ |
| ३९ | स्वास्थ्य विमा कार्यक्रम नीति | स्वास्थ्य | २२२१४ | राजस्व बाँडफाँड — स्थानीय - नगद | ४३ | गोटा | ० | ० | ० | ७,५० | ७,५० | ३ |
| ४० | स्वास्थ्य विमा कार्यक्रम नीति | स्वास्थ्य | २२२१४ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ४३ | गोटा | ० | ० | ० | ७,०० | ७,०० | ३ |
| ४१ | स्वास्थ्य विमा कार्यक्रम नीति | स्वास्थ्य | २२२१४ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | ४३ | गोटा | ० | ० | ० | ७,०० | ७,०० | ३ |
| ४२ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२२२१ | राजस्व बाँडफाँड — स्थानीय - नगद | ४ | पटक | २५ | २५ | २५ | २५ | १,०० | ८ |
| ४३ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२२२१ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | ४ | पटक | २५ | २५ | २५ | २५ | १,०० | ८ |
| ४४ | मसलन्द तथा कार्यालय सामाग्री | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२३११ | राजस्व बाँडफाँड — स्थानीय - नगद | ४ | पटक | १,०० | १,०० | १,०० | २,०० | ५,०० | ८ |
| ४५ | मसलन्द तथा कार्यालय सामाग्री | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२३११ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ४ | पटक | २०,०० | ५,०० | ५,०० | १०,०० | ४०,०० | ८ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४६ | मसलन्द तथा कार्यालय सामाग्री | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२३११ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | ४ | पटक | १,०० | १,०० | १,०० | २,०० | ५,०० | ८ |
| ४७ | पुस्तक तथा सामग्री खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२३१३ | आन्तरिक श्रोत - नगद | ४ | पटक | २५ | २५ | २५ | २५ | १,०० | ८ |
| ४८ | पुस्तक तथा सामग्री खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२३१३ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ४ | पटक | २५ | २५ | २५ | २५ | १,०० | ४ |
| ४९ | इन्धन - अन्य प्रयोजन | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२३१४ | आन्तरिक श्रोत - नगद | १ | पटक | २५ | २५ | २५ | २५ | १,०० | ४ |
| ५० | नगरपालिका प्रोफाइल, आवधिक योजना र वार्षिक विकास तथा कार्यक्रम छपाई तथा सूचना प्रकाशन खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२३१५ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ३ | पटक | २,०० | १,०० | ० | ० | ३,०० | १६ |
| ५१ | नगरपालिकाको वृत्तचित्र निर्माण कार्यक्रम (डकुमेन्ट्री) | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२३१५ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | १ | गोटा | ० | ० | ० | ५,०० | ५,०० | १६ |
| ५२ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२३१५ | आन्तरिक श्रोत - नगद | ४ | पटक | ५० | ५० | ५० | ५० | २,०० | १६ |
| ५३ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२३१५ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ४ | पटक | ३,०० | ३,०० | १,०० | १,०० | ८,०० | १६ |
| ५४ | अन्य कार्यालय संचालन खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२३१९ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | २ | पटक | २,०० | ० | ० | ३,०० | ५,०० | ८ |
| ५५ | आवधिक योजना निर्माण | योजना तर्जुमा र कार्यन्वयन | २२४११ | आन्तरिक श्रोत - नगद | २ | पटक | ० | ० | ४,०० | ० | ४,०० | १६ |
| ५६ | आवधिक योजना निर्माण | योजना तर्जुमा र कार्यन्वयन | २२४११ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | २ | पटक | ० | ५,०० | ३,०० | ० | ८,०० | १६ |
| ५७ | सेवा र परामर्श खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२४११ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ४ | पटक | ० | ० | ० | २,०० | २,०० | १६ |
| ५८ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२४१२ | आन्तरिक श्रोत - नगद | ४ | पटक | ० | ० | ० | १,०० | १,०० | १६ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५९ | सरसफाईसेवा शुल्क | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२४१४ | आन्तरिक श्रोत - नगद | ३ | पटक | ५ | १० | ५ | १० | ३० | ६ |
| ६० | कर्मचारी क्षमता विकास तालिम | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२५१२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ४ | पटक | ० | १,२५ | १,२५ | २,५० | ५,०० | १६ |
| ६१ | खेलकुद कार्यक्रम विदुर न.पा. | युवा तथा खेलकुद | २२५२२ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | ३ | गोटा | ० | ० | ० | ५,०० | ५,०० | ३ |
| ६२ | खेलकुद कार्यक्रम विदुर न.पा. | युवा तथा खेलकुद | २२५२२ | राजस्व बाँडफाँड — स्थानीय - नगद | ३ | गोटा | ० | ० | ० | ५,०० | ५,०० | ३ |
| ६३ | खेलकुद कार्यक्रम विदुर न.पा. | युवा तथा खेलकुद | २२५२२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ३ | गोटा | ० | ० | ० | ५,०० | ५,०० | ३ |
| ६४ | गत आ.व. भुक्तानी दिनु बाँकी प्रशासनिक खर्च तथा कार्यक्रमहरु | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२५२२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | २ | पटक | १०,०० | १०,०० | ० | ० | २०,०० | - |
| ६५ | गत आ.व. भुक्तानी दिनु बाँकी प्रशासनिक खर्च तथा कार्यक्रमहरु | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२५२२ | आन्तरिक श्रोत - नगद | २ | पटक | ७९,०० | ० | ० | ० | ७९,०० | - |
| ६६ | गत आ.व. भुक्तानी दिनु बाँकी प्रशासनिक खर्च तथा कार्यक्रमहरु | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२५२२ | राजस्व बाँडफाँड — स्थानीय - नगद | २ | पटक | ३०,०० | ४०,०० | ० | ० | ७०,०० | - |
